सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ असार २०८२, शुक्रबार (11 July 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ८९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ बिमा प्राधिकरणका अध्यक्ष ओझाको नियुक्तिमा कैफियत

अख्तियारको छानबिन, सम्भावित कारबाहीअघि नै राजीनामा दिन सरकारको दबाब



नेपाल बिमा प्राधिकरणका अध्यक्ष शरद ओझाको नियुक्तिमा कैफियत भेटिएको छ

सिफारिस समिति नै प्रश्नको घेरामा, विज्ञसँग अख्तियारले लियो बयान

(विस्तृत पृष्ठ ३)

प्रदेशहरूको बजेट खर्च ७३ प्रतिशत

सबैभन्दा बढी कोशीले ७७ प्रतिशत र सबैभन्दा कम कर्णालीले ६४ प्रतिशत खर्च गरेको छ। त्यस्तै, बागमतीको ७४, लुम्बिनीको ७२, सुदूरपश्चिमको ७०.६५, मधेशको ७१.४८ र गण्डकीको ६९.५४ प्रतिशत बजेट खर्च।

■ अर्थ समिति छलफल

नयाँ स्टकको लाइसेन्स रोकेर नेप्सेलाई निजीकरण गर्न निर्देशन दिने तयारी



(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ न्यायपालिकामा 'राजनीतिक छाया'

न्यायपरिषद्को कमजोरीले न्याय क्षेत्रमा 'विचलन'

गम्भीर विचलनका उजुरीमा पनि एकपछि अर्को न्यायाधीशलाई उन्मुक्ति, दुर्लभ मात्रै हुन्छ कारबाही

● **बलराम केसी**, पूर्वन्यायाधीश, सर्वोच्च अदालत



अहिले न्यायालयप्रति जनआस्था खस्किनुको कारण अदालत मात्र नभई न्यायपरिषद् पनि हो। सबै पक्षलाई न्याय दिने ठाउँ परिषद् हो।

● **ईश्वरप्रसाद खतिवडा**, पूर्वन्यायाधीश, सर्वोच्च अदालत



न्यायाधीशलाई आतंकित गर्नुहुँदैन। तर, गलत गर्दा आँखा चिम्लिनु पनि हुँदैन। बदमासी नियन्त्रण गर्न र न्यायिक वातावरण कायम राख्नु जरुरी हुन्छ।

● **डा. विजयप्रसाद मिश्र**, अध्यक्ष, नेपाल बार



आन्तरिक नियमनतर्फ न्यायपरिषद् र न्यायपालिकाको नेतृत्व गम्भीर हुनुपर्ने परिस्थितिको अनुभव हामीले पनि गरेका छौं।

शिल्पा कर्ण/नयाँ पत्रिका

'शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम न्यायपालिकाले आफ्नो स्वतन्त्रता आफैंले जोगाउनुपर्ने हुन्छ, अदालतको १८ असारको फैसलाले न्यायपालिकाको स्वतन्त्रता स्वयं सर्वोच्च अदालतले रक्षा गर्न नसकी न्यायपालिकाउपर राजनीतिको छाया पार्न सघाएको आमधारणा रहेको आभास भएको छ।' यो १८ असारको मध्यराति सर्वोच्चको संवैधानिक इजलासले संवैधानिक नियुक्तिसम्बन्धी साढे चार वर्ष पुरानो मुद्दामा गरेको फैसलाप्रति ध्यानाकर्षण गराउँदै पूर्वन्यायाधीश फोरमले गरेको टिप्पणी हो।

हरिकृष्ण कार्की प्रतिवेदन भन्छ- कारबाहीमा काखापाखा हुन्छ

पछिल्लो समय न्यायपालिकाका एकपछि अर्को

» पृष्ठ २ मा क्रमशः



● **२१ असारसम्मको अभिलेखअनुसार न्यायपरिषद्मा यो वर्ष २०२ उजुरी फस्यौंट भएका छन्, यी सबै तामेलीमा पठाइएका छन्, अब ३४८ उजुरी न्यायपरिषद्मा विचाराधीन छन्**

● **न्यायपरिषद्को इतिहासमै एकपटक मात्र न्यायाधीशविरुद्ध भ्रष्टाचार मुद्दा दायर**

● **तत्कालीन प्रधानन्यायाधीश जबरामाथि गम्भीर आरोप लाग्दा महाभियोग न कारबाही**

न्यायपरिषद्बाट उन्मुक्ति दिइएका केही उदाहरण

२०७९ असारमा नेपाल बार एसोसिएसनका तत्कालीन कोषाध्यक्ष रुद्रप्रसाद पोखरेलले जिल्ला अदालत काठमाडौंका न्यायाधीश राजकुमार कोइरालासँग सहकारी ठगीसमेतका मुद्दाका प्रतिवादी इच्छाराज तामाङका विषयमा गरेको कुराकानी बाहिरियो। धरौटीमा छाड्न १० करोड दिन सकिने प्रस्ताव पोखरेलले राखेका थिए भने त्यसमा कोइराला पनि सकारात्मक देखिएको अडियोमा सुनिन्थ्यो। पोखरेलमाथि कारबाहीका लागि बार काउन्सिल र कोइरालामाथि छानबिन गर्न न्यायपरिषद् सक्रिय भयो। तर, डेढ वर्षभन्दा लामो समयपछि दुवैलाई क्लिनचिट दियो। कोइरालालाई सचेत गराई महोत्तरी जिल्ला अदालतमा सरुवा गरियो। पोखरेललाई पनि कुनै कारबाही भएन।

ललितानिवास जग्गा प्रकरणमा मुछिएपछि चितवनका तत्कालीन न्यायाधीश विनोद गौतमलाई अनुसन्धान गर्न सिआइबी सक्रिय भयो। मुद्दा सर्वोच्च पुग्यो। उपसचिव रहँदा गरेको निर्णयबाट सरकारलाई नोक्सानी पुगेको दाबी भए पनि उनी न्यायाधीश भइसकेकाले न्यायपरिषद्बाट छानबिन हुनुपर्ने माग गौतमको थियो। भौतिक योजना मन्त्रालयमा रहँदा उनको रायबाटै मन्त्रिपरिषद्मा प्रस्ताव पेस भएको थियो। यो प्रकरणमा पहिलोपटकै सुनुवाइमा सर्वोच्चबाट गौतमको रिट खारेजको फैसला भयो। तर, पुनः उनले दायर गरेको रिटमाथि भने मागबमोजिमकै आदेश भयो। गौतम हाल सर्लाही जिल्ला अदालतमा छन्।

१७ माघ ०७५ मा पाँच लाख घुससहित पक्राउ परेका जिल्ला अदालत काठमाडौंका तत्कालीन नायब सुब्बा भोलानाथ चालिसेलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गऱ्यो। बयानका क्रममा उनले ज्यानमुद्दाका आरोपीलाई धरौटीमा छाड्ने आदेश गर्नका लागि न्यायाधीश बाबुकाजी बानियाँको निर्देशनमा रकम लिएको बताएका थिए। न्यायपरिषद्ले यस विषयमा प्रारम्भिक छानबिन गर्न सर्वोच्चका तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीलाई जिम्मा दियो। बानियाँका साथीसमेत रहेका कार्कीले यसमा बानियाँको संलग्नता नरहेको प्रतिवेदन दिएपछि थप कारबाही नै भएन। बानियाँ अहिले भोजपुरमा न्यायाधीशका रूपमा कार्यरत छन्।

■ संवैधानिक नियुक्ति सदर गर्ने सर्वोच्चको फैसलाबारे पूर्वन्यायाधीश फोरमको निचोड

फैसलाले न्यायपालिकामा राजनीतिको छाया पार्न सघायो

काठमाडौं/ तत्कालीन केपी ओली सरकारले साढे चार वर्षअघि अध्यादेशमार्फत गरेको ५२ संवैधानिक नियुक्तिलाई सदर गर्ने सर्वोच्चको फैसलाले न्यायपालिकामा राजनीतिको छाया पार्न सघाएको पूर्वन्यायाधीश फोरमले निष्कर्ष निकालेको छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको पाँच सदस्यीय संवैधानिक इजलासले अल्पमत र बहुमतको रायलाई आधार देखाउँदै १८ असारको मध्यरातमा गरेको फैसलाप्रति बिहीबार विज्ञप्ति जारी गर्दै फोरमले प्रश्न उठाएको हो।



टोपबहादुर सिंह, अध्यक्ष, पूर्वन्यायाधीश फोरम

फोरम अध्यक्ष टोपबहादुर सिंहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'संवैधानिक पदाधिकारीहरूको नियुक्ति सदर गरी रिट निवेदन खारेज गरिएको बहुमत वा अल्पमत के हो नछुट्टिएको रायमा संसदीय सुनुवाइको अनिवार्यतालाई स्वीकार गरी एकजना न्यायाधीशले परमादेशसमेत जारी गरिएको आदेश परस्पर विरोधाभाषपूर्ण भई अन्योल सिर्जना गरेको छ।'

प्रधानन्यायाधीश राउत नेतृत्वको संवैधानिक इजलासमा न्यायाधीशहरू मल्ल, कुमार चुडाल, मनोज शर्मा र नहकुल सुवेदी थिए। संक्षिप्त फैसलामा तीन किसिमका राय व्यक्त भएका थिए। दायर भएका १५ वटा निवेदनमा न्यायाधीशद्वय शर्मा र चुडालले दुईपटक अध्यादेश ल्याई ५८ पदमा सिफारिस गरिएकोमा सबै नियुक्ति सदरको फैसला गरेका थिए। यस हदसम्म आफू सहमत भएको राय न्यायाधीश मल्लको थियो। तर, अन्तिममा उनको नाम र हस्ताक्षर छैन। उनले पछि छुट्टै राय व्यक्त गर्दै नियुक्त भएकाहरूको संसदीय सुनुवाइ हुनुपर्ने परमादेश जारी गरेकी थिइन्। अध्यादेश ल्याई नियुक्ति गरेको सदर भए पनि त्यस समय सदन विघटित रहेको, तर हाल संसदीय सुनुवाइ समिति सक्रिय रहेकाले सिफारिस

» पृष्ठ २ मा क्रमशः

आलमलाई सफाइ दिने उच्चको फैसलाविरुद्ध सरकार सर्वोच्च जाने

महान्यायाधिवक्ताको कार्यालयले तयार पार्दै छ पुनरावेदनको मस्यौदा

टेकराज थामी/नयाँ पत्रिका

इँटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोगमा पूर्वमन्त्री एवं कांग्रेस नेता अफताब आलमलाई सफाइ दिने उच्च अदालत जनकपुरको वीरगन्ज इजलासको फैसलाविरुद्ध सरकार सर्वोच्च जाने भएको छ। सरकारी पक्ष वादी रहेको मुद्दामा उच्चले जिल्ला अदालत रौतहटले दिएको जन्मकैदको फैसला उल्ट्याएपछि महान्यायाधिवक्ताको कार्यालयले पुनरावेदनका लागि सर्वोच्च जाने निर्णय गरेको हो।



अफताब आलम

महान्यायाधिवक्ताको कार्यालय बुधबार यसबारे निर्णय गर्दै मस्यौदा लेखनको तयारीमा जुटेको छ। कार्यालयका प्रवक्ता सहन्यायाधिवक्ता सूर्यराज दाहालले मुद्दा पुनरावेदनका लागि सर्वोच्च जाने निर्णय भइसकेकाले सक्दो चाँडो पुनरावेदन गर्ने बताए।

'अफताब आलमसहितका प्रतिवादीलाई सफाइ दिने उच्च अदालतको फैसलाविरुद्ध पुनरावेदनका लागि सर्वोच्च जाने निर्णय भइसकेको छ। अहिले मस्यौदा लेखन कार्य भइरहेको छ। मस्यौदा तयार हुनासाथ सर्वोच्चमा पुनरावेदन गर्छौं। यो काम जतिसक्दो चाँडै हुनेछ,' दाहालले बताए।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जका न्यायाधीश खुसीप्रसाद थारू र अर्जुन महर्जनको संयुक्त इजलासले गत १४ जेठमा आलमसहित महताब आलम, शेष सेराज र बद्री सहनीलाई सफाइ दिने फैसला

» पृष्ठ २ मा क्रमशः

बाढी प्रभावित रसुवागढीमा हजार सुरक्षाकर्मी उद्धारमा

दुई दिनमा ६३३ स्थानीयको उद्धार



काठमाडौं/ बाढी प्रभावित रसुवाको रसुवागढी र टिमुरे क्षेत्रमा तीनवटै सुरक्षा निकायका एक हजार सुरक्षाकर्मी परिचालन भएका छन्। नेपाल प्रहरी, सेना र सशस्त्र प्रहरी पीडितको उद्धार, बेपत्ताको खोजी र भत्किएको सडकलाई पदमार्ग बनाउन खटिएको रसुवाका सिडिओ अर्जुन पौडेलले बताए।

सुरक्षाकर्मीले अलपत्र ६३३ स्थानीयलाई पैदलमार्गमार्फत बुधबार र बिहीबार उद्धार गरेर गन्तव्यमा पुऱ्याएका छन्। बिहीबार टिमुरेबाट स्याफ्रुबेंसी जाने १३४ र स्याफ्रुबेंसीबाट टिमुरे जाने नौ गरी १४८ लाई गन्तव्यमा पुऱ्याइएको सहायक सिडिओ ध्रुवप्रसाद अधिकारीले बताए। बुधबार ४८५ लाई गन्तव्यमा पुऱ्याइएको थियो। १७ किलोमिटर स्याफ्रुबेंसी-रसुवागढी सडकखण्डको १५ ठाउँमा एक हजार एक सय मिटर सडक क्षतविक्षत भएको छ।

■ अनुशासनको कारबाहीले कांग्रेसमा तरंग

शेखर पक्षले अस्वीकार र प्रतिवाद गर्ने

विधानविपरीत र गुटप्रेरित भएर एउटा पक्षलाई पाखा लगाउने उद्देश्यले कारबाही गरिएको निष्कर्ष



● **संस्थापनइतर पक्षको बैठकपछि गुरुराज घिमिरेले भने–**

कांग्रेस विधानको भावना र नियमावलीको २८ (१) मा कुनै पनि पार्टी सदस्यउपर उजुरी परेको वा पार्टीको नियमावली जारी भएको ६ महिनाभित्र अनुशासनको कारबाही टुंग्याइसक्नुपर्छ भनिएको छ। उजुरी परेको अढाई वर्षपछि कारबाहीको निर्णय बाहिर आएको छ। कारबाही नै अवैधानिक छ।

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेसको शेखर कोइराला पक्षले विधानविपरीत पूर्वाग्रही भएर आफूनिकट नेताहरूलाई छानीछानी कारबाही गरिएको निष्कर्ष निकाल्दै त्यसलाई अस्वीकार गर्ने निर्णय गरेको छ। पार्टीको कुनै पनि सदस्यउपर उजुरी परेमा त्यसको ६ महिनाभित्र टुंग्याउनुपर्ने वैधानिक व्यवस्था भए पनि निर्वाचन भएको झन्डै तीन वर्षपछि गरिएको कारबाहीको निर्णय अवैधानिक भएको बैठकको निष्कर्ष छ।

कोइरालाको सम्पर्क कार्यालय विशालनगरमा बिहीबार बसेको संस्थापनइतर पक्षको बैठकले गुटप्रेरित भएर अर्को पक्षलाई पाखा लगाउने उद्देश्यले कारबाही

» पृष्ठ २ मा क्रमशः



■ न्याय दिलाएरै छाड्ने शेखर कोइरालाको प्रतिबद्धता

संस्थापनइतर पक्षको बैठकमा नेता शेखर कोइरालाले कसैलाई पनि अन्याय हुन नदिने र अन्यायमा परेकालाई न्याय दिएरै छाड्ने प्रतिबद्धता जनाएका छन्। 'विधानविपरीत अन्यायपूर्ण ढंगले साथीहरूमाथि कारबाही गरिएको छ। यो न्यायपूर्ण छैन। यसको विरुद्धमा हामी लाग्नुपर्छ। कसैलाई पनि अन्यायमा पार्नुहुँदैन। अन्यायमा परेकालाई न्याय दिलाउनु हाम्रो कर्तव्य हो,' कोइरालाको भनाइ उद्धृत गर्दै एक केन्द्रीय सदस्यले भने। ३५ दिनभित्र पुनरावलोकनका लागि पार्टीमा निवेदन दिने र दुई महिनाभित्रै सबैको कारबाही फिर्ताका लागि दबाब दिने कोइरालाको भनाइ थियो।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

विश्व जनसंख्या दिवसको
शुभकामना सन्देश



हरेक वर्ष जुलाई ११ का दिन मनाइने विश्व जनसंख्या दिवस यस वर्ष पनि **Empowering young people to create the families want in a fair and hopeful World** भन्ने नाराका साथ विविध कार्यक्रम गरी मनाइँदै छ। विश्वव्यापीकरण र सूचना प्रविधिमा भएको विकासले प्राप्त अवसर तथा त्यसले युवा पुस्तामा पारेको प्रभावले परिवार संरचनामा ठुलो परिवर्तन भइरहेको छ। विश्वव्यापी सन्दर्भमा देखिएका यस्ता परिवर्तन र त्यसले निम्त्याएको चुनौती तथा अवसरलाई समयसापेक्ष परिमार्जन गर्दै आशापूर्ण र सद्भावपूर्ण पारिवारिक वातावरण निर्माण गर्न विश्व जनसंख्या दिवसले भूमिका खेल्न सकोस् भन्ने कामना गर्दछु।

हाल नेपालमा जनसंख्या वितरण असन्तुलित हुन थालेको, प्रजनन दर घट्दै गएको, जनसंख्या वृद्धिदर घट्दै गएको, युवा जनसांख्यिकीय लाभांश लिन नसकिएको र बढ्दो आन्तरिक र बाह्य बसाइँसराइले जनसांख्यिकीय चुनौती थपिँदै गएको अवस्था विद्यमान रहेको छ। यसको समाधानका लागि नेपालको जनसंख्याको वर्तमान बनावट, वितरण र संरचनासँगसँगै देखापरेका अवसर र चुनौतीहरूलाई उचित सम्बोधन गर्न सरकारले प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ। साथै, ज्येष्ठ नागरिकहरूको संख्या वृद्धि हुँदै गएको सन्दर्भमा उनीहरूको ज्ञान, सिप र क्षमतालाई अन्तरपुस्ता सञ्चार गर्न, युवा जनसंख्याले चाहेजस्तो पारिवारिक आकार र वातावरण निर्माण गर्न तथा पारिवारिक सद्भाव कायम राख्न जनसंख्याको प्रभावकारी व्यवस्थापन गर्नु आजको आवश्यकता हो।

यसै विषयलाई आत्मसात् गर्दै नेपाल सरकारबाट हालै **राष्ट्रिय जनसंख्या नीति, २०८२** स्वीकृत भएको छ। मलाई विश्वास छ, नेपालको वर्तमान समयमा देखिएको जनसांख्यिकीय चुनौतीलाई समाधान गर्न यो नीतिलाई मार्गदर्शनका रूपमा अंगीकार गर्दै तीनै तहका सरकारमार्फत प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन हुनेछन्।

साथै यस नीतिको कार्यान्वयनमा सम्बन्धित सबै पक्षको सहयोग र सकारात्मक सुझावको अपेक्षा गर्दै विश्व जनसंख्या दिवसको सन्देशलाई साकार पार्न हामी सबैको साझेदारी तथा समन्वयको अपेक्षा गरेको छु। नेपालको जनसंख्यालाई उच्चतम सदुपयोग गर्न तथा युवा पुस्ताको सपना साकार पार्ने अभियानमा एकताबद्ध हुन आह्वान गर्दै विश्व जनसंख्या दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ असार

प्रदीप पौडेल
मन्त्री

आलमलाई...

पृष्ठ १ बाट क्रमशः

गरेको थियो। उच्चको फैसलापछि घटनाका मृतक पिन्टु भनिने त्रिलोकप्रताप सिंहका बुवा श्रीनारायण सिंहले न्यायाधीश थारू र महर्जनविरुद्ध न्यायपरिषद्मा उजुरी दिइसकेका छन्। परिषद्ले घटनाको अनुसन्धान गर्दै छ भने न्यायाधीश थारू र महर्जनलाई जिम्मेवारीबाट अलग गरेको छ।

यसैबिच विस्फोटका घाइते भारतको बिहार सीतामढीका ४३ वर्षीय गौरीशंकर राम चमार काठमाडौं आएर पत्रकार सम्मेलनसमेत गरेपछि घटना अझ पेचिलो बनेको छ। गौरीशंकरले २२ असारमा न्यायाधीशद्वय थारू र महर्जनको फैसलालाई चुनौती दिँदै घटनाको जीवित प्रमाणको रूपमा आफूलाई सार्वजनिक गरेका थिए। जब कि न्यायाधीशद्वय थारू र महर्जनले २७ चैत ०६४ मा बम विस्फोट नै नभएको तथा गौरीशंकर स्टोभ पड्किएर घाइते भएको फैसला दिएका थिए। गौरीशंकरले घटनामा घाइते भएको विवरण सार्वजनिक गरेपछि न्यायालय दबाबमा परेको छ।

फैसलाले...

पृष्ठ १ बाट क्रमशः

भएका सबैको संसदीय सुनुवाइ हुनुपर्ने राय उनको थियो। अर्कोतिर, प्रधानन्यायाधीश राउत र न्यायाधीश सुवेदीले भने पहिलोपटक २१ माघ ०७७ मा ३८ पदाधिकारीको नियुक्ति सिफारिस गर्दा तत्कालीन सभामुख तथा संवैधानिक परिषद् सदस्य अग्नि सापकोटालाई कार्यविधिअनुसार सूचना नदिइएकाले ती नियुक्ति बदर हुनुपर्ने राय व्यक्त गरेका छन्। जसमा ६ जनाले नियुक्ति अस्वीकार गरेका थिए। त्यस्तै, दोस्रोपटक १० असार ०७८ मा गरिएको २० पदाधिकारी नियुक्ति सदरको फैसलामा भने दुवैले सहमति गरेका छन्। यीसमेतका विषयमा फोरमले धारणा सार्वजनिक गरेको हो।

'शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम न्यायपालिकाले आफ्नो स्वतन्त्रता आफैँले जोगाउनुपर्ने हुन्छ। अदालतको १८ गतेको निर्णय आदेशले न्यायपालिकाको स्वतन्त्रता स्वयं सर्वोच्च अदालतले रक्षा गर्न नसकी न्यायपालिकाउपर राजनीतिको छाया पार्न सघाएको आमधारणा रहेको आभास भएको छ,' विज्ञप्तिमा छ।

संवैधानिक इजलासबाट रिट निवेदनमा उल्लेख हरेक मागदाबी सम्बोधन गर्ने गरी आदेश जारी गरिनुपर्नेमा यसतर्फ ध्यान नदिइएको पनि फोरमको ठहर छ। तत्काल निरूपण हुनुपर्ने विषयमा पटक-पटक सुनुवाइ र निर्णय सुनाउने मितिसमेत सार्दा न्यायपालिकाप्रतिको जनआस्था गुम्ने तथा सक्षमतामाथि प्रश्न उठ्ने एवं न्यायिक मूल्यमान्यताको समेत ह्रास हुने विज्ञप्तिमा छ।

'संविधानको उद्देश्य कार्यान्वयनका लागि संविधानबमोजिम विधायिकीले विधायिकी शक्ति प्रयोग गरी जारी भएको ऐनलाई कार्यकारिणी अधिकारअन्तर्गत जारी भएको अध्यादेशबाट संविधान र ऐनको मर्मविपरीत गणपूरक संख्या घटाउने गरी जारी गरिएको अध्यादेशले संवैधानिक एवं विधायिकी उद्देश्य नै समाप्त गरेको छ,' विज्ञप्तिमा फोरमले भनेको छ।

त्यस्तो, असंवैधानिक अध्यादेशको आधारमा संवैधानिक पदाधिकारीहरूमा भएको नियुक्तिलाई संवैधानिक इजलासले सदर गर्दा कार्यकारिणी निरंकुशता बढाउन मद्दत गरेको तथा संवैधानिक सर्वोच्चताको मान्यतालाई धराशायी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गारिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	**ऋणी फर्म: प्रभात स्टोर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: अमुल राणा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.नं २४३६४/०६२/०६३, दर्ता मिति: २०६२/०९/२६, ठेगाना: जिल्ला रौतहट, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४)	
	जमानीकर्ताहरु: १) अमुल राणा, २) विजय खडका	
	धितोको विवरण	
	१) अविमन्दु प्रताप राणाकी छोरी, सम्शेर वहादुर खडकाकी बुहारी, विजय खडकाकी पत्नी, सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ५ बस्ने अमुल राणाको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ६८४० र ६८४३ को क्षेत्रफल क्रमश: ०-२-० र ०-२-० (विगाहा) तथा रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं. ८ ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १५५३ को क्षेत्रफल ०-५-१३ $^{1/4}$ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जबर बहादुर खडकाको नाती, सम्शेर वहादुर खडकाको छोरा, सर्लाही जिल्ला, हरिऔन न.पा. वडा नं. ९ बस्ने विजय खडकाको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर म गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११६७ को क्षेत्रफल ०-२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) प्रभात स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
२)	**१) ऋणी फर्म: पुजा सेलर मिल,** प्रोप्राईटर तथा जमानीकर्ता: शत्रुघ्न प्रसाद गुप्ता दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा सा.फ.प्रा.फ.र.नं.घ.उ.सि. १०७१४/०७६/७७, दर्ता मिति: २०७६/१०/२१, ठेगाना: जिल्ला सिरहा, लवटोली गा.वि.स. वडा नं. ५ख (हाल: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २)	
	२) ऋणी फर्म: पुजा किराना पसल तथा वस्त्रालय, प्रोप्राईटर तथा जमानीकर्ता: शत्रुघ्न प्रसाद गुप्ता दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. १०२७/२०६६/०६७, दर्ता मिति: २०६६/०४/०९, ठेगाना: जिल्ला सिरहा, बडहरामाल गा.वि.स. वडा नं. २	
	धितोको विवरण	
	१) नागेन्द्र गुप्ताकी छोरी, निरन्जन साह गुप्ताकी बुहारी, शत्रुघन प्रसाद गुप्ताकी पत्नी सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने चन्दु देवी गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिराहाको लागतमा दर्ता कायम रहेको सिराहा जिल्ला, लवटोली गा.वि.स. वडा नं. ५ क (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३४७ को क्षेत्रफल ०-१-७ (विगाहा) र सिराहा जिल्ला, लवटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३०२३, ४१७५, ४१३४, ४२९८, ४२९९ र ४३३८ को क्षेत्रफल क्रमश: ०-१-१०, ०-०-९-०, ०-०-७-०, ०-०-८, ०-०-६ $^{1/2}$ र ०-०-५ $^{1/2}$ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) वैधनाथको नाती, निरन्जन साहको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुघ्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेको सिरहा जिल्ला, गौतारी गा.वि.स. वडा नं. ६ (हाल कर्जन्हा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३०२१ को क्षेत्रफल ०-१-१३-५ (विगाह) र सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ घ (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. २१३ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) वैधनाथ साहको नाती, निरन्जन साहको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुघ्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेका सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२०९, १५११, १६०९, १४८९, ४३०३, र ४३०४ को क्षेत्रफल क्रमश: ०-०-१८-६, ०-०-५, ०-०-१, ०-०-०-१३, ०-०-६ र ०-०-१ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ४) वैजनाथ साहको नाती, निरन्जन साह गुप्ताको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुघ्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेका सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२०७, ३३३३, ४५१७, ५०५१ र ५०५४ को क्षेत्रफल क्रमश: ०-०-९ $^{1/2}$, ०-०-४-२, ०-०-९ $^{3/8}$, ०-०-४ र ०-०-१२-२ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ५) पूजा किराना पसल र वस्त्रालय तथा पुजा सेलर मिलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	जमानीकर्ताहरु: १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) राहुल प्रसाद गुप्ता, ५) शत्रुघ्न प्रसाद गुप्ता	
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) ऋणी: राहुल प्रसाद गुप्ता** स्थायी ठेगाना: सिरहा जिल्ला, बडहरामाल गा.वि. स. वडा नं. २, हालको ठेगाना: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २, बाबु: शत्रुघ्न प्रसाद गुप्ता, बाजे: निरन्जन साह गुप्ता	
	जमानीकर्ताहरु: १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) शत्रुघ्न प्रसाद गुप्ता	
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **४) ऋणी: शत्रुघ्न प्रसाद गुप्ता** स्थायी ठेगाना: सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २, बाबु: निरन्जन साह गुप्ता, बाजे: वैजनाथ साह	
	जमानीकर्ताहरु: १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) राहुल प्रसाद गुप्ता	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गारिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

न्यायपरिषद्को...

पृष्ठ १ बाट क्रमशः

फैसलामाथि आमरूपमा प्रश्न उठिरहेका वेला संवैधानिक नियुक्तिसम्बन्धी मुद्दाको फैसलाप्रति पूर्वन्यायाधीश फोरमले समेत प्रश्न उठाउनु सोचनीय छ।

एकातर्फ न्यायपरिषद्मै भागबन्डाका आधारमा सदस्य नियुक्त हुने र उनीहरूले राजनीतिक दलका सिफारिसका आधारमा न्यायाधीश नियुक्त गर्ने परिपाटीका कारण न्यायपालिकामा राजनीतिक हस्तक्षेप संस्थागत हुँदै गएको छ। पार्टीको सक्रिय राजनीति गरेकाहरूसमेत न्यायाधीश नियुक्त भइरहेका छन्। अर्कोतर्फ, न्यायाधीशहरूमाथि परेको उजुरी छानबिन गर्ने, कैफियत देखिए कारबाही गर्ने र भ्रष्टाचारको मुद्दा दायर गर्ने अधिकारसमेत प्राप्त गरेको परिषद्को कामकारबाही फितलो छ। न्यायाधीशहरूमाथि नियमितजसो उजुरी परिरहँदा फर्स्योटका नाममा अधिकांश उजुरी तामेलीमा जाने गरेका छन् भने गम्भीर उजुरीमा पनि नाम मात्रको कारबाही हुने गरेको छ। २१ असारसम्मको अभिलेखअनुसार न्यायपरिषद्मा ३४८ उजुरी रहेकामा २०२ वटा फर्स्योट भएका छन्। यी सबै तामेलीमा गएको परिषद्ले जनाएको छ। कारवाही भएका घटना त दुर्लबै मात्र छन्।

न्यायक्षेत्रमा पछिल्लो समय बढेको 'विचलन'को जड न्यायपरिषद् भएको जानकारहरूको टिप्पणी छ। एक वरिष्ठ अधिवक्ता भन्छन्, 'अहिलेको न्यायपरिषद्लाई पूर्ण रूपमा पुनर्संरचना नगर्ने हो भने अबका दिनमा न्यायपालिकाप्रति आमनागरिक मात्र होइन, कानुन व्यवसायीकै पनि विश्वास रहँदैन।'

परिषद्ले गम्भीर देखिएका उजुरीमा पनि न्यायाधीशलाई सामान्य कारबाही गर्ने गरेको छ भने उस्तै कसुरमा कर्मचारी वा अन्य व्यक्ति सजायको भागीदार बनिरहेका उदाहरण छन्। जिल्ला अदालत काठमाडौंका तत्कालीन नायब सुब्बा भोलानाथ चालिसेलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिएको भन्दै भ्रष्टाचार मुद्दा दायर गरेको थियो। १७ माघ ०७५ मा उनी पाँच लाख घुससहित पक्राउ परेका थिए। बयानका क्रममा उनले ज्यानमुद्दाका आरोपीलाई धरौटीमा छाड्ने आदेश गर्नका लागि न्यायाधीश बाबुकाजी बानियाँको निर्देशनमा उक्त रकम लिएको बताएका थिए। तर, अख्तियारको क्षेत्राधिकार नपर्ने भएकाले न्यायाधीशमाथि आवश्यक जाँचबुझ गर्न परिषद्लाई पत्राचार भयो। परिषद्ले प्रारम्भिक छानबिनका लागि सर्वोच्चका तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीलाई जिम्मा दियो। उनी बानियाँका साथी पनि हुन् र उनले यसमा बानियाँको संलग्नता नरहेको प्रतिवेदन परिषद्लाई दिएपछि थप कारबाही नै भएन। बानियाँ अहिले भोजपुरमा न्यायाधीशका रूपमा कार्यरत छन्।

नेपाल बार एसोसिएसनका तत्कालीन कोषाध्यक्ष रुद्रप्रसाद पोखरेलले जिल्ला अदालत काठमाडौंका न्यायाधीश राजकुमार कोइरालासँग पूर्वसभासद तथा सहकारी ठगीसमेतका मुद्दाका प्रतिवादी इच्छाराज तामाङका विषयमा गरेको कुराकानी बाहिरियो। धरौटीमा छाड्न १० करोड दिन सकिने प्रस्ताव पोखरेलले राखेका थिए भने यस विषयमा न्यायाधीश कोइराला पनि सकारात्मक देखिएको अडियोमा सुनिन्थ्यो। ०७९ असारको उक्त घटनापछि पोखरेलमाथि कारबाहीका लागि नेपाल बार काउन्सिल र कोइरालामाथि छानबिन गर्न न्यायपरिषद् सक्रिय भयो। तर, डेढ वर्षभन्दा लामो समयपछि दुवैलाई क्लिनचिट दियो। आचारसंहिता र पदीय मर्यादाविपरीत काम गरेका कोइरालालाई सचेत गराई महोत्तरी जिल्ला अदालतमा सरुवा गरियो। पोखरेललाई पनि परिषद्बाट कुनै कारबाही भएन।

ललितानिवास जग्गा प्रकरणमा मुछिएपछि चितवनका तत्कालीन न्यायाधीश विनोद गौतमलाई अनुसन्धान गर्न सिआइबी सक्रिय भयो। सरकारी जग्गा व्यक्तिका नाममा पुऱ्याएको विषयमा अनुसन्धान गर्न खोज्दा यो मुद्दा सर्वोच्च पुग्यो। उपसचिव रहँदा गरेको निर्णयबाट सरकारलाई नोक्सानी पुगेको दाबी भए पनि उनी न्यायाधीश भइसकेकाले परिषद्बाट छानबिन हुनुपर्ने माग गौतमको थियो। भौतिक योजना तथा निर्माण मन्त्रालयमा रहँदा उनको रायबाटै मन्त्रिपरिषद्मा उक्त प्रस्ताव पेस भएको थियो। यो प्रकरणमा पहिलोपटककै सुनुवाइमा सर्वोच्च अदालतबाट गौतमको रिट खारेजको फैसला भयो। तर, पुनः उनले दायर गरेको रिटमाथि भने मागबमोजिमकै आदेश भएको थियो। विनोदकुमार गौतम हाल सर्लाही जिल्ला अदालतमा छन्।

यी र यस्ता थुप्रै उजुरीमा न्यायाधीशले उन्मुक्ति पाएका छन्। कतिपयले त आफूमाथि कारबाही हुने र पछि सेवासुविधा रोकिन सक्ने डरले सुरुमै राजीनामा दिएर उम्किने गरेका पनि छन्। ०७६ को भदौमा उच्च अदालत पोखराका न्यायाधीश जीवनहरि अधिकारी र रामचन्द्र यादवले राजीनामा दिएका थिए। प्रादेशिक हकमा क्षेत्राधिकारको विषय नहेरी फैसला गरेको र यो गम्भीर त्रुटि रहेको भन्दै परिषद्मा उजुरी परेको थियो। पक्षहरूसँग संवाद गरेको तथ्य पुष्टि भएपछि परिषद्ले कारबाही गर्ने तयारी थाले पनि उनीहरूले राजीनामा दिएपछि कुनै कारबाही भएन।

०८० माघमा मात्र परशुराम भट्टराईले राजीनामा दिएका थिए। जिल्ला अदालत धनुषामा कार्यरत हुँदा उनको फैसलामा कैफियत देखिएको भन्दै परिषद्मा एकभन्दा बढी उजुरी परेकोमा उनले छानबिनकै क्रममा राजीनामा दिएका थिए।

तत्कालीन कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीले परिषद् को नेतृत्व गर्दा धमाधम कैफियत देखिएका न्यायाधीशहरूमाथि कारबाही भएको थियो। तर, त्यसयता परिषद् फेरि पहिलेजस्तै सुस्ताएको छ। ०७९ असोज १५ मा अवकाश पाएका उनले कायममुकायम प्रधानन्यायाधीशका रूपमा परिषद्को नेतृत्व पाएका थिए। उनले परिषद्को नेतृत्व गरेका वेला उच्च अदालतका तीनसहित ६ जनालाई बर्खास्त गर्ने निर्णय गरे। ०७९ को असारदेखि भदौसम्म उच्च अदालतका न्यायाधीशहरू रेणुका साह, नसरुल्लाह अन्सारी र राकेशकुमार निधिलाई पदमुक्त गर्ने निर्णय गरेको थियो। त्यस्तै, जिल्ला अदालतका न्यायाधीशहरू लोकजंग शाह, अनिलकुमार शर्मा र श्यामसुन्दर अधिकारीलाई पनि पदमुक्तको सिफारिस भएको थियो। त्यसयता सचेत गराउनेबाहेकका कारबाहीका गम्भीर निर्णय भएका छैनन्।

विश्वम्भरप्रसाद श्रेष्ठ नेतृत्वमा रहेको वेला पनि न्यायपरिषद् बैठकले केही उजुरीमाथि गम्भीर कारबाही गरेको थियो। ०८० फागुनमा उच्च अदालत सुर्खेतको जुम्ला इजलासका न्यायाधीश नवराज थपलिया र जिल्ला अदालत काठमाडौंका न्यायाधीश अम्बिकाप्रसाद निरौला पदमुक्त भएका थिए। थपलियाले झगडियासँग कुराकानी गरी मुद्दा प्रभावित बनाउन मोलाहिजा गरेको पुष्टि भएको थियो। अर्कोतिर निरौलाले अपहरण तथा शरीर बन्धक मुद्दाका प्रतिवादीलाई भारतीय नागरिक भन्दै छाडेका थिए।

सर्वोच्चका पूर्वन्यायाधीश बलराम केसी न्यायपरिषद् सुस्त हुँदा न्यायालयप्रतिको जनआस्था पनि कमजोर बन्ने बताउँछन्। रामप्रसाद श्रेष्ठ र दीपककुमार कार्कीले परिषद्को अध्यक्षता गर्दा परिषद् सक्रिय देखिएको उनको अनुभव छ।

'उजुरी पर्नेबित्तिकै कोही दोषी हुन्छ वा उजुरको बेहोरा सत्य नै हो भन्ने हुँदैन। तर, उजुरी परिसकेपछि आवश्यक जाँचबुझ र छानबिन गरेर सकभर छिटो दोषी हो वा होइन, हो भने उचित कारबाही हुँदा जनआस्था वृद्धि हुन्छ,' उनले भने, 'अहिले न्यायालयप्रति जनआस्था खस्किनुको कारण अदालत मात्र नभई न्यायपरिषद् पनि हो। किनकि न्यायाधीश र नागरिक वा पक्ष दुवैलाई न्याय दिने ठाउँ परिषद् हो। उजुरी पर्दा प्रधानन्यायाधीश झन् सक्रिय हुनुपर्छ। उजुरी परेको न्यायाधीश कसको मान्छे, कोनिकट भनेर हेर्ने होइन, सिधै उजुरीमाथि कारबाहीको प्रक्रियामा जाने हो।'

न्यायपरिषद् सदस्यसमेत रहिसकेका सर्वोच्चका पूर्वन्यायाधीश ईश्वरप्रसाद खतिवडा न्यायाधीशले गल्ती गरेको अवस्थामा कारबाहीका लागि आँखा चिम्लिनु नहुने बताउँछन्। 'कारबाहीका नाममा न्यायाधीशलाई आतंकित पनि गर्नुहुँदैन। तर, गलत गर्दा आँखा चिम्लिनुहुँदैन। उजुरीपिच्छे अवस्था फरक हुन्छ। हल्लाखल्ला भएकै भरमा असल न्यायाधीशलाई पनि कारबाही गर्दा थिति बिथोलिन्छ। तर, बदमासी नियन्त्रण गर्न र न्यायिक वातावरण कायम राख्नु जरुरी हुन्छ,' उनले भने, 'हामी परिषद्मा हुँदा दुई तीन वर्षदेखि वार न पारको स्थितिमा रहेका सवा एक सयजति उजुरी टुंग्याएका थियौँ।'

हाल न्यायपरिषद्को नेतृत्व प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले गरिरहेका छन्। प्रधानन्यायाधीश अध्यक्ष रहने परिषद्मा सदस्यका रूपमा वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल छिन् भने वरिष्ठ अधिवक्ताद्वय दामोदर खड्का, महेशकुमार नेपाल र कानुनमन्त्री अजयकुमार चौरसिया सदस्य छन्। उनीहरूमध्ये दामोदर खड्का नेपाली कांग्रेसमा सक्रिय राजनीति गरेका व्यक्ति हुन्।

हरिकृष्ण कार्की प्रतिवेदन भन्छ– कारबाहीमा काखापाखा हुन्छ

तत्कालीन वरिष्ठतम् न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको 'विकृति विसंगति सम्बन्धमा अध्ययन गर्न बनेको समिति'को प्रतिवेदनले न्यायपरिषद्को संरचना मात्र नभई यसको काम कारबाहीप्रति पनि प्रश्न उठाएको थियो। कतिपय अवस्थामा न्यायाधीशउपरको उजुरी छानबिन र कारबाहीमा काखापाखा हुने गरेको प्रतिवेदनमा भनिएको छ, 'न्यायपरिषद्मा परेका उजुरीउपर यथासम्भव छिटो छानबिन गरी प्रथम दृष्टिमा गरे बिराएको देखिएका न्यायाधीशउपर विनापूर्वाग्रह विस्तृत छानबिन गरी तत्काल कारबाहीमा ल्याउनुपर्ने।...न्यायाधीशउपरको छानबिन तथा कारबाही संरक्षण र प्रतिशोधको भावनाबाट प्रेरित हुन नहुने।'

न्यायाधीश नियुक्तिको सिफारिसदेखि अनुशासनात्मक कारबाही र बर्खास्तीसम्मको अधिकार एउटै निकायलाई दिनु हुने वा नहुने सम्बन्धमा पनि अध्ययन गरिनुपर्ने सुझाव दिइएको छ। शक्ति केन्द्र र जिम्मेवार पदाधिकारीसँग नजिक रहेका न्यायाधीश कारबाहीको दायरामा नआउने, तर असल, इमानदार, चरित्रवानहरूले भने कारबाहीको भयमा रहनुपर्ने अवस्था देखिएको अध्ययनमा उल्लेख छ।

प्रतिवेदनमा सर्वसाधारणले गरेको गुनासोबारे पनि उल्लेख छ। भनिएको छ, 'शक्तिको आडमा र जिम्मेवार पदाधिकारीको संरक्षणमा भ्रष्टाचारजन्य कार्यबाट अकुत सम्पत्ति आर्जन गरी अस्वाभाविक जीवनशैली देखाएको सम्पत्ति आर्जन गर्ने न्यायाधीशहरूको सम्पत्ति अपारदर्शी भएको र त्यस्ता न्यायाधीशहरूलाई कारबाहीको दायरामा ल्याउन नसकेका कारण विकृति, विसंगति र भ्रष्टाचार मौलाएको।' कार्की प्रतिवेदनअघि न्यायपालिकाभित्रका बेथिति सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन गठित समितिहरूले पनि परिषद्को कामकारबाहीमाथि प्रश्न उठाएका थिए।

न्यायपरिषद्को इतिहासमै एकपटक मात्र न्यायाधीशविरुद्ध भ्रष्टाचार मुद्दा दायर

न्यायपरिषद्को इतिहासमा एकपटक मात्र न्यायाधीशउपर भ्रष्टाचार मुद्दा दायर भएको छ। तनहुँका तत्कालीन जिल्ला न्यायाधीश ओमकार उपाध्यायविरुद्ध विशेष अदालतमा १९ जेठ ०७६ मा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी मुद्दा दायर भएकोमा २६ माघ ०७९ मा ठहरको फैसला भएको थियो।

उनीविरुद्ध उजुरी परेपछि सर्वोच्चका तत्कालीन न्यायाधीशहरू आनन्दमोहन भट्टराई, पाटनका मुख्य न्यायाधीश प्रकाशकुमार ढुंगाना र टेकप्रसाद ढुंगानाले जाँचबुझ गरेका थिए। जाँचबुझमा दोषी देखिएपछि मुद्दा लैजान परिषद्समक्ष सिफारिस गरेका थिए। मुद्दा दायर हुनुअघि नै न्यायाधीश उपाध्यायले राजीनामा दिएका थिए। उनले भारतको कानपुर विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरेको सक्कली प्रमाणपत्र पेस गर्न सकेका थिएनन्। जसपछि उनलाई भ्रष्टाचार निवारण ऐन, २०१७ अनुसार तीन हजार रुपैयाँ जरिवाना हुने फैसला सुनाइएको थियो। उपाध्यायमाथि अन्य उजुरीसमेत परिषद्मा परेका थिए।

प्रधानन्यायाधीशमाथि नै गम्भीर आरोप : तर, न महाभियोग न कारबाही

न्यायाधीश मात्र होइन, प्रधानन्यायाधीशमाथि नै गम्भीर प्रश्न उठ्दा पनि उन्मुक्ति दिइएको घटना नेपालको न्यायिक इतिहासमा छन्। तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि भ्रष्टाचारदेखि अन्य गम्भीर न्यायिक विचलनका अभियोग लगाइएको थियो। संवैधानिक परीक्षणका लागि दायर रिटहरूलाई समयमै किनारा नलगाएको, न्यायपालिकाभित्र बिचौलियाको प्रभाव बढाउँदै लगेको, संविधानको कार्यान्वयनमा गम्भीर अवरोध सिर्जना गरेकोजस्ता आरोप उनीमाथि थिए। श्रीमतीको हत्या गरेका रञ्जन कोइरालालाई कैदमाफी दिने निर्णय गरेको, आफूनिकटलाई विभिन्न पदमा नियुक्तिका लागि सिफारिस गरेको, अपारदर्शी रूपमा अमूक न्यायाधीशलाई मात्र निश्चित प्रकृतिका मुद्दा तोक्ने गरेकोजस्ता आरोप उनीमाथि थिए।

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनले जबराविरुद्ध महाभियोगको माग राख्दै निरन्तर आन्दोलन गरे भने सर्वोच्चकै न्यायाधीशहरूले जबरासँग इजलास नबस्ने निर्णयसहित अघोषित रूपमा आन्दोलित भए। १४ कात्तिक ०७८ देखि आन्दोलनमा लागेको बारको निरन्तर दबाबपछि १ फागुन ०७८ मा अन्ततः जबराविरुद्ध प्रतिनिधिसभामा महाभियोग दर्ता भयो। तर, प्रतिनिधिसभाको कार्यकाल समाप्त भएपछि उक्त महाभियोग यत्तिकै तुहियो। प्रतिनिधिसभाको महाभियोग सिफारिस समितिले तत्कालीन सभामुख अग्निप्रसाद सापकोटासमक्ष महाभियोग लगाउनुपर्ने सिफारिस गरे पनि उक्त प्रस्ताव संसद्मा छलफलसमेत हुन पाएन। त्यसपछि आएको अर्को संसद्मा पनि त्यसले निरन्तरता पाएन।

आलमलाई सफाइ दिने न्यायाधीशउपर छानबिन हुँदै

तीन उजुरी परेपछि कांग्रेसका नेता तथा पूर्वमन्त्री अफताब आलमलाई सफाई दिने न्यायाधीशमाथि परिषद्ले छानबिन गर्दै छ। रौतहटमा १८ वर्षअघि भएको बम विस्फोट र त्यसमा घाइते भएकाहरूलाई जिउँदै इँटाभट्टामा जलाएको अभियोगमा आलमलाई सफाइ दिने उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जका न्यायाधीशहरू खुसीप्रसाद थारू र अर्जुन महर्जनलाई ५ जेठमै परिषद्मा तानिएको थियो।

रौतहटको घटनामा मारिएका त्रिलोकप्रताप सिंह पिन्टुका पिता श्रीनारायण सिंह, जाहेरीकर्तामध्येका एक शैलेन्द्र साह र युवराज पौडेलले समेत परिषद्मा दुवै न्यायाधीशविरुद्ध उजुरी दिएपछि सर्वोच्चका न्यायाधीश विनोद शर्मालाई प्रारम्भिक छानबिनको जिम्मेवारी दिइएको छ। १० दिनअघि उक्त फैसलाको पूर्णपाठ आएपछि उनले अध्ययन गरिरहेको स्रोतले बतायो। जिल्ला अदालत रौतहटले आलमसहित चार प्रतिवादीलाई जन्मकैदको फैसला गरेकामा उच्चका थारू र महर्जनको इजलासले १४ जेठमा उक्त फैसला उल्टाइदिएको थियो।

शेखर पक्षले...

पृष्ठ १ बाट क्रमशः

चलाइएको ठहर गरेको छ। 'कांग्रेसको विधानको भावना र नियमावलीको व्यवस्थाको २८ (१) अन्तर्गत कुनै पनि पार्टीको सदस्यउपर उजुरी परेको वा पार्टीको नियमावली जारी भएको ६ महिनाभित्र अनुशासनको कारबाही टुंग्याइसक्नुपर्छ भनिएको छ। उजुरी परेको अढाइ वर्षपछि कारबाहीको निर्णय बाहिर आएको छ। यो कारबाही नै अबैधानिक छ। अनुशासन समितिले गरेको कारबाही पार्टी विधान र नियमावली विपरित छ,' बैठकपछि नेता गुरुराज घिमिरेले भने।

पाँच सदस्यीय अनुशासन समितिको बहुमत (तीनजना)ले गरेको निर्णय अहिले बाहिर नल्याउने सहमतिविपरीत कार्य भएको ठहर पनि बैठकले गरेको छ। गत २३ असारमा सम्पन्न केन्द्रीय समितिको बैठकपछि सभापति शेरबहादुर देउवा, उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ तथा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले अनुशासन समितिको कुनै पनि निर्णय अहिले बाहिर नल्याउने समझदारी गरे पनि तत्कालै बाहिर आउनु गम्भीर भएको बैठकको ठहर छ।

अनुशासन समितिको विधानविपरीतको निर्णय कार्यान्वयन नगर्न पार्टी सभापति शेरबहादुर देउवाको ध्यानाकर्षण गराउने कोइराला पक्षको तयारी छ। 'सभापति देउवासँग नेताहरूले कुरा गर्ने निष्कर्ष बैठकले निकालेको छ। सभापति, उपसभापतिद्वय र महामन्त्रीद्वय बसेर गरेको समझदारी सभापतिलाई सम्झाउने कुरा भएको छ,' घिमिरेले भने, 'शेखर कोइरालालगायतका नेताहरूले पनि यो परिस्थितिको अवगत गराउनुहुनेछ।'

बैठकमा शेखर कोइरालाले कसैलाई पनि अन्याय हुन नदिने र अन्यायमा परेकालाई न्याय दिएरै छाड्ने अठोट गरेका छन्। 'विधानविपरीत अन्यायपूर्ण ढंगले साथीहरूमाथि कारबाही गरिएको छ। यो न्यायपूर्ण छैन। यसको विरुद्धमा हामी लाग्नुपर्छ। कसैलाई पनि अन्यायमा पार्नु हुँदैन। अन्यायमा परेकालाई न्याय दिलाउनु हाम्रो कर्तव्य हो,' कोइरालाको भनाइ उद्धृत गर्दै एक केन्द्रीय सदस्यले भने। उनका अनुसार कोइरालाले अन्यायविरुद्ध चुप लागेर बस्न नहुनेमा जोड दिएका थिए। ३५ दिनभित्र पुनरावलोकनका लागि निवेदन दिने र दुई महिनाभित्रै सबैको कारबाही फिर्ताका लागि दबाब दिने कोइरालो बताएका छन्। उपसभापति गुरुङले सभापति, उपसभापतिद्वय र महामन्त्रीद्वयबीच अहिले अनुशासनको कारबाही नगर्ने समझदारी भए पनि समिति संयोजक आनन्द ढुंगानाले समितिमै छलफल नगरी एक्कासि विज्ञप्ति निकालेको दाबी गरे। 'यो एक त विधानविपरीत छ। अर्को शीर्ष तहमा भएको सहमतिविपरीत पनि छ, त्यसलाई सच्याउनुको विकल्प छैन,' गुरुङको भनाइ उद्धृत गर्दै एक केन्द्रीय सदस्यले भने।

नेता अर्जुननरसिंह केसीले बैठकपछि कुनै पनि नेता तथा कार्यकर्तालाई अन्याय हुन नदिने बताए। 'साथीहरूलाई हामी अन्याय हुन दिँदैनौँ। विधान र नियमावलीभन्दा बाहिर गएर भएका कुनै पनि कारबाहीहरूलाई हामी स्वीकार गर्दैनौँ। यदि न्यायपूर्ण ढंगले भएन भने देशभरबाट नेता तथा कार्यकर्ता बटुलेर रिलेअनसन सुरु गर्छौं। अनुशासनको नाममा पूर्वाग्रह स्वीकार्य हुँदैन,' केसीको भनाइ थियो।

अनुशासन समितिका संयोजक ढुंगानाले बुधबार पूर्वमन्त्री कुमार खड्का, लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनाल, खोटाङका सभापति विष्णु राईलगायतललाई अनुशासनको कारबाही गरिएको विज्ञप्ति निकालेका थिए। संयोजक ढुंगाना, सदस्यहरू ईश्वरी न्यौपाने र ध्रुव वाग्लेले बहुमतको आधारमा निर्णय गरेका हुन्। समिति सदस्यद्वय सञ्जय गौतम र राजीव कोइरालाले 'नोट अफ डिसेन्ट' लेखेका छन्। ढुंगानाले प्रमाण, विधान र नियमालीमै टेकेर हप्तादिन अघि नै कारबाहीको निर्णय भएको दाबी गरे।

निष्कासनमा परेका कांग्रेस खोटाङका सभापति विष्णु राई भन्छन्

यो कारबाही आग्रह, पूर्वाग्रहबाट निर्देशित छ। ०७९ मा गठबन्धन गरेर प्रतिस्पर्धी पार्टीसँग हामी चुनावमा गयौँ। मैले जहाँ हामीलाई अन्य दलको आवश्यक पर्छ, त्यो ठाउँमा न्यायोचित रूपमा कार्यकर्ताको मनोबल उच्च बनाएर गठबन्धन गरौँ। तर, जहाँ स्थानीय कार्यकर्ता मान्दैमान्दैनन्, त्यहाँ कार्यकर्ताको मनोभावनाअनुसार जाऔँ भनेर स्थानीय तहको निर्वाचनमा भनेको थिएँ। म निर्वाचित सभापति हुँ। अहिले राजनीतिक प्रतिशोधका आधारमा निर्णय भएको छ।

■ बिमा प्राधिकरणका अध्यक्ष ओझाको नियुक्तिमा कैफियत

अख्तियारको छानबिन, सम्भावित कारबाहीअघि नै राजीनामा दिन सरकारको दबाब





सुवास भट्ट/नयाँ पत्रिका

नेपाल बिमा प्राधिकरणका अध्यक्ष शरद ओझाको नियुक्तिमा कैफियत भेटिएको छ। अध्यक्ष नियुक्तिका लागि उनले पेस गरेका अनुभवसम्बन्धी कागजातमा कैफियत देखिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ। अख्तियारको सम्भावित कारबाहीअघि नै राजीनामा दिन उनलाई सरकारले दबाब दिएको छ।

गत १२ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले ओझालाई प्राधिकरणको अध्यक्ष नियुक्त गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को निर्णयमा 'नेपाल बिमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा श्री शरद ओझा, कञ्चनपुरलाई नियुक्त गर्ने' उल्लेख छ। मन्त्रिपरिषद्को निर्णयको भोलिपल्ट १३ गते उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले उनलाई प्राधिकरण अध्यक्षका रूपमा पद तथा गोपनीयताको शपथ गराएका थिए। तर, बिमा क्षेत्रको नियमकका रूपमा रहेको प्राधिकरणको अध्यक्षका लागि ओझाको अनुभव नपुगेकोमा त्यतिबेलै प्रश्न उठेको थियो। उनको नियुक्तिपछि लगभग एक महिनापछि नै उनीमाथि अख्तियारले प्रारम्भिक छानबिन गरेको थियो।

सरकारले ओझालाई राजीनामा दिएर मार्गप्रशस्त गर्न दबाब दिएको छ। 'उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले नै उनलाई राजीनामाका लागि सुझाउन भन्नुभएको छ,' स्रोत भन्छ, 'मुद्दाको प्रक्रियामा जाँदा व्यक्तिगत रूपमा ठुलो क्षति हुने र सरकारसमेत बदनाम हुने अर्थमन्त्रीको बुझाइ छ।' अर्थमन्त्रीले कर्मचारी प्रतिनिधिमार्फत ओझालाई राजीनामा दिन भनेको विश्वस्त स्रोतले बतायो।

अर्थमन्त्रीको निर्देशनपछि १० दिनअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा ओझालाई बोलाइएको थियो। प्रधानमन्त्री कार्यालयमा उनलाई शीघ्र राजीनामा दिन भनिएको थियो। 'तपाईंले राजीनामा दिनु नै तपाईं स्वयंको हितमा छ,' ओझालाई सुझाइएको सुझाव उद्धृत गर्दै स्रोत भन्छ, 'तर, उहाँले मान्नुभएको छैन।' ओझाले राजीनामा नदिए सरकारले नै छानबिन समिति गठन गरेर हटाउने विकल्पमा समेत अहिले छलफल भइरहेको छ। बिमा ऐन, २०७९ को दफा ९ अनुसार अध्यक्षको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुने व्यवस्था छ। सरकारले मनासिब देखेमा थप एक पदावधिका लागि पुनः नियुक्त गर्ने व्यवस्था पनि उक्त दफामा छ। तर, नियुक्ति विवाद भएपछि उनको पद नै धरापमा परेको छ।

अध्यक्षको नियुक्ति लिन ओझाले पेस गरेका अनुभवका कतिपय कागजातमै कैफियत भेटिएको छ। पत्रकारिता पृष्ठभूमिका ओझाले प्राधिकरणको अध्यक्षमा आवेदन हाल्दा योग्यता र अनुभवका कागजात पेस गरेका थिए। तर, पेस भएका कागजातका आधारमा उनी अध्यक्षका लागि योग्य नभएको स्रोतको दाबी छ। उनको शैक्षिक योग्यता पुगे पनि बिमा क्षेत्रमा काम गरेको अनुभव भने नपुगेको बताइन्छ। बिमा ऐनले सम्बन्धित क्षेत्र (बिमा क्षेत्र)मा कम्तीमा पाँच वर्षको उच्च व्यवस्थापकीय कार्य अनुभव हासिल गरेको हुनुपर्ने व्यवस्था गरेको छ। तर, उनमा त्यो अनुभव छैन।

ओझाले पेस गरेको कागजातमा १९ अक्टोबर २०१९ देखि १६ नोभेम्बर २०२१ सम्म ट्रिनिटी एक्जिम प्रालिमा सिनियर मेनेजर (रणनीति तथा सञ्चार)को पदमा काम गरेको उल्लेख छ। त्यस्तै, चाणक्य मिडिया प्रालिमा १६ डिसेम्बर २०२१ (१ पुस ०७८) देखि २०२५ जनवरी (०८१ माघ) सम्म सिनियर मेनेजर (कम्युनिकेसन स्ट्राटेजिस्ट) तथा विशेष संवाददाताका रूपमा काम गरेको अनुभव पनि उनले पेस गरेका थिए। यहीबिचमा चाणक्य मिडियामा प्रेस प्रतिनिधि (पत्रकार)का रूपमा समेत उनले काम गरेको देखिएको छ। यसैगरी, देशसञ्चार मिडियामा काम गरेको अनुभव पनि उनले पेस गरेका छन्। राजधानी, एपेक्स र इम्पेरियल कलेजमा अध्यापन गरेको कागजात पनि उनले पेस गरेका थिए। अनुभवका यी कागजातमा पनि कैफियत देखिएको स्रोतको दाबी छ।

■ सर्वोच्च अदालतमा पनि मुद्दा

प्राधिकरण अध्यक्ष ओझाको मुद्दा सर्वोच्च अदालतसम्मै छ। तोकिएको योग्यता नपुगेकोमा ओझाको नियुक्ति गैरकानुनी भएको भन्दै बदरको मागसहित गत १७ चैतमा सर्वोच्चमा रिट दायर भएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, सिफारिस समिति र ओझालाई विपक्षी बनाएर अधिवक्ता इन्दिरा धमलाले दायर गरेको रिटउपर २० चैतमा न्यायाधीश नहकुल सुवेदीको इजलासले सरकारका नाममा कारण देखाऊ आदेश र अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि आदेश जारी गरेको थियो। पेसी चढेर पनि ६ पटक हेर्न नभ्याइनेमा पर्दै आएकामा ५ जेठमा सुनुवाइ भएको थियो। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश नित्यानन्द पाण्डेको इजलासले ओझालाई प्राधिकरण अध्यक्षमा नियुक्ति गरेको आधारसहितका कागजात पेस गर्न आदेश दिएको थियो। यसबारे सिफारिस समिति र मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश भएको थियो। गत १९ जेठमा न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र बालकृष्ण ढकालको संयुक्त इजलासले रिटउपर पूर्ण सुनुवाइका निम्ति पेस गर्ने आदेश गरेको छ। अब यो मुद्दा पूर्ण इजलासबाट सुनुवाइ हुनेछ।

सिफारिस समिति नै प्रश्नको घेरामा, विज्ञसँग अख्तियारले लियो बयान

ओझाको नियुक्तिमा कैफियत देखिएपछि उनलाई सिफारिस गर्नेसमेत प्रश्नको घेरामा परेका छन्। प्राधिकरण अध्यक्षको नियुक्ति सिफारिसका लागि मन्त्रिपरिषद् बैठकले ९ पुसमा समिति गठन गरेको थियो। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी संयोजकत्वको सिफारिस समितिमा तत्कालीन अर्थसचिव डा. रामप्रसाद घिमिरे र विज्ञका रूपमा ज्योतिचन्द्र ओझा थिए।

सिफारिस समितिले २६ पुसमा अध्यक्ष नियुक्तिका लागि इच्छुकबाट आवेदन आह्वान गरेको थियो। सिफारिस समितिको पदपूर्तिसम्बन्धी सूचनामा बिमा ऐनबमोजिमको आवश्यक योग्यता तथा अनुभव तोकिएका थिए। त्यसमा बिमा ऐन, २०७९ को दफा ८ को उपदफा १ (क) बमोजिम बिमा, मौद्रिक, बैंकिङ, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्यांकशास्त्र, गणित, अर्थशास्त्र वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर वा सोसरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको उच्च व्यवस्थापकीय कार्य अनुभव हासिल गरेको हुनुपर्ने उल्लेख छ। उच्च नैतिक चरित्र भएकोलगायत ऐनका व्यवस्था थिए।

यसैबमोजिम प्राप्त १२ वटा आवेदनमध्येबाट सिफारिस समितिले ओझालाई अध्यक्षमा सिफारिस गरेको थियो। अन्तिम चरणमा सर्टलिस्टमा पुगेका पूर्वसचिव रामशरण पुडासैनी र दामोदर बसौलालाई पछि पारेर ओझालाई नियुक्ति गर्ने निर्णय गरिएको थियो। तर, ओझाले पेस गरेका योग्यता कागजातमा खासगरी अनुभवसम्बन्धी कागजातमा कैफियत देखिएको छ। नियुक्तिका लागि पेस गरेको कागजातमा कैफियत देखिएपछि सिफारिस समितिले कुन आधारमा सिफारिस गऱ्यो भन्नेबारे प्रश्न उठेको छ। स्रोतबाट प्राप्त सूचनाअनुसार अख्तियारले सिफारिस समितिका विज्ञसँग बयान लिएको छ। अघिल्लो साता उनीहरूसँग बयान लिइएको हो।

अख्तियारले विस्तृत छानबिन गरिरहेकै वेला सरकारले ओझामाथि राजीनामाको दबाब बढाएको छ। प्रारम्भिक अनुसन्धानबाट कैफियत देखिएपछि विस्तृतमा लगेको फाइलमाथि अख्तियारले छानबिन गरिरहेको छ। तर, अख्तियारले कारबाही अघि बढाउँदा सरकारलाई समेत क्षति हुने देखिएपछि ओझालाई त्यसअघि नै राजीनामा दिन दबाब दिइएको छ। ओझालाई प्राधिकरण अध्यक्षमा सिफारिस गर्दा सिफारिस समितिमा अर्थसचिव डा. घिमिरे पनि थिए। उनी आफैं अख्तियारको सचिव भएर अर्थ गएका हुन्। साढे तीन महिना अख्तियारको सचिव भएका घिमिरे २१ पुस ०७९ मा राजस्वसचिवमा सरुवा भएर अर्थ मन्त्रालय पुगेका थिए। ०८१ साउनमा उनी अर्थसचिव बनेका थिए। अख्तियारको कार्यअनुभव भएका सचिवसहितको सिफारिस समितिले ओझाको कैफियतपूर्ण सिफारिस गरिदिएपछि सिफारिस समिति पनि छानबिनमा तानिएको छ। अख्तियार मुद्दाको तयारीमा जाँदा ओझालाई नियुक्तिको निर्णय गर्ने सरकार र पद तथा गोपनीयताको शपथ गराउने उपप्रधानमन्त्री तथा अर्थमन्त्रीमाथिसमेत प्रश्न उठेको छ।

त्रिविले ल्यायो २८ अर्ब १२ करोड ५७ लाखको बजेट

गत वर्षभन्दा दुई अर्ब २३ करोडले बढ्यो बेरुजु



शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालय सभाले आगामी आर्थिक वर्षको बजेट पारित गरेको छ। बिहीबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठकले आगामी आर्थिक वर्षका लागि २८ अर्ब १२ करोड ५७ लाख २१ हजार रुपैयाँको बजेट पारित गरेको हो।

त्रिवि सभाहलमा हुनुपर्ने बैठक प्रधानमन्त्री केपी ओलीले बालुवाटारमा राखेका थिए। बैठकमा त्रिवि रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले बजेट प्रस्तुत गरे। बुधबारमा मात्रै प्रधानमन्त्री ओलीले त्रिवि उपकुलपतिमा प्रा.डा. दीपक अर्यालेलाई नियुक्ति गरेका थिए। २२ असारमा बस्नुपर्ने त्रिवि सभा बिहीबार बसेको हो। त्रिविले आगामी आर्थिक वर्षमा श्रमबजारउन्मुख पाठ्यक्रम निर्माण गर्ने कार्यक्रम समेटेको छ। अन्तर्राष्ट्रिय विद्यार्थी भित्र्याउने रणनीतिसहित काम गर्ने योजना त्रिविले अघि सारेको छ। आगामी आर्थिक वर्ष त्रिविले विभिन्न प्राज्ञिक अनुसन्धानमूलक कार्य, अन्तर्राष्ट्रिय गोष्ठी, कार्यशाला तथा सेमिनारलाई समेत प्राथमिकतामा राखेको छ। सभाले विभिन्न संकाय र तहमा उत्तीर्ण भएका ८९ हजार १९१ विद्यार्थीसहितको ६३औं ग्रेसलिस्ट पारित गरेको छ।

त्रिवि कुलपतिसमेत रहेका ओलीले विश्वविद्यालयलाई २१औं शताब्दीको समयसुहाउँदो प्रतिस्पर्धी र सक्षम विश्वविद्यालयका रूपमा स्थापित गर्न आग्रह गरे। शिक्षामन्त्री रघुजी पन्तले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय संकल्प पूरा गर्न शिक्षा क्षेत्रको महत्त्वपूर्ण भूमिका हुने भएकाले विश्वविद्यालयले त्यसअनुसार काम गर्नुपर्नेमा जोड दिए। उपकुलपति प्राडा दीपक अर्याललेे विश्वविद्यालयमा कुल विद्यार्थीको कम्तीमा एक प्रतिशत (करिब चार हजार) विदेशी विद्यार्थी हुने गरी लाग्नुपर्ने बताए।

त्रिवि सभामा विद्यार्थी प्रतिनिधि नराखिएको भन्दै विद्यार्थी संघ-संगठनले विरोध गरेका छन्। नेविसंघ, अखिल क्रान्तिकारीलगायतले विज्ञप्ति नै जारी गरेर विद्यार्थी प्रतिनिधिविना राखिएको सभाको विरोध गरेका छन्। स्वतन्त्र विद्यार्थी युनियन त्रिविले विज्ञप्ति नै जारी गरेर आपत्ति जनाएको छ। 'विद्यार्थीको अधिकार कुण्ठित गर्ने नियतले प्रतिनिधिविनै बसेको विश्वविद्यालय सभा बैठक हाम्रा लागि मान्य छैन। त्रिभुवन विश्वविद्यालय स्वतन्त्र शैक्षिक निकाय हो, यहाँ हुने कुनै पनि बाह्य हस्तक्षेप स्वीकार्य हुँदैन,' सभापति दीपकराज जोशीले जारी गरेको विज्ञप्तिमा छ।

त्रिविको बेरुजुको अवस्था डरलाग्दो छ। महालेखाको पछिल्लो ६२ औं वार्षिक प्रतिवेदनअनुसार त्रिविमा ३० अर्ब ५५ करोड ६२ लाख दुई हजार रुपैयाँ बेरुजु छ। प्रतिवेदनमा दुई अर्ब २३ करोड ४५ लाख ६३ हजार बेरुजु थपिएको उल्लेख छ। तीन आर्थिक वर्षदेखि बेरुजु संपरीक्षण तथा फर्स्यौट हुन नसकेको त्रिविले जनाएको छ। आइतबार प्रस्तुत गरिएको त्रिविको आर्थिक लेखाजोखा विवरणमा महालेखा परीक्षकको कार्यालयको ६१औं वार्षिक प्रतिवेदनले २८ अर्ब ३२ करोड १६ लाख ३९ हजार बेरुजु देखाएकोमा यस वर्ष बढेको हो।

संक्षेप

माओवादीले बोलायो स्थायी समिति बैठक

काठमाडौं/ प्रमुख प्रतिपक्ष दल माओवादीले स्थायी समिति बैठक बोलाएको छ। केन्द्रीय कार्यालय पेरिसडाँडामा बिहीबार बसेको पदाधिकारी बैठकले साउनको दोस्रो साता स्थायी समिति बैठक बोलाउने निर्णय गरेको सचिव गंगानारायण श्रेष्ठले जानकारी दिए। बैठकले आगामी ७ साउनमा नेकपाका संस्थापक पुष्पलाल श्रेष्ठको स्मृति दिवस औपचारिक रूपले मनाउने र विपत् व्यवस्थापनमा पार्टीपंक्ति सक्रिय भएर लाग्ने निर्णय गरेको छ। माओवादीले प्यालेस्टाइन र इरानमाथि भएको ज्यादतीविरुद्ध शुक्रबार १२ राजनीतिक दलले गर्ने विरोध सभामा सचिव लीलामणि पोखरेललाई वक्ताका रूपमा पठाउने भएको छ। बैठकले बाबुराम भट्टराई नेतृत्वको नेसपा (नयाँ शक्ति)बाट एकता प्रक्रियामा समाहित हेमबहादुर थापा (कास्की)लाई पूर्ण केन्द्रीय सदस्य र कास्कीका राजु क्षेत्रीलाई वैकल्पिक केन्द्रीय सदस्य बनाउने निर्णय पनि गरेको छ।

यस्तै, नेसपा पृष्ठभूमिका १५ नेतालाई बैठकले वैकल्पिक केन्द्रीय सदस्य बनाएको छ। नेसपा समायोजन गराएका गंगानारायण श्रेष्ठलाई यसअघि नै सचिवको जिम्मेवारी दिइएको थियो। वैकल्पिक केन्द्रीय सदस्यमा कृष्णकुमार भण्डारी (काभ्रे), मीनबहादुर दर्जी (झापा), कृष्ण सापकोटा (बागलुङ), मोदनाथ तिमल्सिना (सिन्धुली), प्रमिला यादव (धनुषा), मेघराज तामाङ (रामेछाप) छन्। यस्तै, डा. जयनारायण यादव (सिराहा), राजु महर्जन (काठमाडौं), टीका कन्दङ्वा (तेह्रथुम), अनिता थिङ (काभ्रे), शंकर अधिकारी (धादिङ), बद्रीविलास मिश्र (लमजुङ), शोभा माझी (सिन्धुली), राकेश साह (महोत्तरी) र राजनकुमार दनुवार (उदयपुर) छन्।

सिम्यान्स पासपोर्ट वितरण सुरु

काठमाडौं/ पानीजहाजमा काम गर्नेलाई सरकारले सिम्यान्स अभिलेख किताब (सिम्यान्स पासपोर्ट) वितरण सुरु गरेको छ। पासपोर्टजस्तै यस्तो अभिलेख किताब नहुँदा पानीजहाजमा काम गर्नेले समस्या झेल्दै आएका थिए। राहदानी विभागले बुधबार इलामको सूर्योदय नगरपालिका- ४ श्रीअन्तुका अमितकुमार सिंहलाई यस्तो अभिलेख किताब दिएर यसको सुरुवात गरेको हो। पानीजहाजमा काम गर्ने व्यक्तिहरू विभिन्न देश आवातजावत गरिरहनुपर्ने भएकाले सामान्य पासपोर्ट मात्र हुँदा उनीहरूले कठिनाइ भोग्दै आएका थिए। कतिपय अवस्थामा उनीहरू पानीजहाजबाटै बाहिर निस्कन नपाउने गरेका थिए। सरकारले पहिले नै यससम्बन्धी कानुन संशोधन गरे पनि वितरण सुरु हुन सकेको थिएन। हालै मात्र विभागले यस प्रकारको पासपोर्ट छपाइ गरेपछि वितरण थालेको हो। राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालले सिम्यान्स अभिलेख किताब वितरण सुरु भएसँगै पानीजहाजमा काम गर्ने धेरैलाई यसले सहज विश्वास व्यक्त गरेका छन्।

जुनीचाँदेको केन्द्र लुहादहमै रहने सर्वोच्चको फैसला

जाजरकोट/ कर्णाली प्रदेश सरकारले जुनीचाँदे गाउँपालिकाको प्रशासकीय केन्द्र परिवर्तनसम्बन्धी निर्णयमाथि गरेको हस्तक्षेप असंवैधानिक भएको सर्वोच्च अदालतले ठहर गरेको छ। सर्वोच्चले ३० वैशाख ०७५ मा बसेको विशेष गाउँ सभाको निर्णयलाई वैधानिक ठहर गरेको छ।

अदालतले प्रदेश सरकारद्वारा गठित छानबिन समिति र सो समितिको प्रतिवेदनका आधारमा गरिएको मन्त्रिपरिषद्को निर्णय तथा त्यसका आधारमा नेपाल सरकारलाई पठाइएको पत्रलाई वैधानिक नभएको भन्दै खारेज गरेको छ। बुधबार अदालतले गाउँपालिकाको केन्द्र विवादसम्बन्धी मुद्दाको पूर्णपाठ सार्वजनिक गरेको छ। गाउँपालिकाको विशेष गाउँ सभा बैठकमा तत्कालीन ५६ सदस्यमध्ये ३९ जना उपस्थित रहेर प्रशासकीय केन्द्र लुहादह सार्ने निर्णय गरिएको थियो। जसमा सहभागी चारजना सदस्य नानकली बुढा, धने लोहार, रूपशिला दमाईं र अमरबहादुर कार्कीले असहमति जनाउँदै प्रदेश सरकारसमक्ष निवेदन दिएका थिए। प्रदेश सरकारले उनीहरूको असहमतिको निवेदनलाई आधार मानी गाउँ सभा बैठकमा दुईतिहाइ नपुगेको निष्कर्ष निकालेको थियो। प्रदेश सरकारले तत्कालीन प्रदेश सभा सदस्य प्रकाश ज्वालाको अध्यक्षतामा छानबिन समिति गठन गरी सो समितिको प्रतिवेदनअनुसार संघ सरकारलाई 'केही गर्न नपर्ने' आशयको पत्र पठाएको थियो। तर, सर्वोच्चले सो प्रक्रिया नै गलत भएको ठहर गर्दै भनेको छ, 'निर्णयको वेला सहभागी भएर दस्तखत गेर पनि पछि गएर असहमति जनाउनु कानुनी दृष्टिले मान्य हुँदैन, त्यसैलाई आधार बनाएर दुईतिहाइ नपुगेको भन्ने व्याख्या गलत हो।'

रवि लामिछानेको पक्षमा अभिनेत्री कोइराला र पूर्वन्यायाधीश केसीको हस्ताक्षर

नयाँ पत्रिका





सभापति रवि लामिछानेमाथि राज्यले राजनीतिक प्रतिशोध साधेको भन्दै रास्वपाले सञ्चालन गरेको हस्ताक्षर अभियानमा अभिनेत्री मनिषा कोइराला र पूर्वन्यायाधीश बलराम केसीले हस्ताक्षर गरेका छन्। कोइराला र केसीले बिहीबार वनस्थलीस्थित रास्वपा केन्द्रीय कार्यालय पुगेर प्रतिशोधविरुद्ध ऐक्यबद्धता जनाएका हुन्।

कोइरालाले आमनागरिकका रूपमा लामिछानेमाथि राज्यबाट अन्याय भएकाले विरोधमा आवाज उठाउन हस्ताक्षर गरेको प्रतिक्रिया दिइन्। 'राज्यबाट जुन अन्याय र दुर्व्यवहार भइराखेको छ, त्यसको विरोधमा आवाज उठाउन आएको हुँ,' उनले भनिन्।

पूर्वन्यायाधीश केसीले सामान्य नागरिकका रूपमा राज्यबाट भएको प्रतिशोधविरुद्ध हस्ताक्षर गर्न आएको बताए। 'जुन किसिमले मुद्दा चल्यो, त्यसमा म केही खेल देख्छु। कानुनी रूपमा हेर्दा लामिछानेमाथि बदनियतपूर्ण तरिकाले मुद्दा चलाउने काम भएको छ,' उनले भने।

केसीले प्रहरी र सरकारी वकिलको अभियोजनमै प्रश्न उठाए। 'सहकारी ठगीमा जाहेरी दिनेमा कतिपयले मेरो नाम नक्कली राखियो, मैले लामिछानेविरुद्ध जाहेरी दिएको छैन भनेर आएको छ। यसमा सरकारी अभियोजनकर्ताले हामी चुकेछौं कि, निर्दोष मान्छे त मुद्दा खेपिरहेको छैन भनेर सोच्ने वेला आएको थियो। जाहेरी दरखास्त दिएको होइन भनेपछि रिकन्सिडर गर्नुपर्थ्यो,' उनले भने, 'अहिले थुने थुनोस्, जे गरे गर्छ भनेर बसेको छ। त्यो पुनरावलोकन गर्नुपऱ्यो। त्यही जाहेरीका आधारमा अदालतले थुनेको हो। अदालतलाई होइन प्रहरी र सरकारी वकिललाई पुनरावलोकन किन नगरेको भनेर प्रश्न गर्नुपर्छ।'

जनताले पुराना दलको विकल्प खोजेको र रास्वपा आउँदा भाग खोसिएपछि राज्य दमनमा उत्रिएजस्तो देखिएको उनको भनाइ थियो। अदालतको निर्णयमा प्रश्न उठाउन पाइने, स्वच्छ आलोचना गर्न पाइने भन्दै पूर्वन्यायाधीश केसीले कार्यपालिका र व्यवस्थापिकाजस्तै विवादमा परिरहेको न्यायालयमा सुधारको आवश्यकता औंल्याए। रास्वपा सभापति लामिछानेले पार्टीको तेस्रो स्थापना दिवसका अवसरमा जारी गरेको अपिल बोकेर हस्ताक्षर अभियानमा उत्रिएको छ। हालसम्म १२ लाखभन्दा बढीले हस्ताक्षर अभियानमा सहभागी हुँदै ऐक्यबद्धता जनाइसकेको संयोजक दीपक बोहराले बताए।

'जस्ट फ्युचर्स फेलोसिप' सात दलित महिलालाई

काठमाडौं/ जस्ट फ्युचर्स पहल (जेएफपी)ले सात दलित महिलालाई जस्ट फ्युचर्स फेलोसिप (बहिन-वृत्ति) प्रदान गरेको छ। फेलोसिप प्राप्त गर्नेमा बागमती प्रदेशका सरिना द्यौला, मञ्जिता परियार, प्रमिला विक, कञ्चन कटुवाल, राधिका रोका, मनिका विश्वकर्मा र संगीता मिजार छन्। फेसोसिप ०२५ अगस्टदेखि १२ महिनासम्म सञ्चालन हुनेछ। फेलोसिपका लागि बागमती प्रदेशबाट २०१ जनाको निवेदन परेको थियो। जसमध्ये १६ जना सर्टलिस्टमा परेका थिए। फेलो छनोटमा जेएफपीकी मधु महरा, पूर्वसांसद तथा दामल फेलो फ्याकल्टी अञ्जना विशंखे र त्रिभुवन विश्वविद्यालयका मानवशास्त्री डा. मुक्तसिंह लामा जुरी थिए।

दलित महिलाका अनुभव, अनुभूति, आकांक्षा र ज्ञानलाई केन्द्रमा राखेर फेलोको नामकरण गरिएको हो। मधेश प्रदेशको जस्ट फ्युचर्स फेलोसिप र राष्ट्रियस्तरको जेएफपी फ्याकल्टीबाट छानिएका फेलोले सञ्चालन गरेको दामल फेलोसिपको प्रयोगका आधारमा नयाँ फेलोसिप थालनी गरिएको हो। जेएफपी दलित महिलाका मुद्दा र सामूहिक नेतृत्वलाई केन्द्रमा राखेर ज्ञान उत्पादन र नयाँ भाष्य निर्माण गर्ने लक्ष्यसहित स्थापना भएको संस्था हो, जसको जग समुदायस्तरमा सञ्चालित 'जस्ट फ्युचर्स फेलोसिप' हो। जेएफपी कोर टिम समता फाउन्डेसनमार्फत सञ्चालित 'जस्ट फ्युचर्स इनिसियटिभ'मा सुरुदेखि नै आबद्ध थियो। जसले फाउन्डेसनको अवधारणा बनाउने मात्र नभई कार्यक्रम र योजना लागू गर्ने तहसम्मको काममा अगुवाइ गर्दै आएको थियो।

किन सुस्तायो राजावादी आन्दोलन ?

प्रतिकूल मौसम र खेतीपातीका कारण आन्दोलन स्थगित भएको दाबी, वर्षायामपछि सशक्त बनाइने

नयाँ पत्रिका

राजसंस्था र वैदिक सनातन धर्मसापेक्ष हिन्दुराष्ट्र पुनर्स्थापनालगायत माग गर्दै सुरु भएको राप्रपासहितको काठमाडौंकेन्द्रित आन्दोलन सुस्ताएको छ। गणतन्त्र दिवसको सन्दर्भ पारेर गरेको अनिश्चितकालीन आन्दोलन घोषणा वर्षा लागेसँगै सुस्ताएको हो।

मौसम प्रतिकूलता र खेतीपातीको समय भएकाले आन्दोलन स्थगित भएको राप्रपा प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए। वर्षायामपछि पुनः आन्दोलन सुरु हुने उनको भनाइ छ। 'मौसम प्रतिकूलता र खेतीपातीको समयका कारण काठमाडौंकेन्द्रित सडक आन्दोलन स्थगित भएको हो। वर्षापछि फेरि आन्दोलन सुरु हुन्छ। सडक आन्दोलन स्थगित भए पनि पार्टीको एजेन्डामा जनमत बनाउने काम भइरहेको छ,' उनले भने।

राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौला कमजोरीबाट पाठ सिकेर नयाँ ढंगको निर्णायक आन्दोलनको तयारीमा रहेको बताउँछन्। 'वर्षाका कारण अहिले आन्दोलन रोकिएको छ। यसबिचमा आन्तरिक तयारी भइराखेको छ। आन्दोलनका क्रममा भएका कमीकमजोरीको पनि समीक्षा भइरहेको छ। आन्तरिक बैठक, प्रशिक्षणमै व्यस्त छौं। वर्षापछि निर्णायक आन्दोलनको तयारी छ,' उनले भने।

नवराज सुवेदीको नेतृत्वमा राजावादी-हिन्दुवादी दल र समूह एक ठाउँमा उभिएर संयुक्त अनिश्चितकालीन आन्दोलन घोषणा गरेका थिए। संयुक्त जनआन्दोलन समितिका संयोजक सुवेदीले दोस्रो चरणको आन्दोलन अघि बढाएको बताएका थिए। तर, राजावादीहरूबिचमै मनमुटाव र आन्दोलनमा सहभागिता कम हुँदै गएपछि आन्दोलन कमजोर बन्न पुगेको छ।



● **मोहन श्रेष्ठ**, प्रवक्ता, राप्रपा

मौसम प्रतिकूलता र खेतीपातीको समयका कारण काठमाडौंकेन्द्रित सडक आन्दोलन स्थगित भएको हो। वर्षापछि फेरि आन्दोलन सुरु हुन्छ। सडक आन्दोलन स्थगित भए पनि पार्टीको एजेन्डामा जनमत बनाउने काम भइरहेको छ।

एजेन्डामा एकमत देखिए पनि आन्दोलनको जस कसले लिने भन्ने होडबाजीले समेत आन्दोलन कमजोर भएको राजावादीहरू बताउँछन्। जेठको तेस्रो साता आन्दोलनको नयाँ कार्यक्रम घोषणा गर्न डाकिएको भेलामा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन नै अनुपस्थित भएपछि भाँडभैलो मच्चिएको थियो। भेलामा सुवेदीले दोस्रो चरणको आन्दोलन अघि बढाउने बताएका थिए।

गत १५ चैतमा आन्दोलन हिंसात्मक भएपछि राजावादी दल र समूह रक्षात्मक बनेका थिए। हिंसा भड्काएको आरोपमा राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणाले मुद्दा खेपिरहेका छन्। त्यसको एक महिनापछि गत १५ वैशाखमा राजावादी दल र समूह एउटै मञ्चमा देखिएर आन्दोलन उठाउने प्रयत्न गरेका थिए। त्यही क्रममा राजावादी, हिन्दुवादी दल र समूहले १५ जेठबाट अनिश्चितकालीन आन्दोलन घोषणा गरेका थिए। जुन आन्दोलन पाँच दिनसम्म चलेको थियो।

शान्तिवाटिका, माइतीघर मण्डला, नक्सालस्थित नारायणचौरमा प्रदर्शनका क्रममा राप्रपा नेपालका अध्यक्ष कमल थापा, सांसद दीपकबहादुर सिंहलगायत पत्रकाउ परेका थिए। त्यसको विरोधमा उपत्यका बन्द घोषणा गरिए पनि तत्कालै फिर्ता लिइएको थियो। जिल्ला प्रशासन कार्यालय काठमाडौंले सिफल चौर, कोटेश्वर र बल्खुको निश्चित स्थानमा मात्रै सभा, जुलुस गर्न पाइने गरी अन्य क्षेत्रमा निषेधाज्ञा जारी गरेपछि राजावादी आन्दोलन दबाबमा परेको थियो। त्यसपछि १९ जेठमा दरबार हत्याकाण्डको सम्झनामा आन्दोलन स्थगित गरेर २० जेठमा सिफल चौरमा राजावादीले आन्दोलन गरेका थिए। त्यसपछि राजावादी आन्दोलन सुस्ताएको छ।

राप्रपाले राजावादी आन्दोलनका संयोजक नवराज सुवेदीले सम्हालेको अनुशासन आयोगको अध्यक्षको जिम्मेवारी नेतृ रोशन कार्कीलाई दिएको छ। सुवेदी राप्रपा परित्याग गर्दै राजसंस्था पुनर्स्थापनका लागि संयुक्त जनआन्दोलनको नेतृत्व गर्न गएपछि रिक्त भएको पदमा कार्कीलाई मनोनयन गरिएको हो।

राप्रपाका नेता सगुन लावती प्रवक्ताबाट बर्खास्त भएका छन्। लावतीमाथि निरन्तर पार्टी हितविपरीतका क्रियाकलाप गरेको, नीति र नेतृत्वबारे भ्रम फैलाएको, नेता-नेताबिच फाटो ल्याउने काममा संलग्न भएकोलगायत आरोप लागेको राप्रपाका एक पदाधिकारीले जानकारी दिए।

शिलान्यास र उद्घाटन 'कल्चर'माथि प्रश्न

सिंगमरमरमा नाम लेखाएर गरिने उद्घाटन वा शिलान्यास दुवै सरकारी रकमको दुरुपयोग, भ्रष्टाचार र चुनावलक्षित प्रचारप्रसार हुन्



● बलराम केसी

अग्रलेख

केही दिनअघि तामझामसहित प्रधानमन्त्री केपी शर्मा ओलीबाट ग्वार्को फ्लाइओभर र २२ असारमा कर्णाली नदीमाथिको बेलिब्रिज उद्घाटन गरियो । फ्लाइओभर उद्घाटनमा रातोनिलो बत्ती बल्ने सरकारी गाडीको लावालस्कर र उपस्थित कर्मचारीको संख्या देख्दा नेपालमा कार्यालय समय र सरकारी ढुकुटीको रकमको कुनै मतलब र महत्त्व नहुने देखियो । विकसित देशमा भए प्रधानमन्त्रीलाई फ्लाइओभर उद्घाटन गर्ने फुर्सद हुँदैन । सिंगमरमरमा नाम लेखाएर गरिने उद्घाटन वा शिलान्यास दुवै सरकारी रकमको दुरुपयोग, भ्रष्टाचार र चुनावलक्षित प्रचारप्रसार हो । धारा ७५(१) र (२) ले लाखौँलाख खर्च गरेर उद्घाटन गर्दै हिँड्ने प्रधानमन्त्री चाहेको होइन । धारा ७५ ले रिङरोडका सबै चौबाटा र अब बन्ने सबै राजमार्गमा फ्लाइओभर र नदीमा बेलिब्रिज बनाउने आर्थिक विकासको भिजन भएको सिंहदरबारमा बसेर नीतिगत निर्णय गर्ने प्रधानमन्त्री चाहेको हो, उद्घाटन र शिलान्यास गर्दै हिँड्ने होइन । नीति-निर्माण सिंहदरबारमा बसेर गर्ने उच्चस्तरीय, महत्त्वपूर्ण, मर्यादित, बौद्धिक, विकासप्रेमी, सार्वभौम, संवैधानिक कार्यकारी काम हो । प्रधानमन्त्रीबाट त्यस्तो काम हुनुपर्छ । कर्मचारीबाट नमस्ते खाँदै कार्यकर्तालाई भेला गराएर जयजयकार गराउँदै खोजीखोजी उद्घाटन गरेर हिँड्नु प्रधानमन्त्रीको काम होइन । शिलान्यास र उद्घाटन समय र सरकारी ढुकुटीको बर्बादी हो । यस्तो कार्यलाई महालेखाले बेरुजु निकाल्नुपर्छ । उद्घाटन र शिलान्यासमा भएको खर्च गलत हो भनेर प्रतिवेदनमा समेट्नुपर्छ ।

ग्वार्को फ्लाइओभर र बेलिब्रिज उद्घाटन गर्न प्रधानमन्त्रीको फुर्सद देख्दा अचम्म लाग्यो । हामी राणाकालमा छौँ जस्तो लाग्यो । फ्लाइओभर र बेलिब्रिज सडककै सामान्य अंश हो । इन्जिनियरिङ र प्राविधिक हिसाबले चामत्कारिक काम होइन । गाडीका लागि बेलिब्रिज मानिसका लागि झोलुंगे पुलजस्तै हो । सन् १९०३ मा राणा प्रधानमन्त्रीले चोभारको गल्छी र ललितपुरलाई कीर्तिपुरसँग जोड्ने सुन्दरीघाटमा झोलुंगे पुल बनाउन लगाए । ती दुई पुल आजसम्म चालू अवस्थामै छन् । त्यतिवेला उद्घाटन गर्नुपरेन । पुल बनाउने कम्पनी स्कटल्यान्डको 'लुइस हार्पर कम्पनी'ले बनाएको भन्ने छाप मात्र छ त्यहाँ । २१औँ शताब्दीमा प्रधानमन्त्रीबाट झोलुंगे पुलको उद्घाटन गर्नु अन्तर्राष्ट्रिय जगत्ले अनौठो मान्छ । विकसित देशका फ्लाइओभरसित तुलनामा गर्दा ग्वार्को फ्लाइओभर एउटा सानो 'कल्भर्ट'जस्तो मात्र हो । टाढा जानुपर्दैन, बैंकक, सिंगापुरलगात देशमा दुईतले सडक सामान्य हो । अमेरिका, जर्मनीलगायत देशमा १२ लेनको सडक सामान्य हो । ती देशमा एकमाथि अर्को थप्दै जेरीजस्तो जेलिएका फ्लाइओभर र पुल बनेका हुन्छन् । त्यहाँ ठेकेदारले नै निर्माणाधीन अवस्थामा प्लास्टिकका ठुल्ठुला ब्लकमा 'निर्माणाधीन सडक बन्द' भन्ने सूचना बोर्ड राख्छन् । मोबाइल गाडीमा पहेँलो बत्तीले बाटो बन्द र खुलाइएको बाटो देखाइरहेको हुन्छ । निर्माण पूरा भएपछि ठेकेदारले नै अन्य सडकसँग जोडेर आवागमन खुला गर्छन् । राष्ट्रपतिको त कुरै नगरौँ, मेयरले समेत उद्घाटन गर्दैनन् त्यहाँ । हाम्रोमा एउटा सामान्य फ्लाइओभर र बेलिब्रिज उद्घाटनमा तामझामसहित लाखौँलाख खर्च गरेर लावालस्कर लिएर उद्घाटन गर्न प्रधानमन्त्री पुगेको देख्दा नेपालका प्रधानमन्त्री कति फुर्सदिला र खर्चिला छन् भन्ने प्रमाणित हुन्छ ।

तत्कालीन राजा वीरेन्द्रको समयमा पश्चिम पोखरामा भारी वर्षाका कारण पुल बगायो । पहिरो गयो । जनताको बालिनाली नोक्सानी भयो । सरकारले बेलायती सरकारसित अनुरोध गरेर बेलायती सेनाको जहाजबाट बेलिब्रिज ल्याएर बिछ्याएर गाउँगाउँमा खाद्यान्न पुर्‍यायो । आविष्कार र विकासको उत्कर्षमा पुगेको आजको विश्वमा सिंहदरबारमा काम छाडेर प्रधानमन्त्री लाखौँ खर्च गरेर बेलिब्रिज उद्घाटन गर्न पुग्नु भनेको अधिकारको चरम दुरुपयोग हो । देश संघीय बनिसक्यो । सातवटा प्रदेश सरकार छन् । मार्बलमा प्रधानमन्त्रीको आफ्नो नाम लेखाउने स्वार्थ नभए प्रदेश सरकारप्रमुखबाट उद्घाटन गराएको भए पनि त हुन्थ्यो नि ! संघीय देशमा एकात्मक सोचको 'माइन्ड सेट' भनेको यही हो ।

शिलान्यास र उद्घाटन आवश्यक काम कदापि होइन । अनावश्यक खर्च, प्रचारबाजी, भ्रष्टाचार, अख्तियारको दुरुपयोग, समय, स्रोत र साधनको दुरुपयोग हो । ग्वार्कोको एउटा फ्लाइओभरले रिङरोडमा हुने सवारी जाम एक प्रतिशत पनि कम हुँदैन । ग्वार्कोबाट उत्तर गएको गाडी कोटेश्वर चोकमा थुप्रिन्छ र दक्षिण जाने गाडी सातदोबाटो चोकमा । जाम नगराउने हो भने ग्वार्कोका साथै रिङरोडका कम्तीमा १० वटा चौबाटोमा एकसाथ फ्लाइओभर बनाउनुपर्थ्यो । प्रधानमन्त्रीले 'मेरै पालामा बन्यो' भनेर गर्व गरे पनि यो गर्व गर्नलायक विषय नै होइन । दर्जनौँ फ्लाइओभर चाहिनेमा सडकमा एउटा बनाएर जाम घट्ने हो र ? भिजनको कमी भनेकै यही हो ।

गत असोजको बाढीले कमलादीमा बिच सडकमा भ्वाङ पर्‍यो । त्यसलाई पुर्न तीन महिना लाग्यो । खाडल पुरेपछि तामझामसहित उद्घाटन गरियो । धन्न प्रधानमन्त्री



उद्घाटनमा पुग्नुभएन । प्रधानमन्त्रीले फ्लाइओभर उद्घाटनमा समय खेर फाल्नुभन्दा सिंहदरबारमै बसेर ग्वार्कोमा मात्र फ्लाइओभर बनाउनु गल्ती भएछ, बुद्धि पुगेनछ, यसपालिको बजेटमा पनि हालिएनछ, अब आउँदो आर्थिक वर्षमा कोटेश्वर, चाबहिल, नारायणगोपाल चोक, टोखा चोक, बालाजु चोक, स्वयम्भू चोक, नक्खु, एकान्तकुना, सातदोबाटोलगायत चोकमा एकसाथ फ्लाइओभर बनाउनुपर्छ भन्ने भिजनसहितको नीतिगत निर्णय गर्नुपर्ने हो । प्रधानमन्त्री भनेको विचारको पोको हुनुपर्छ । ती विचारलाई सिंहदरबारमा बसेर योजना र नीतिमा परिणत गर्नुपर्छ । कर्मचारीबाट लागू गराउनुपर्छ । कति लागू भयो या भएन, निगरानी गर्नुपर्छ । तर, हाम्रा प्रधानमन्त्रीलाई उद्घाटन र शिलान्यासबाट फुर्सद मिले पो !

२२ असारमा त्रिभुवन विश्वविद्यालय (त्रिवि) को सिनेटको बैठक कुलपति अर्थात् प्रधानमन्त्रीकै आदेशमा बोलाइयो । विश्वविद्यालयको बजेट पास गर्नुपर्ने थियो । ९० हजार विद्यार्थी दीक्षान्त हुनुपर्ने थियो । पदाधिकारी बैठकका लागि सब तयार थिए । तर, प्रधानमन्त्री तामझाम र लावालस्करसहित बेलिब्रिज उद्घाटनका लागि कर्णालीतिर जानुभयो । बेलिब्रिज उद्घाटनले गर्दा सब अस्तव्यस्त भयो । यस्तो काम कर्मचारीबाट भएको भए विभागीय कारबाही हुनुपर्ने स्तरको गल्ती हो । तर, प्रधानमन्त्रिलाई कसले छुने ? यस अनुपस्थितिले गर्दा प्रधानमन्त्रीबाट त्रिविका पदाधिकारीको अपमानसमेत भयो । उद्घाटन महत्त्वपूर्ण कि कुलपतिको हैसितयले सभा सञ्चालन गर्नु महत्त्वपूर्ण हो ? कानुन पनि त्यस्तै बेढंगी बनाइएको छ, प्रधानमन्त्री नै कुलपति बन्नुपर्ने गरी । सार्वजनिक भएअनुसार प्रधानमन्त्रीसँग 'पिएचडी'को उपाधि छ । यस्ता विद्वान् कुलपति पाउनु त्रिविको अहोभाग्य मान्नुपर्छ । कानुनअनुसार प्रधानमन्त्री पदीय हैसियतमा कुलपति बन्ने हुनाले कुनै दिन ८-१० कक्षा मात्र पढेका व्यक्ति प्रधानमन्त्री भएर कुलपति बनेमा हाम्रो शिक्षाको अवस्था कस्तो होला ? हार्बर्ड, अक्सफोर्ड, क्याम्ब्रिजलगायत विश्वका सबैजसो विश्वविद्यालयमा प्रधानमन्त्री वा राष्ट्रपतिलाई कुलपति बनाइँदैन । कुलपति अति विद्वान्लाई बनाइन्छ । हामीले पनि भावी प्रधानमन्त्री आजको जस्तो पिएचडीवाला नपाउन सक्छौँ । त्यसैले ऐन संशोधन गरिहाल्नुपर्छ ।

> उद्घाटन र शिलान्यास मार्बलमा नाम लेखाउने होडबाजी मात्र हो । नाम र कीर्ति त मार्बलमा लेखाएर होइन, देश निर्माणको भिजन र त्यसअनुसारको कामबाट राख्न सक्नुपर्छ ।

नेताहरूमा शिलान्यास र उद्घाटनको भोक देख्दा युवायुवती, विद्यार्थी, बुद्धिजीवी र समाज हाँसिरहेछन् । शिलान्यास र उद्घाटन धार्मिक शुभकार्य मानेर होला सरकारी खर्चमा हिन्दु विधिअनुसार ब्राह्मणबाट पूजापाठ गराएर गरिन्छ । तर, शपथ खाँदा राष्ट्रपतिले ईश्वरका नाममा भन्दा कि मौन बस्ने कि जनताका नाममा भन्ने गरेको सुनिन्छ । मिडियामा 'मन्दिर जान्नँ र हिन्दु धर्म धर्म नै होइन भन्ने गरेको पनि सुनिन्छ । त्यस्ता व्यक्तिबाट हिन्दु विधिको पूजापाठ गराएर शिलान्यास किन गराउने ? अर्को अनौठो कुरा, धर्मनिरपेक्ष राष्ट्रमा शिलान्यासमा हिन्दु विधि अपनाइन्छ, तर मुस्लिम वा क्रिस्चियन मन्त्रीबाट शिलान्यास गराइँदा मन्त्रीको धर्मअनुसार गराइँदैन । मन्त्रीको धर्मअनुसार पूजापाठ गराउन केको आपत्ति हो ? होइन भने धर्म र मन्त्रीको अनादर भयो । देश धर्मनिरपेक्ष र संघीय भए पनि हिन्दु विधिअनुसार शिलान्यास गर्नु भनेको नेतागणको माइन्ड सेट अझै नफेरिएको प्रमाण हो ।

वर्तमान प्रधानमन्त्री स्वयंले शिलान्यास गरेका कतिपय आयोजना अलपत्र छन् । कतिपय आयोजनामा शिलान्यासबाहेक कुनै काम भएको छैन । केही वर्षअघि प्रधानमन्त्रीले उद्घाटन गरेका ३०० अस्पताल बजेट नभएर लथालिंग अवस्थामा रहेको पनि समाचार आइरहेकै छ । कतिपय आयोजना हस्तान्तरण नहुँदै बाढीले बगाउँछ । गुणस्तर कम भएकाले पुल भत्केका र सडक बिग्रेका घटना धेरै छन् । समयमै काम पूरा नभएर पटक-पटक म्याद थपेका धेरै घटना छन् । यी सब विकृति थाहा हुँदाहुँदै पनि प्रधानमन्त्री अझै शिलान्यास र उद्घाटनमा रमाउनुहुन्छ । आफैँले शिलान्यास गरेको आयोजना लथालिंग भएको थाहा पाएर पनि चुप बसेर पुनः शिलान्यास गर्न मिल्छ ? के यो पदीय मर्यादा र राज्यकोषको गम्भीर दुरुपयोग होइन ?

अन्त्यमा सुझाव, पहिलो कुरा शिलान्यास र उद्घाटन बन्द गरौँ, विदेशबाट सिकौँ । अमेरिकाले चन्द्रमा र अन्तरिक्ष अनुसन्धान गर्न ह्युस्टनमा नासाको स्थापना गर्‍यो । रकेट प्रक्षेपण गर्न 'केप केनेभ्रल'मा 'लन्चप्याड' बनायो । तर, राष्ट्रपतिले या अरू कसैले उद्घाटन नै गरेन । राष्ट्रपति केनेडी थिए । उनले एउटा भाषणमा सन् ६० को दशकभित्र अमेरिकाले चन्द्रमामा मान्छे ओरालेकै हुनुपर्छ भने । आज विश्वभर केनेडीको त्यो बोली गुन्जिरहेको छ ।

उद्घाटन र शिलान्यास मार्बलमा नाम लेखाउने होडबाजी मात्र हो । नाम र कीर्ति मार्बलमा लेखाएर होइन, देश निर्माणको भिजन र त्यसअनुसारको कामबाट राख्न सक्नुपर्छ । भारतका प्रधानमन्त्री डा. मनमोहन सिंहले कुनै उद्घाटन गरेनन् । तर, १९९० मा लाइसेन्स प्रणाली खारेज गरेर उदारीकरणको व्यवस्था बसाए । आज सिंहको नाम विश्वभर लिइन्छ ।

उद्घाटन र शिलापत्र प्रचारका लागि हो । काम गर्न प्रचार गरिरहनुपर्दैन । प्रचारप्रसारका पछाडि स्वार्थ गाँसिएको हुन्छ । नेता स्वार्थी हुनुहुँदैन । प्रचारप्रसारका लागि मार्बलमा नाम लेखाउनु सालिक निर्माण गर्नु तानाशाह प्रवृत्ति हो । युरोप घुम्ने हो भने प्रजातान्त्रिक देशमा सालिक र मार्बलमा नाम देखिँदैन । घरमा फलानो व्यक्ति यो मितिदेखि यो मितिसम्म यस घरमा बसेको थियो भनेर लेखेको पाइन्छ । नेल्सन मन्डेला, भारतका डा. मनमोहन सिंह, पिभी नरसिंह राव, अटलबिहारी बाजपेयी, राजीव गान्धीलगायत नेतालाई उद्घाटनका नाममा नाम लेखाइरहनुपरेन । त्यही इमानदारी र कामले आज यस संसारमा नभए पनि उनीहरू निकै लोकप्रिय छन् । त्यसैले, हामी पनि शिलान्यास र उद्घाटन बन्द गरौँ, भ्रष्टाचार नियन्त्रण गरौँ र देशभक्त बनौँ ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

कांग्रेस सांसद
दिलेन्द्रप्रसाद बडूलाई



भूमिसम्बन्धी विधेयकमा सत्तापक्षबाटै संशोधन प्रस्ताव राख्नुपर्ने अवस्था किन आयो ?

विधेयकका केही प्रावधानमा थप प्रस्ट हुन आवश्यक भएकाले हामीले संशोधन प्रस्ताव राखेका हौँ । यो विधेयक पहिले अध्यादेशका रूपमा आउँदा राष्ट्रपतिबाट 'होल्ड' भएकाले पनि यसमा धेरैको चासो छ । फेरि भूमिसम्बन्धी विषय बढी नै संवेदनशील हुन्छ । त्यसैले, यस्तो विषयमा ऐन बनाउँदा बढी नै 'केयरफुल' हुनुपर्छ भन्ने चेतनाले पनि यो संशोधनमा काम गरेको छ । दुवै हाउसमा छलफल होस्, समितिमा लगेर दफावार छलफल गर्ने समय प्राप्त होस् भनेर पनि हामीले संशोधन राखेका छौँ । भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको समस्या समाधानका लागि भूमि आयोगलाई कानुनी सहजीकरणका लागि यो ऐन ल्याउनुपरेको भनिए पनि त्यसमा घरघडेरी, हाउजिङ, हदबन्दीभन्दा बढी जग्गाको बिक्री-वितरणलगायत विषयलाई पनि घुसाइएको हुनाले यसबारे गहन छलफलको खाँचो परेको हो । कानुन सधैँका लागि बन्ने हुनाले यसमा पक्ष, प्रतिपक्ष नभनी सबैका विचार, सुझाव समेटेर जानु राम्रो हुन्छ । सबैबिचको छलफलबाट राम्रो कानुन बनोस् र यसको दुरुपयोग हुन नपाओस् भनेर हामीले संशोधन प्रस्ताव राखेका हौँ ।

फास्ट ट्र्याकबाटै पारित गर्नुपर्ने हतारो किन आइपर्‍यो ?

हामीले पनि नबुझेको विषय त्यही हो । यसरी हतारहतारमा प्रक्रिया छोट्याएर कानुन बनाउनुपर्ने अवस्था छैन । त्यही भएर पनि हामीले यसलाई समितिमा लगौँ भनेका हौँ । अहिले सम्बन्धित समितिमा अर्को कुनै विधेयक छैन । त्यहाँबाट यसलाई फटाफट पारित गर्न समय लाग्दैन । समितिमा नलगी फास्ट ट्र्याकबाट दौडाउन खोजियो भने त्यो कुनै हालतमा स्वीकार्य हुँदैन । समितिमा छलफल गरेरै सहमतिमा पारित गरियो भने सरकार पनि विवादबाट जोगिन्छ । त्यसैले, आशंकाहरू मेटाउन पनि समितिमा लानुको विकल्प छैन ।

अबका दिनमा यो विधेयक कसरी अघि बढ्ला ?

अबका दिनमा यो विधेयक फास्ट ट्र्याकमा होइन, समितिमा जान्छ । त्यहाँ सदस्यबिच दफावार रूपमा घनीभूत छलफल चल्छ । सोही छलफलका आधारमा विधेयक अघि बढ्छ ।

प्रेरक प्रसंग

सुकरात र उनकी पत्नी



सुकरात ग्रिसका महान् विचारक र दार्शनिक थिए । उनी सडकमा जहाँ उभिन्थे, त्यहाँ मानिसले उनलाई घेरेर विभिन्न प्रकारका प्रश्न सोध्ने गर्थे । कहिलेकाहीँ त मानिसहरू छेउ न टुप्पोका प्रश्न पनि सोधेर उनलाई हैरान पार्ने गर्थे । तर, सुकरात यस्ता सबै प्रश्न ध्यान दिएर सुन्थे र बडो शान्त भावले उनीहरूका सम्पूर्ण प्रश्नको जवाफ दिन्थे । मानिसद्वारा घेरिइरहने भएकाले सुकरात धेरै समयसम्म घरबाहिर रहन्थे । यसले उनकी पत्नी धेरै रिसाउने गर्थिन् । त्यसै पनि उनी बडो कठोर स्वभाव भएकी स्त्री थिइन् । उनी विनाकारण नै सुकरातसँग अनेक बहाना झिकेर झगडा गरिरहन्थिन् । सुकरात बडो शान्त भावले उनका कुरा सुनिरहन्थे । तर, कुनै प्रतिवाद गर्दैनथे ।

एकपटक सुकरातकी पत्नी उनीसित कुनै बहानामा चर्को रिस देखाइरहेकी थिइन् । उनी ठुल्ठुलो स्वरमा सुकरातलाई गाली गरिरहेकी थिइन् । तर, सुकरात एक शब्द नबोली उनका गाली सुनिरहेका थिए । लामो समयसम्म पनि उनकी पत्नीले बोल्न नछाडेपछि सुकरात चुपचाप बाहिर जान लागे । यो देखेर उनकी पत्नीको रिसको पारो झनै बढ्यो । छेउमा फोहोर पानीले भरिएको बाल्टिन राखिएको थियो । क्रोधले तिर्मिराउँदै उनले त्यो सबै फोहोर पानी सुकरातको शरीरमा खन्याइदिइन् । उनी शिरदेखि पाउसम्म भिजे । उनको कपडा पनि फोहोर भयो । तैपनि, उनी शान्त भएर बसे, जस्तो कि केही भएकै छैन । केही क्षणपछि मुस्कुराउँदै शान्त भावमा सुकरातले भने, 'यति ठुलो गर्जनपछि आखिर वर्षा त हुनु नै थियो, होइन र ?'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

हामी झोला कसरी भर्दै छौँ ?

हिजोआज नेपालमा 'झोले'हरूको चर्चा चलिरहँदा झोला नबोक्ने मान्छे संसारमै को पो होला र ? नेतृत्वले नै आफूलाई 'म झोले हो' भनेर सगौरव स्विकारिसकेपछि विचार र विवेकलाई आ-आफ्नो पेटको झोलासँग साट्ने कार्यकर्ता र नेताले त्यसको समर्थन गरेर थपडी बजाउनु अनौठो होइन । आफूसँग भएको झोला भर्न इमानदारी र नैतिकतालाई उपयोग गर्नु गलत होइन । तर, त्यही झोला भर्न आफूभन्दा ठुला नेताको गुलामी गर्नेहरू भने साँचो अर्थमा झोले हुन् । हुन त हामी सबैले त्यही झोला भर्नकै लागि लिगलिगे दौडमा भाग लिइरहेका छौँ । त्यसैले, हामी पनि कुनै न कुनै तहका झोले नै हौँ । तर, हामी झोला कसरी भर्दै छौँ, मुख्य प्रश्न त्यही हो ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौँ
comment@nayapatrikadaily.com

बालकोटमै बोलाए भयो

प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका पदेन कुलपति केपी शर्मा ओलीले विश्वविद्यालयमा बस्नुपर्ने त्रिवि सभाको वार्षिक बैठक बालुवाटारमै बोलाएको समाचार पढियो । प्रधानमन्त्रीले बालुवाटारस्थित सरकारी निवासमा भन्दा अझ बालकोटस्थित आफ्नै निजी निवासमा यो बैठक बोलाएको भए त्रिवि सभाका सदस्यले उनको बालकोट महल पनि देख्न पाउने थिए । साथै, प्रधानमन्त्रीले पनि एक दिन कामको नाममा आफ्नै निजी निवासमा पुगेर आराम गर्न पनि पाउने थिए । प्रधानमन्त्रीले यस्तो गज्जबको मौका किन गुमाएका होलान् ?

● **सुविज्ञ पाठक**
बालकोट, भक्तपुर

भूमि विधेयकमा हतारो किन ?

प्रधानमन्त्री केपी शर्मा ओलीकै जोडबलमा भूमिसम्बन्धी विधेयक फास्ट ट्र्याकमा पारित गराउने प्रयास गरिएको समाचार पढियो । यस विधेयकमा यति सारो हतारो प्रधानमन्त्रीले किन गर्दै छन् ? सामान्य प्रक्रियागत चरण पार गरेर समितिबाट गहन छलफल र परिमार्जनपछि पारित गर्नुपर्ने विधेयकमा प्रधानमन्त्रीले यसरी चासो देखाउनु स्वाभाविक छैन । के यस विधेयकमा प्रधानमन्त्री ओलीका केही व्यक्तिगत चासो पनि जोडिएका छन् हो ? प्रधानमन्त्री ओली स्वयं भूमाफिया र बिचौलियाहरूको प्रभावमा त परेका छैनन् ?

● **सरु परियार**
खुसिबु, काठमाडौँ

आफैँलाई कमजोर बनाउने खेल

७५३ स्थानीय सरकारमध्ये सबैभन्दा धेरै बजेट रहेको काठमाडौँ महानगर हो । कतिपय मन्त्रालयको बजेटभन्दा पनि माहानगरको बजेट बढी छ । गत वर्ष यसको बजेट करिब २६ अर्ब थियो । यसपालि झनै बढ्न सक्छ । २६ अर्बले राजधानीको मुहार फेर्न ठुलो भूमिका खेल्छ । तर, दुर्भाग्य आजसम्म महानगरको आगामी वर्षको बजेट आउन सकेको छैन ।

मेयर बालेन साह र प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंबिचको टकरावले यसपालि बजेट आउन नसकेको बताइँदै छ । माहानगरको बजेट समयमा नआउँदा केन्द्र र प्रदेश सरकारलाई असर नपर्ला, तर राजधानीवासीलाई भने निकै असर पर्छ । यसबाट राजधानीको रुपरंग र मुहार फेर्ने काममा ठुलो बाधा पुग्छ । यसको जिम्मा कसले लिने ? यसको मुख्य जिम्मा वर्तमान ओली सरकारले लिनुपर्छ । सरकार चलाउने दुई ठुला दलले लिनुपर्छ । किनकि, बालेनलाई असहयोग गर्ने प्रशासकीय अधिकृत केन्द्र सरकारले पठाएको हो । केन्द्र सरकार, कांग्रेस र एमाले जानाजान महानगर प्रमुख बालेनलाई कमजोर पार्न लागिपरेका छन् । तर, उनीहरूलाई के हेक्का राख्न सकिरहेका छैनन् भने बालेनलाई कमजोर बनाउने दौडमा कांग्रेस र एमाले आफैँ कमजोर भइरहेका छन् । उनीहरूबारे राजधानीवासीमाझ मात्र होइन, सिंगो देशैभरि नकारात्मक प्रभाव परिरहेको छ ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौँ
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इरान लोकतन्त्रका लागि धेरैले सोचेभन्दा बढी तयार

इरानको वर्तमान इस्लामिक गणतन्त्र पतन भयो भने लोकतान्त्रिक प्रणालीको जग बन्न सक्ने बलियो संस्थागत आधार देशमा पहिल्यैदेखि विद्यमान छ



देश/विदेश

● कियान ताजबख्स

इजरायलको बमबारीपछि इरानको वर्तमान खामेनी शासन (इस्लामिक गणतन्त्र) ढल्न सक्ने अनुमान एकाएक बढेर गएको छ । अर्थशास्त्री नुरिएल रुबिनी र स्ट्यानफोर्ड विश्वद्यालयका राजनीतिशास्त्री अब्बास मिलानीजस्ता केही टिप्पणीकारले शासन परिवर्तनलाई सम्भव मात्र नभएर अवश्यम्भावी भनेका छन् । त्यस्तै रणनीतिकार रिचर्ड हाससहितका अर्को समूहले भने लोकतान्त्रिक सफलताका लागि आवश्यक पूर्वाधार बनिनसकेको तर्क पेस गरिरहेका छन् ।

त्यसबाहेक अर्को तेस्रो समूह पनि छ, जसले खामेनी शासन परिवर्तनको वकालत गर्दैन । उनीहरू इस्लामिक गणतन्त्रका विभिन्न पक्षलाई आपत्तिजनक त मान्छन् । तर, इरानको वर्तमान शासनलाई स्वायत्तता र मर्यादाका लागि संघर्ष गरिरहेको उत्तर-औपनिवेशवादी राज्यका रूपमा व्याख्या गर्छन् । निर्वासित इरानी विद्वान् जावाद सालेही-इस्फहानी र एस्फ्यान्दार बटमंघेलिजजस्ता विद्वान् यस्ता विचार राखिरहेछन् । यस शिविरमा अधिकांश टिप्पणीकारको घृणाभाव इस्लामी कट्टरपन्थीप्रति भन्दा विदेशी शक्तिप्रति (विशेषतः पश्चिमाप्रति) लक्षित छ । बाह्य हस्तक्षेप र कट्टरपन्थीका कारणले त्यहाँ लोकतान्त्रिक आन्दोलन उठ्न नसकेको तिनको तर्क छ ।

दुई दशक लामो अनुसन्धान र इरानमा बिताएका केही वर्षका (जसमा कुख्यात एभिन जेलमा बिताएको बन्दी जीवनसमेत समावेश छ) आधारमा मेरो निष्कर्ष भने इरानको अहिलेको कट्टरपन्थी धार्मिक शासन परिवर्तन गर्न निकै कठिन रहेको भन्ने छ । त्यहाँको अधिनायकवादी प्रणालीले समाजमा गहिरोसँग जरा गाडेकाले सहजै उखेल्न सकिँदैन । नागरिक समाज र विपक्षी समूहहरू प्रायः कल्पना गरेभन्दा धेरै कमजोर छन् । राज्य र समाजबिचको यो शक्ति असन्तुलन यति स्पष्ट छ कि केवल बाह्य शक्तिले मात्र शासनलाई कमजोर बनाउन सक्ने देखिन्छ ।

तथापि, कठिन भए पनि इरानी राज्यको पूर्ण पतन अब कल्पना गर्न नसकिने भने रहेन । इजरायल-अमेरिकी सैन्य कारबाही, हालैका वर्षमा लगातार उठिरहेका विरोध प्रदर्शन र आर्थिक संकटका एकपछि अर्को लहरका कारण इस्लामिक गणतन्त्रले ठुलो दबाब झेलिरहेको छ । त्यसैले, वर्तमान इरानी शासन पतन भएपछिको लोकतान्त्रीकरणमाथि बहसका लागि अहिले उपयुक्त समय हो । विभिन्न शक्तिको बलमा इरानको इस्लामिक शासन ढलिहाल्यो भने सो देश धेरैले सोचेभन्दा बढी लोकतान्त्रिक शासनका लागि तयार देखिन्छ । इरानको प्रशासनिक र राजनीतिक संस्थामाथिको मेरो शैक्षिक अनुसन्धानले त्यहाँ पहिलेदेखि विद्यमान बलियो संस्थागत संरचना रहेको र त्यसले इस्लामिक व्यवस्था अन्त्यपछिको लोकतान्त्रीकरणको मेरुदण्डको काम गर्न सक्ने देखाउँछ । इरानका हजारभन्दा बढी सहर र ३५ हजार गाउँका निर्वाचित अधिकारीलाई केन्द्रीय मन्त्रालयसँग जोड्ने यो संरचनाबारे धेरैलाई जानकारी छैन । सन् १९९९ मा इस्लामिक शासकप्रतिको असन्तुष्टि साम्य पार्ने उद्देश्यले स्थानीय परिषद् भन्ने निर्वाचित नयाँ तह सिर्जना गरिएको थियो । यी संरचनाले सार्वजनिक सेवा सुधार गर्ने र आमअसन्तुष्टि सम्बोधन हुने शासकको सोच देखिन्छ । ती निकायका लागि भएका पहिलो चुनावबाटै लगभग दुई लाख पदपूर्ति गरिएको थियो । एकैपटक यति ठुलो संख्यामा पदपूर्ति गरिँदै ठुलो स्तरमा नागरिकबिच चुनावी प्रतिस्पर्धा हुन पुग्यो । बजेटमाथिको छलफल व्यापक बन्यो । सार्वजनिक जवाफदेहिताको माग ह्वात्तै बढ्यो । राज्यको वैधानिक वृद्धि गर्ने उद्देश्यले बनाइएका यी संस्था वास्तविक नागरिक संलग्नता वृद्धि गर्ने ठाउँ बने ।



'क्रिएटिङ लोकल डेमोक्रेसी इन इरान' नामक पुस्तकमा मैले इरानीले यी भूमिका कुन दृढताका साथ अँगालेका छन् भनेर दस्तावेजीकरण गरेको छु । केन्द्रले समयक्रममा स्थानीय परिषद्को लोकतान्त्रिक तत्त्व कटौती गर्ने प्रयास नगरेको होइन, तर पनि यो प्रणाली यथावत् छ । परिणामस्वरूप त्यहाँ दोहोरो प्रयोगको संस्था निर्माण भएको छ, जो बनाउन त अधिनायकवादी व्यवस्थाको सेवाका लागि बनाइएका हुन् तर ऐन मौकामा लोकतान्त्रिक संक्रमणलाई सघाउन पनि सक्षम छन् ।

अझ, महत्त्वपूर्ण के छ भने यो अवस्था केवल स्थानीयस्तरमा मात्र विद्यमान छैन । इरानको अन्तरसरकारी प्रणालीले राष्ट्रिय मन्त्रालय, प्रान्तीय प्रशासन र नगरपालिका अधिकारीलाई ठाडो रूपमा एकीकृत संरचनामा जोड्छ । प्रत्येक तहमा सक्षम निजामती कर्मचारी छन् । यही कुराले इरानको वर्तमान शासन ढल्यो भने अधिनायकवादबाट लोकतन्त्रतर्फको संक्रमण अन्यत्र, विशेष गरी २००३ को इराकमा भन्दा भिन्न हुनेछ ।

त्यसैले भावी चुनौती खामेनी शासन अन्त्यपछि नयाँ खालको शासन निर्माण गर्नु नभएर विधान राज्य-संयन्त्रका निष्क्रिय हुँदै गएका सञ्जाललाई पुनः सक्रिय बनाउनु हुनेछ । निश्चित रूपमा यही संरचनालाई हाल कमजोर बनेको दमनकारी शासनले आफ्नो पक्षमा पुनः प्रयोग गर्न सक्छ । हामीले अफगानिस्तानमा पनि देखिसकेका छौँ कि संस्थाहरूले मात्र शासनको चरित्र निर्धारण गर्दैनन् । तर, यदि मानव अधिकार र लोकतान्त्रिक मान्यताप्रति प्रतिबद्ध सरकार बन्यो भने इरानको संरचनात्मक आधारले थप उदार र स्थिर राजनीतिक व्यवस्थाको जग विकास गर्न सघाउन सक्छ । यसबाहेक, सुधारका लागि पहिले नै प्राविधिक मार्गचित्र पनि विद्यमान छ । निष्क्रिय नगरपालिका वित्त प्रणालीको आधुनिकीकरण र पारदर्शी बजेट निर्णयका लागि परिषद्को सशक्तीकरण प्राथमिकतामा राखिनुपर्छ । संयुक्त राष्ट्र संघ, विश्व बैंक र नगरपालिकाको विश्वव्यापी सञ्जाललगायत अन्तर्राष्ट्रिय संस्था इरानले आमन्त्रित गर्दा विशेषज्ञता प्रदान गर्न तयार छन् । हामीले कुनै पनि संक्रमण सहज वा लोकतान्त्रिक हुने आशा गर्नुहुँदैन । तर, निराशावादले पहिले तयार आधार नदेख्ने अवस्था आउन दिनुहुँदैन । त्यसैले जब समय आउनेछ, इरानको लोकतान्त्रिक भविष्य राजनीतिक एलिटहरूले मात्र होइन, कठिनाइबिच देशका प्रशासनिक संस्थालाई बचाइराखेका मानिसले पनि निर्माण गर्नेछन् ।

लेखक कोलम्बिया विश्वविद्यालयका लेक्चरर हुन् । प्रोजेक्ट सिन्डिकेटबाट

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड
HYDROELECTRICITY INVESTMENT AND DEVELOPMENT COMPANY LIMITED

१४औं वार्षिकोत्सवको अवसरमा प्रकाशित कम्पनीको वर्तमान अवस्था र गतिविधि सम्बन्धी झलक



मा. दिपक खड्का
मन्त्री, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय



सुरेश आचार्य
सचिव (उर्जा), उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय एवं
अध्यक्ष, हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड



प्रजेश विक्रम थापा
प्रमुख कार्यकारी अधिकृत
हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड

मा. दिपक खड्का
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

निजी सचिवालय
सिंहदरबार, काठमाडौं ।
फोनः ९७७-१-४२११५१३
फ्याक्सः ९७७-१-४२११५१०

पत्र संख्या:
चलानी नं.:

शुभकामना

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको चौधौं वार्षिकोत्सवको अवसरमा कम्पनीका सम्पूर्ण कर्मचारी तथा सम्बद्ध पक्षहरूलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

ऊर्जा क्षेत्रमा दिर्घकालिन प्रकृतिको पूँजी परिचालनका माध्यमबाट देशको समग्र आर्थिक समृद्धिमा योगदान पुऱ्याउँदै आएको कम्पनीको प्रयास सराहनीय छ। जलविद्युत विकासमा राज्य र निजी क्षेत्रबीच सहकार्य गर्दै यस कम्पनीले खेलेको भूमिका महत्वपूर्ण छ।

देशको आर्थिक समृद्धि र दिगो विकासका लागि ऊर्जाको भरपर्दो स्रोतको विकास र प्रयोग अपरिहार्य छ। जलविद्युत उत्पादन नेपालको अर्थतन्त्रको एउटा प्रमुख आधार क्षेत्र हो, जसको उचित उपयोग मार्फत हामी आर्थिक आत्मनिर्भरतातर्फ अगाडि बढ्न सक्छौं। ऊर्जा विकास मार्गचित्र २०८१ मार्फत नेपाल सरकारले सन् २०३५ सम्म २८,५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ जसबाट १३,५०० मेगावाट आन्तरिक रूपमा खपत गर्ने र १५,००० मेगावाट विद्युत निर्यात गर्ने योजना रहेको छ। यसबाट मुलुकमा औद्योगिकीकरणलाई गति दिने, रोजगार सिर्जना गर्ने र निर्यातमार्फत विदेशी मुद्रा आर्जन गर्ने उद्देश्य राखिएको छ। उक्त लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य लगानीकर्तालाई लगानी गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गर्ने तर्फ कार्यहरु अघि बढाईएको छ। आयोजना व्यवस्थापनमा देखिएका प्रक्रियागत जटिलता हटाई सरल, पारदर्शी र लगानीमैत्री बनाउने काम भइरहेको छ। सरकारले प्रसारण पूर्वाधारको विकास र सुदृढीकरण, देशभित्रको विद्युत खपतमा वृद्धि र भारत, बंगलादेश लगायत छिमेकी मुलुकहरूसँग विद्युत व्यापार विस्तार गर्ने तर्फ कार्य गरिरहेको छ। साथै विद्युतीय ऊर्जाको माग र आपूर्तिको अनिश्चितता जस्ता जोखिमहरू सम्बोधन गरी हाल देखिएको विद्युत खरिद सम्बन्धि समस्या हल गर्ने तर्फ सरकारले कार्य गरिरहेको छ।

लक्ष्य अनुसारको जलविद्युत तथा ऊर्जा पूर्वाधारहरुको विकासको लागि आवश्यक पर्ने ठुलो परिमाणको पूँजी आवश्यक पर्ने हुँदा स्वदेशी एवम् बाह्य स्रोतहरु मार्फत लगानी परिचालन गर्न कम्पनीको भूमिका महत्वपूर्ण रहेको छ। कम्पनीले रणनीतिक परियोजनाहरूमा थप लगानी विस्तार गर्दै सरकारको ऊर्जा विकासको लक्ष्य पूरा गर्न योगदान पुर्याउने तर्फ क्रियाशिल भई कार्य सम्पन्न गर्नेछ भन्ने विश्वास लिएको छु। यस अवसरमा कम्पनीलाई अझ परिपक्व, उत्तरदायी र नवप्रवर्तनशील संस्थाको रूपमा अगाडि बढ्ने प्रेरणा प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, कम्पनीलाई आगामी दिनमा अझ सफल संस्थाका रूपमा अगाडि बढ्न प्रेरणा मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

दिपक खड्का
मन्त्री

कार्यालयः सिंहदरबार, काठमाडौं फोनः ९७७-१-४२११५१३

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

प.सं.:
च.नं.:

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौं

शुभकामना

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको १४औं वार्षिकोत्सवको यस सुखद अवसरमा कम्पनीका सम्पूर्ण पदाधिकारीहरू, प्रवर्धकहरू, शेयरधनी महानुभावहरू, राष्ट्रसेवक कर्मचारी तथा सरोकारवालाप्रति हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्न चाहन्छु। नेपाल सरकारको विशेष प्रकृतिको यो वित्तीय संस्थाले जलविद्युत् तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित आयोजनामा ऋण प्रवाहका साथै शेयरका रूपमा लगानी गरी अघि बढिरहेको यस कम्पनीको हालसम्मको समष्टिगत प्रगति सन्तोषजनक नै रहेको छ।

नेपाल सरकारले ऊर्जा क्षेत्रको विकासका लागि प्राथमिकताका क्षेत्रहरुमा योजनाबद्ध ढङ्गबाट कार्य अघि बढाइरहेको छ। विद्युत् उत्पादन, प्रसारण तथा वितरण सञ्जालको सुदृढीकरण तथा आन्तरिक खपतमा क्रमशः वृद्धि र विद्युत् निर्यात प्रवर्धनलाई प्रमुख प्राथमिकतामा राखिएको छ। साथै विद्युत् परियोजनाको दिगो विकास, नवीकरणीय ऊर्जा प्रवर्धन, ऊर्जा सङ्कलन, भण्डारण तथा ऊर्जा सुरक्षाका लागि व्यवस्थापन प्रणालीको सुधार, नीतिगत तथा कानुनी सुधार र जनशक्तिको दक्षता अभिवृद्धिसम्बन्धी कार्यसमेत अघि बढाइएको छ।

नेपाल सरकारले स्वीकृत गरेको ऊर्जा विकास मार्गचित्र, २०८१ मा उल्लेखित लक्ष्य हासिल गर्न सरकार मात्र होइन, निजी क्षेत्र, वित्तीय संस्था, दातृ निकाय र अन्य सरोकारवालाको साझा प्रयास अपरिहार्य छ। यसै सन्दर्भमा विगत १४ वर्षदेखि नेपालको जलविद्युत् र नवीकरणीय ऊर्जाको क्षेत्रमा पर्यास लगानी परिचालन मार्फत् योगदान पुऱ्याउँदै आएको यस कम्पनीले आगामी दिनमा अझ प्रभावकारी रूपमा सरकारको राष्ट्रिय योजना र प्राथमिकतालाई समेत आत्मसात् गर्दै नवीनतम वित्तीय उपकरण जुटाई लगानी विस्तार र विविधीकरण गर्नुपर्ने आजको आवश्यकता रहेको छ।

सुशासन, पारदर्शिता, पेशागत दक्षता, नवीन प्रविधिको प्रयोग मार्फत् यो कम्पनी एक सबल व्यावसायिक संस्था बन्नेछ भन्ने विश्वास लिएको छु। जसले लगानीकर्ता, व्यावसायिक साझेदार एवं सरोकारवालाको थप विश्वास आर्जन गर्न सक्नेछ। म १४औं वार्षिकोत्सवको आजको यस संस्करणमा ऊर्जा पूर्वाधार विकासका लागि आन्तरिक एवं बाह्य वित्तीय स्रोतको प्रभावकारी परिचालनमार्फत ऊर्जा क्षेत्रको विकासको हाम्रो साझा लक्ष्यमा यो कम्पनी अझ प्रभावकारी र परिणाममुखी भएर कार्य गर्न सफलता मिलोस भन्ने कामना गर्दछु। सदा झैं यो कम्पनीबाट हुने हरेक सकारात्मक प्रयासका लागि मन्त्रालयबाट आवश्यक मार्गनिर्देशन, सहयोग र सहजीकरण हुने नै छ।

अन्त्यमा, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव एवं कम्पनीको सञ्चालक समितिको अध्यक्षको हैसियतमा यो कम्पनीका प्रवर्धकहरू, शेयरधनी महानुभावहरू, व्यावसायिक साझेदार, वर्तमान तथा पूर्वपदाधिकारीहरु, कर्मचारी तथा सम्पूर्ण सरोकारवाला एवं शुभेच्छुकलाई कम्पनीको १४औं वार्षिकोत्सवको यस अवसरमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु।

२७ असार, २०८२

(सुरेश आचार्य)
सचिव (ऊर्जा), ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
एवं
अध्यक्ष, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

Regd. No. 1300/067/068
PAN: 600232009

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment And Development Company Ltd.
(नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वित्तीय संस्था)

प.सं.
च.नं. *(Ref. No.)*:

प्रतिवद्धता

नेपालको जलविद्युत क्षेत्रको विकासको लागि आवश्यक पर्ने ठुलो परिमाणको दिर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने उद्देश्यका साथ् विशेष प्रकृतिको वित्तीय संस्थाको रुपमा वि.सं. २०६८ सालमा स्थापना भएको यो कम्पनीले आज चौधौं वर्ष पूरा गरेको छ। यस गौरवमय एवं सुखद क्षणमा सर्वप्रथम म मेरो व्यक्तिगत एवम् कम्पनी परिवारका तर्फबाट कम्पनीका संस्थापक, शेयरधनी तथा सम्पूर्ण सरोकारवाला एवम् शुभचिन्तक प्रति हार्दिक शुभकामना व्यक्त गर्दै कम्पनीलाई यस अवस्थामा ल्याउन निर्वाह गर्नु भएको भूमिका प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

देशको जलविद्युत् क्षेत्र एवम् नवीकरणीय ऊर्जाको समग्र विकासमा लगानी विस्तार गर्दै राष्ट्रिय ऊर्जा सुरक्षा अभिवृद्धिमा योगदान पुऱ्याउने हाम्रो मुख्य उद्देश्य हो। यसै सन्दर्भमा,हामीले विगतका वर्षहरूमा जलविद्युत तथा सौर्य परियोजनाहरूमा लगानी गरेर ऊर्जा उत्पादन वृद्धि गर्न उल्लेखनीय पहलहरू गरेका छौं। यस यात्रामा प्राप्त सफलताहरू र सिकाइहरूले हामीलाई आगामी वर्षहरूमा अझ परिपक्व र सुदृढ संस्थाका रूपमा स्थापित हुन मद्दत पुऱ्याउने विश्वास लिएका छौं।

आगामी दिनमा अझ प्रभावकारीरुपमा आकर्षक एवं राष्ट्रिय महत्वका आयोजनाहरूमा लगानीलाई प्राथमिकता दिँदै निजी तथा सार्वजनिक क्षेत्रसँगको सहकार्यलाई अझ सुदृढ बनाउने तर्फ केन्द्रित हुनेछौं। नेपाल सरकारबाट स्वीकृत ऊर्जा विकास मार्गचित्र, २०८१ मा यस कम्पनीको भूमिका स्पष्टरुपमा उल्लेख भएको छ। यस सन्दर्भमा कम्पनीले नेपाल सरकारको ऊर्जा विकासको लक्ष्य प्राप्तिमा सहयोगी भूमिकाका निर्वाह गर्नुका अलावा आफ्ना शेयरधनीहरुको अपेक्षा अनुसार क्रमिकरुपमा प्रतिफल वृद्धि गर्ने तर्फ योजनाबद्ध रुपमा कार्यहरु अघि बढाउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

लगानी विविधिकरण र लगानीका जोखिम न्यूनीकरणका नवीनतम् उपायहरु अवलम्बन गर्दै लगानी विस्तारका लागि दीर्घकालीन प्रकृतिको नविन वित्तीय स्रोतहरूको परिचालन तथा नीतिगत एवम् कार्यसंचालनका प्रणालीगत सुधारका माध्यमबाट संस्थाको भूमिका र महत्व अझ प्रभावकारी बनाउने लक्ष्यमा केन्द्रित छौं। साथै, कर्मचारीहरूको क्षमता र संस्थागत विकास, संस्थागत सुशासन र नविन प्रविधिको प्रयोगलाई निरन्तर प्राथमिकतामा राखी कार्यहरु गर्नेछौं।

नेपाल सरकार एवम् ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको नीतिगत मार्गदर्शन एवं अभिभावकत्व, सञ्चालक समितिको अभिभावकीय नेतृत्व, नियमकीय निकाय संस्थापक एवम् सर्वसाधारण लगानीकर्ता, सरोकारवालाहरुको सुझेक्षा एवम् सम्पूर्ण कर्मचारीहरुको सामूहिक क्रियाशीलता र कम्पनी प्रतिको प्रतिवद्धताबाट आफ्नो लक्ष्य प्राप्तिमा सफल भई राष्ट्र निर्माणको प्रक्रियामा विश्वसनीय संस्थाको रुपमा स्थापित हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु। अन्त्यमा, यो १४ वर्षमा हामीप्रति देखाइएको विश्वास, साथ र सहकार्यका लागि सबैमा आभार व्यक्त गर्दै, आगामी दिनहरूमा अझ प्रभावकारीरुपमा योगदान दिने प्रतिवद्धता व्यक्त गर्दछु।

२७ असार, २०८२

प्रजेश विक्रम थापा
प्रमुख कार्यकारी अधिकृत

4th Floor, Nagarik Lagani Kosh Bhawan, New Baneshwor, Kathmandu, Nepal
Tel.: +977 1-4595016, 4595017, 4595018
Email: info@hidcl.org.np, www.hidcl.org.np

HIGHLIGHTS OF THE COMPANY

Introduction

Hydroelectricity Investment and Development Company Limited (HIDCL), a public limited company established by the Government of Nepal on 2068/03/27 (July 11, 2011). It is a specialized financial institution focused on providing debt and equity financing for hydropower and renewable energy projects in Nepal. Operating as a publicly listed non-bank financial institution, it plays a key role in supporting the country's sustainable energy development.

Business Mandates

INVESTMENT	FINANCIAL RESOURCE MOBILIZATION	INSTITUTIONAL STRENGTHENING & GOVERNANCE
Debt or Equity for HEPs & Renewable Energy	Company's Capital	Enhance Expertise for Project Evaluation
Co-invest with Banks and Developers	Loans and Grants from Various Sources	Maintain high level Corporate Governance
Loans, bonds, Dedbentures for Projects	Issue Bonds, Debentures, Certificate of Deposits, etc.	Board Oversight, Risk Management, Audit


Key Milestones

- **2068/03/27** Establishment of the Company
- **2068/04/02** Designation as a Financial Institution
- **2069/03/26** NRB approval for Debt Financing
- **2078/09/22** Amendment for Investment in Renewable energy including Hydropower
- **2078/10/16** NRB approval for leading the consortium under Co-financing


Core Strategies

OPERATIONAL	• Diversification & Expansion • Restructuring • Governance, Digital Transformation & IT
FINANCIAL	• Scale up • Capital Mobilization • Resource Management
PARTNERSHIP	• Strategic Tie-up • Capacity Building • Technology transfer
PORTFOLIO & RISK	• Integrated Region • Basin Based • SPVs

Shareholding Structure



Capital Structure (in Billion NRs.)




Investment Decisions

	Amount (Billions NRs)	Installed Capacity (MW)	Number
Loan	54.1	3329	29
Equity	6.6	927	14


Existing Investment Commitments

	Hydropower Projects	Solar Projects	Companies
Loan Amount	51.12 Billion NRs	N/A	N/A
Equity Amount	5.64 Billion NRs	14.4 Crore NRs	92.3 Crore NRs
Number of Projects/Companies	25 Projects (Loan), 9 Projects (Equity)	2 Projects	4 Companies
Total Installed Capacity	2745 MW	25 MW	N/A


Profit (in Crore NRs.)




Financial Resource (Billion NRs.)




Dividend (%)




Earning Per Share (NRs.)



Financial Resources (in Crore NRs.)



Financial Resource Utilization (in Crore NRs.)



Note: * Estimated Figure.

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २७ असार ०८२

प्रदेशहरूको बजेट खर्च ७३ प्रतिशत

चालू आव ०८१/८२ को २५ असारसम्म प्रदेश सरकारहरूले औसतमा ७३ प्रतिशत बजेट मात्रै खर्च गरेका छन्, सबैभन्दा बढी कोशीले ७७ प्रतिशत र सबैभन्दा कम कर्णालीले ६४ प्रतिशत खर्च गरेको छ

धनगढीमा **तेजराज भट्ट**, सुर्खेतमा **रमेश रावल**, मकवानपुरमा **पोष्टराज अधिकारी**, बुटवलमा **विष्णुप्रसाद घिमिरे**
कास्कीमा **रोहितराज पराजुली**, विराटनगरमा **गणेश लम्साल र** जनकपुरमा **हदिश खुद्दार**

■ सुदूरपश्चिममा असारमा मात्रै आधा विकास बजेट खर्च

चालू आवको नौ महिना बजेट खर्चमा निकै सुस्त देखिएको सुदूरपश्चिम सरकारले असारमा भने खर्च ह्वात्तै बढाएको छ। अन्तिम महिनाको भुक्तानी गर्न पाउने २५ असारसम्म मात्रै कुल बजेटको करिब २९ प्रतिशत खर्च भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार बुधबार एकै दिन करिब साढे सात प्रतिशत बजेट खर्च भएको छ।

पुँजीगततर्फ ६६.५० प्रतिशत र चालूतर्फ ७६.८१ प्रतिशत गरी सुदूरपश्चिममा कुल बजेट खर्च ७०.६५ प्रतिशत पुगेको कार्यालयले जनाएको छ। कुल ३१ अर्ब ५३ करोड ६६ लाख बजेटमध्ये २२ अर्ब २८ करोड १३ लाख खर्च भएको प्रदेश लेखा नियन्त्रक वासुदेव पाण्डेयले जानकारी दिए। यो खर्च प्रतिशत प्रदेशको हालसम्मकै उच्च रहेको उनको भनाइ छ। यस वर्ष पुँजीगत खर्च ६२ प्रतिशत भएको छ।

पुँजीगततर्फ खर्च भएकोमध्ये आधा बजेट असारको २५ दिनमै भुक्तानी भएको छ। यस वर्ष पुँजीगततर्फ १८ अर्ब ७५ करोड ६९ लाख विनियोजन भएकोमा १२ अर्ब ४७ करोड २७ लाख खर्च भएको छ। असारमा मात्रै ६ अर्ब १९ करोड ६३ लाख भुक्तानी भएको प्रदेश लेखाले जनाएको छ। जेठ मसान्तसम्म पुँजीगत खर्च ३३.४६ प्रतिशत मात्र थियो।

यस वर्ष चालूतर्फ विनियोजित १२ अर्ब ७७ करोडमध्ये नौ अर्ब ८० करोड ८५ लाख खर्च भएको प्रदेश लेखा नियन्त्रक जोशीले जानकारी दिए। बुधबार एकै दिन पुँजीगतको दुई अर्ब र चालूतर्फको ४० करोड गरी दुई अर्ब ४० करोड भुक्तानी भएको लेखा नियन्त्रक जोशीले जानकारी दिए। चालू आवमा संघीय सरकारले दिएको सशर्त अनुदानको करिब पाँच अर्बमध्ये साढे दुई अर्ब खर्च हुन नसकेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। उक्त बजेट संघमा फिर्ता जानेछ। त्यस्तै, यस वर्ष एक अर्ब ६० करोड आन्तरिक आयको संकलनको लक्ष्य पूरा नभए पनि नजिक पुगेको कार्यालयको भनाइ छ।

■ कर्णालीमा ५८.६३ प्रतिशत पुँजीगत खर्च

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष ०८१/०८२ मा कुल बजेटको ६४.८२ प्रतिशत बजेट खर्च गरेको छ। चालू आर्थिक वर्षको २५ असारसम्म चालूतर्फ ७५.५२ प्रतिशत र पुँजीगततर्फ ५८.६३ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारले कुल ३१ अर्ब ३० करोड २१ लाख बजेट विनियोजन गरेको थियो। चालू आवमा प्रदेश सरकारले ११ अर्ब १० लाख खर्च गर्न नसकेको प्रदेश लेखा नियन्त्रण कार्यालयका प्रदेश लेखा नियन्त्रक रत्नप्रसाद सुवेदीले बताए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कुल ३३ करोड ५७ लाख बजेट विनियोजन गरेकोमा ५४.४३ प्रतिशत बजेट खर्च गरेको छ। त्यस्तै, आर्थिक मामिला तथा योजना मन्त्रालयको कुल बजेट १७ करोड ५३ लाखमा ७९.७२ प्रतिशत, उद्योग पर्यटन वन तथा वातारण मन्त्रालयको एक अर्ब ९५ करोड बजेटमा ७२.६४ प्रतिशत कार्यान्वयन भएको छ।

त्यस्तै, ऊर्जा विकास मन्त्रालयको दुई अर्ब ८६ करोड ८४ लाख बजेटमा ७९.८४ प्रतिशत, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको एक अर्ब ८६ करोड ४२ लाखमा ६९.३६ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको ३७ करोड ५६ लाख बजेटमा ७१.५ प्रतिशत खर्च भएको छ। सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको १० अर्ब ४३ करोड ५८ लाख बजेटमा ५७.५१ प्रतिशत, सामाजिक विकास मन्त्रालयको पाँच अर्ब ६९ करोड बजेटमा र ७१.९३ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारले स्थानीय तहलाई पठाएको कुल चार अर्ब ८३ करोडमध्ये ९०.६६ प्रतिशत बजेट कार्यान्वयन भएको छ।

कुन प्रदेशको कति बजेट खर्च ?



■ लुम्बिनीमा आन्तरिक राजस्व संकलन कमजोर

लुम्बिनी प्रदेशले चालू आर्थिक वर्ष ०८१/८२ मा करिब ७२ प्रतिशत बजेट खर्च गरेको छ। प्रदेश सरकारको चालू आर्थिक वर्षका लागि ३८ अर्ब ९७ करोडको बजेट रहेको छ। चालू आवमा पुँजीगततर्फ २४ अर्ब ५८ करोड बजेट रहेकोमा १७ अर्ब ९१ करोड खर्च भएको छ। त्यस्तै चालूतर्फ १४ अर्ब ३८ करोड ४१ लाख बजेट रहेकोमा १० अर्ब ३० करोड ९९ लाख खर्च भएको छ। प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीका प्रमुख दीपक ज्ञवालीका अनुसार चालू आवको २५ असारसम्म प्रतिशतका हिसाबले धेर खर्च गर्नेमा स्वास्थ्य मन्त्रालय रहेको छ भने रकमका हिसाबले भौतक पूर्वाधार मन्त्रालयको रहेको छ।

भौतिक पूर्वाधार मन्त्रालयको पुँजीगत खर्च ६६ दशमलव ९९ र स्वास्थ्य मन्त्रालयको ८९ दशमलव ९७ प्रतिशत रहेको छ। समीक्षा अवधिमा भौतिकले ६ अर्ब ७२ करोड तथा स्वास्थ्यले दुई अर्ब ३१ करोड ६६ लाख पुँजीगत खर्च गरेको तथ्यांक छ। त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको पुँजीगत खर्च दुई अर्ब ३३ करोड (७७ दशमलव ६१ प्रतिशत), खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयको चार अर्ब ३९ करोड (८५ दशमलव ४० प्रतिशत), कृषि तथा भूमि व्यवस्था मन्त्रालयको पाँच करोड ७८ लाख (५९ दशमलव ५३ प्रतिशत) पुँजीगत खर्च भएको छ। त्यस्तै, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको २८ लाख ८४ हजार (२५ दशमलव ०८ प्रतिशत), आन्तरिक मामिला कानुन तथा सहकारी मन्त्रालयको नौ करोड ८६ लाख (५५ दशमलव ५९ प्रतिशत), सामाजिक विकास मन्त्रालयको ७५ करोड २९ लाख (६५ दशमलव ४५ प्रतिशत), आर्थिक मामिला मन्त्रालयको ३४ लाख ९६ हजार (६९ दशमलव ९२ प्रतिशत), मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ८७ लाख (२२ दशमलव २६ प्रतिशत) रहेको छ।

चालू आर्थिक वर्षको २५ असारसम्म आन्तरिक राजस्व संकलनको अवस्था कमजोर देखिएको छ। सो अवधिमा लक्ष्यको ४१ दशमलव शून्य १ प्रतिशत मात्रै संकलन भएको छ। चालू आवमा आन्तरिक राजस्व चार अर्ब ७१ करोड २० लाख उठाउने लक्ष्य राखेकोमा एक अर्ब ९३ करोड २३ लाख मात्रै संकलन भएको छ। प्रदेशमा चालू आवको राजस्वको अनुमान र प्रगति हेर्दा वार्षिक लक्ष्यको ७६ दशमलव २८ प्रतिशत मात्रै रहेको छ। संघबाट प्राप्त हुने अनुदान, रोयल्टी, राजस्व बाँडफाँड, प्रदेशको आन्तरिक राजस्व, प्रदेश र स्थानीय तहबिच बाँडफाँड हुने राजस्वसहित अन्य विभिन्न शीर्षकमा ३८ अर्ब ९७ करोडको वार्षिक लक्ष्य रहेकोमा २९ अर्ब ७२ करोड ५९ लाख संकलन भएको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ।

■ बागमतीमा बजेटको १९ प्रतिशत असारमा खर्च

२६ असार। बागमती सरकारले चालू आर्थिक वर्षको असारमा मात्रै कुल बजेटको १९ प्रतिशत खर्च गरेको छ। बागमतीको मन्त्रालय र निकायले जेठ मसान्तसम्म कुल विनियोजित बजेटको ५५.५६ प्रतिशत रकम खर्च गरेका थिए। गत आर्थिक वर्ष ०८०/०८१ मा ७० प्रतिशत बजेट खर्च गरेको बागमती सरकारले चालू आवमा खर्च ७४ प्रतिशत गरेको छ। प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार राजनीतिक असन्तुलन र सरकार परिवर्तनको असर नपर्दा कार्यक्रम कार्यान्वयनमा सहज भएकाले खर्च पनि बढेको हो। कुल ६४ अर्ब ५४ करोड बजेट विनियोजन गरे पनि प्रदेश सरकारले २५ असारसम्म ४७ अर्ब ७९ करोड (७४ प्रतिशत) खर्च गरेको हो। बागमतीका १४ मन्त्रालय, आयोग र निकायबाट चालू खर्चतर्फ ७१.५ प्रतिशत अर्थात् १८ अर्ब ४० करोड र पुँजीगततर्फ ७८.५० प्रतिशत अर्थात् २८ अर्ब ४० करोड खर्च भएको छ। प्रदेश सरकारले चालू खर्चतर्फ २५ अर्ब ७२ करोड र विकास बजेटतर्फ ३७ अर्ब ३१ करोड बजेट विनियोजन गरेको थियो। प्रदेश सरकारको चालू आर्थिक वर्षमा २६ प्रतिशत बजेट फ्रिज भएको छ।

चालू आवमा १४ मन्त्रालयमध्ये सबैभन्दा बढी खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयले ९३ प्रतिशत रकम खर्च गरेको छ। त्यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ८० प्रतिशत, कृषि तथा पशुपक्षी विकास मन्त्रालयले ६७.२९ प्रतिशत बजेट खर्च गरेको छ। सबैभन्दा बढी बजेट २३ अर्ब १३ करोड पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले ७५ प्रतिशत बजेट खर्च गरेको छ। यसैगरी, सामाजिक विकास मन्त्रालयको ७६.७५ प्रतिशत, स्वास्थ्य मन्त्रालयले ७९ प्रतिशत बजेट खर्च गरेको छ।

वन मन्त्रालयको ७९ प्रतिशत, संस्कृति पर्यटन मन्त्रालय (सहकारीसहित) ७८.२६ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ७९.२९ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयले ६०.६३ प्रतिशत बजेट खर्च गरेको छ। उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको ७१.६३ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयको ६१ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ५१.२६ प्रतिशत बजेट खर्च भएको छ।

■ गण्डकीमा पुँजीगत खर्च ६०.४३ प्रतिशत

गण्डकी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८१/०८२ मा ६९.५४ प्रतिशत मात्र बजेट खर्च गरेको छ। चालू आवमा ३२ अर्ब ९७ करोड ८५ लाखको बजेट ल्याएकोमा २२ अर्ब ९३ करोड ४० लाख (६९.५४ प्रतिशत) मात्रै खर्च भएको छ। चालू आवमा गण्डकी सरकारले पुँजीगततर्फ १९ अर्ब ५३ करोड



८७ लाख, चालूतर्फ १३ अर्ब १३ करोड ९७ लाख र वित्तीय व्यवस्थापनतर्फ ३० करोड विनियोजन गरेको थियो। त्यसमध्ये पुँजीगततर्फ ६०.४३ प्रतिशत, चालूतर्फ ७६.७३ प्रतिशत बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रण कार्यालय गण्डकीका सूचना अधिकारी सुदीप गौतमले जानकारी दिए। गण्डकीमा रहेको नौ मन्त्रालयमध्ये ऊर्जाले सबैभन्दा बढी र आर्थिक मामिलाले कम खर्च गरेको छ। ऊर्जा मन्त्रालयले चालूतर्फ ३४ करोड ७६ लाख र पुँजीगततर्फ तीन अर्ब ९५ करोड ३८ लाख बजेट विनियोजन भएकोमा चालूतर्फ ७५.७२ प्रतिशत र ९१.४५ प्रतिशत बजेट खर्च गरेको छ। यसैगरी आर्थिक मामिलाका लागि चालूतर्फ १४ करोड ५५ लाख र पुँजीगततर्फ तीन करोड ८४ लाख विनियोजन भएकोमा चालूतर्फ ५६.९९ प्रतिशत र पुँजीगततर्फ ४९.२९ प्रतिशत बजेट खर्च गरेको छ।

■ कोशीमा चालूभन्दा पुँजीगत खर्च बढ्यो

कोशी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८१/८२ मा ७७ दशमलव २६ प्रतिशत रकम खर्च गरेको छ। कोशी सरकारले चालू वर्षमा कुल ३५ अर्ब २७ करोड ९३ लाख बजेट विनियोजन गरेको थियो। कोशीमा चालूतर्फ कुल बजेट १७ अर्ब ५२ करोड ४२ लाखमध्ये १३ अर्ब ८२ करोड (७९.२६ प्रतिशत) र चालूतर्फ १७ अर्ब ८३ करोड ४० लाखमा १२ अर्ब ४२ करोड (७५.२९ प्रतिशत) खर्च गरेको छ। चालू वर्ष कोशीमा चालूभन्दा पुँजीगत खर्च बढी भएको पाइएको छ।

कोशीमा सबैभन्दा बढी बजेट प्राप्त गर्ने भौतिक पूर्वाधार विकास मन्त्रालयले कुल ११ अर्ब १८ करोड बजेटमध्ये ७६.०३ प्रतिशत खर्च गरेको छ। खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयले चार अर्ब ४२ करोड ५३ लाख बजेटमा ९१.५१ प्रतिशत, मुख्यमन्त्री कार्यालयले कुल बजेटको ६०.०९ प्रतिशत मात्र खर्च गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयले ५३.१३ प्रतिशत, उद्योग कृषि तथा सहकारी मन्त्रालयले ७३ दशमलव २५ प्रतिशत, आन्तरिक मामिला मन्त्रालयले ७३ दशमलव ३८, सामाजिक विकास मन्त्रालयले ७७ दशमलव ५९ प्रतिशत, पर्यटन मन्त्रालयले ७६ दशमलव ३८ र प्रदेश योजना आयोगले ५९ दशमलव ४८ प्रतिशत बजेट खर्च गरेका छन्। यसैगरी, कोशी प्रदेश सभाले ८१.११ प्रतिशत, स्वास्थ्य मन्त्रालयले ७० प्रतिशत रकम खर्च गरेको छ।

यस्तै कोशीमा स्थानीय तहका लागि विनियोजित चार अर्ब ८५ करोड ६५ लाखमध्ये ९६.३५ प्रतिशत खर्च भएको छ। आर्थिक मामिला तथा योजनामन्त्री राम राना मगरले सकेसम्म अधिकतम खर्च गर्ने प्रयासअनुसार बजेट सन्तोषजनक खर्च भएको बताए।

■ मधेश सरकारको बजेट खर्च विगतको भन्दा राम्रो

मधेश प्रदेशको अर्थ मन्त्रालयका अनुसार चालू आवमा कुल बजेटको ७१ दशमलव ४८ प्रतिशत रकम खर्च भएको छ। भुक्तानीका लागि तोकिएको अन्तिम दिन २५ असारसम्म कुल बजेट ४३ अर्ब ८९ करोड २१ लाखको ७१ दशमलव ४८ प्रतिशत अर्थात् ३१ अर्ब ३७ करोड ५२ खर्च भएको छ। विगतका वर्षको तुलनामा यस वर्ष बजेट रकम फ्रिज हुने दर पनि घटेको छ। मुख्यमन्त्री सतीश सिंहले प्रदेश सरकार सुरुदेखि नै बजेट कार्यान्वयमा गम्भीर भएर लागेकाले खर्च विगतको भन्दा राम्रो भएको बताए। चालू आवमा पुँजीगततर्फ २८ अर्ब ६१ करोड २० लाख बजेट रहेकोमा २१ अर्ब ४९ करोड ७९ लाख (७५ दशमलव १३) र चालूतर्फ १५ अर्ब २८ करोड बजेट रहेकामा नौ अर्ब ८७ करोड ७३ लाख (६४ दशमलव ६५ प्रतिशत) खर्च भएको अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिए।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार सबभन्दा बढी अर्थ मन्त्रालयले ८३.३६ प्रतिशत र सबैभन्दा कम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३४.०६ प्रतिशत बजेट खर्च गरेका छन्। त्यसैगरी, भौतिक पूर्वाधार मन्त्रालयले ७८.२०, वन मन्त्रालयले ७७.४५, खेलकुद तथा समाज कल्याण मन्त्रालय ६९.३१, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय ७५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४३.५५ प्रतिशत बजेट खर्च गरेको छ। त्यसैगरी, शिक्षा तथा संस्कृति मन्त्रालय ७७.३१, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय ७३.६५, गृह, सञ्चार तथा कानुन मन्त्रालय ७२.२९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ६५.५३ र श्रम तथा यातायात मन्त्रालयले ३८.१९ प्रतिशत मात्रै बजेट खर्च गरेको छ।

कुन वर्ष कति बजेट खर्च ?

गत आर्थिक वर्ष ०८०/८१ मा कुल बजेटको ५५.७५ प्रतिशत खर्च गरेको मधेश सरकारले आव ०७९/८० मा ५७.४२ प्रतिशत र आव ०७८/०७९ मा ६४ प्रतिशत मात्रै बजेट खर्च गरेको थियो। त्यसअघि, आव ०७६/०७७ मा ५० प्रतिशत र आव ०७५/०७६ मा ४७ प्रतिशत र आव ०७७/०७८ मा ६५ दशमलव ५६ प्रतिशत बजेट खर्च भएको थियो।

मधेशमा बजेटमाथि छलफल नभई सदन स्थगित

जनकपुरधाम/ आगामी आर्थिक वर्ष ०८२/०८३ को बजेट पास गराउन एक साताभन्दा कम समय रहे पनि मधेश प्रदेशका राजनीतिक दलबिच बजेटमाथि हुने छलफलका विषयमा सहमति हुन सकेको छैन। बिहीबार बसेको प्रदेश सभाको बैठक पनि छलफल नहुँदै १० मिनेटमै स्थगित भयो। २२ असारदेखि निरन्तर बजेटमाथि छलफल गर्न प्रदेश सभाको बैठक बस्दै आए पनि विपक्षी दलको अवरोधका कारण पाँचौंपटक पनि बैठक स्थगित भएको छ।

बजेटमा बिचौलिया हाबी भएको तथा असमान वितरण गरिएको भन्दै विपक्षी दलले बजेट पुनर्लेखनको माग गर्दै आएका छन्। बिहीबार प्रदेश सभाको बैठक पूर्वसत्तापक्ष र विपक्षी दलबिच भएको छलफलमा बजेटमा भएको त्रुटि सच्याउने विषयमा प्रदेश सभामुख रामचन्द्र मण्डलको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गर्ने सहमति भएको थियो।

सहमतिअनुसार सभामुख मण्डलले बैठकमा कार्यदलका सदस्यको नामावली सार्वजनिक गरेपछि त्यसको विरोध गर्दै विपक्षी दलले पुनः बैठक अवरुद्ध गरेका छन्। उनीहरूले कार्यदलमा भौतिक पूर्वाधारमन्त्री सरोज यादवलाई राखेकोमा आपत्ति जनाउँदै बैठकमा अवरोध गरेपछि सभामुखले १० मिनेट बैठक स्थगित गरेका थिए।

कार्यदलमा सत्तापक्षबाट भौतिक पूर्वाधारमन्त्री तथा एमालेका संसदीय दलका नेता सरोज यादव, कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव र विपक्षी दलमा जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादव, माओवादी केन्द्रबाट जवाहरलाल कुशवाहा र नेकपा एकीकृत समाजवादीबाट मनीष पटेल राखिएको छ। १० मिनेट बैठक स्थगित गरेर सभामुखको कार्यकक्षमा बसेको बैठकमा पनि सहमति जुट्न नसकेपछि शनिबार दिउँसो १ बजेसम्मका लागि प्रदेश सभा स्थगित गरिएको छ।

जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामआशिष यादवले सरकारले ल्याएको बजेटमाथि छानबिन गर्न गठन गरिएको कार्यदलमा मन्त्रीलाई सदस्य राख्नु उपयुक्त नभएको बताए। यता, मुख्यमन्त्री सतीशकुमार सिंहले पूर्वसहमतिअनुसार नै कार्यदलका लागि नाम पठाएको बताएका थिए। 'सभामुखको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गर्ने सहमति भएको थियो' मुख्यमन्त्री सिंहले भने, 'कार्यदलमा मन्त्री नराख्ने कुरा भएको थिएन, यस्तोमा मन्त्रीको नाम राख्दा विपक्षी दलले अनावश्यक बखेडा झिकेर सभाको बैठक नै अवरुद्ध गरिरहेको छ।'

१ असारमा आएको बजेटमाथि हालसम्म ११ असारमा एक दिन मात्र छलफल भएको छ।

काठमाडौं महानगरको बजेटलक्षित कार्यपालिका बैठक आज

काठमाडौं/ स्थानीय सरकारले नीति तथा कार्यक्रम ल्याउने समयसीमा घर्किएपछि काठमाडौं महानगरपालिकाले बल्ल नीति तथा कार्यक्रम र बजेट ल्याउने भएको छ। विभिन्न विवादबिच बस्न नसकेको महानगरको नीति तथा कार्यक्रम र बजेटलक्षित कार्यपालिका बैठक शुक्रबार दिउँसो २ बजे बस्दै छ। पछिल्लो सात महिनायता महानगरको कार्यपालिका बैठक बस्न सकेको थिएन। मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षलगायतका कारण बजेट रोकिएको थिए। अब भने सबैसँग सहमति भएर शुक्रबार कार्यपालिका बैठक राखिएको हो।



मेयर बालेन्द्र शाह बालेनका स्वकीय सचिव भूपदेव शाहका अनुसार सबै सहमति भएपछि बजेट ल्याउन लागिएको हो। बजेट र नीति तथा कार्यक्रम समन्वयबाटै तय भएको छ। 'सबैलाई पत्राचार भइसकेको छ, विभिन्न कारणवश बैठक बस्न सकेको थिएन, त्यसमा विभिन्न कठिनाइ पनि थिए,' उनले भने, 'अहिले समन्वय भएर नीति तथा कार्यक्रम र बजेट एकैपटक ल्याउँदै छौं, सबै कार्यपालिका सदस्यज्यूहरूलाई पत्र पठाइसकेका छौं।' बैठकमा प्रमुख प्रशासकीय अधिकृतदेखि सबै जनप्रतिनिधि सहभागी हुने बताइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार १० असारभित्र नीति तथा कार्यक्रम र बजेट पेस गर्नुपर्ने हुन्छ। तर, काठमाडौं महानगरपालिकाका विवादका कारण बजेट पेस ल्याउन सकेको छैन। महानगरमा पछिल्लोपटक १४ पुसमा महानगरको १६औं नगर सभा बैठक बसेको थियो। हरेक महिना बस्नुपर्ने बैठक विवादका कारण बस्न सकेको थिएन। महानगरका अनुसार महानगरले आगामी आर्थिक वर्षका लागि २५ अर्बहाराहारी बजेट पेस गर्ने तयारी गरेको छ।

■ अर्थ समिति छलफल

नयाँ स्टकको लाइसेन्स रोकेर नेप्सेलाई निजीकरण गर्न निर्देशन दिने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

संसद्को अर्थ समितिले नयाँ स्टक एक्सचेन्ज कम्पनीको लाइसेन्स रोकेर नेपाल स्टक एक्सचेन्ज (नेप्से) लाई पुनर्संरचना गर्न नेपाल धितोपत्र बोर्डलाई निर्देशन दिने तयारी गरेको छ। बिहीबार नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जसँग सम्बन्धित विषयमा छलफल गरेपछि समितिले नयाँ स्टक एक्सचेन्जको लाइसेन्स रोकेर नेप्सेलाई नै पुनर्संरचना गर्न निर्देशन दिने तयारी गरेको हो।



यसअघि २९ जेठ ०८० मा नयाँ स्टक एक्सचेन्जको लाइसेन्स नदिन निर्देशन जारी गरेको अर्थ समितिले २४ कात्तिक ०८० मा भने पहिलाको निर्देशनको प्रयोजन समाप्त भएको निर्णय गरेको थियो। अहिले सरकारको बहुमत सेयर स्वामित्वमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) सञ्चालनमा छ।

बिहीबार समितिमा भएको छलफलमा पूर्वअर्थमन्त्रीहरू वर्षमान पुन, डा. प्रकाशशरण महत, ज्ञानेन्द्रबहादुर कार्कीसहित सांसदहरू डा. स्वर्णिम वाग्ले, ज्ञानेन्द्रबहादुर शाहीलगायतले नयाँ स्टक एक्सचेन्ज थप गर्नुभन्दा नेप्सेलाई नै पुनर्संरचना गर्नुपर्ने बताएका थिए। यद्यपि, छलफलमा सहभागी भएका धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठले नयाँ स्टक एक्सचेन्ज थप गर्नुपर्ने धारणा राखेका थिए। त्यसमा सांसदले विरोध जनाउँदै नेप्सेलाई नै पुनर्संरचना गर्नुपर्नेमा जोड दिएका थिए। छलफलपश्चात् नयाँ स्टकको लाइसेन्स रोकेर नेप्सेलाई पुनर्संरचना गर्ने निष्कर्षमा पुगेको समितिका सभापति सन्तोष चालिसेले बताए। नेप्सेमा भएको ५८.६६ प्रतिशत सरकारको सेयर निजी क्षेत्रलाई बिक्री गर्ने निर्णय भएको उनले बताए।

यद्यपि, यसको माइन्युट भएर बोर्डलाई निर्देशन हुन भने बाँकी छ। 'दुई वर्षअघि अर्थ समितिले नयाँ स्टक एक्सचेन्ज चाहिन्छ भनेको थियो। तर, अहिले परिस्थिति बदलियो। छलफलमा सबैले नयाँ स्टक एक्सचेन्ज थप नगरेर नेप्सेलाई नै पुनर्संरचना गर्नेमा जोड दिए। त्यसपछि सर्वसम्मत रूपमा नयाँ स्टकको लाइसेन्स रोकेर नेप्सेलाई नै पुनर्संरचना गर्न निर्देशन दिने सहमति भएको छ,' नयाँ पत्रिकासँग उनले भने, 'त्यसमा पनि नेप्सेलाई पूर्ण रूपमा निजीकरण गर्ने भनेका छौं। अहिले नेप्सेमा सरकारको ५८.६६ प्रतिशत सेयर छ। त्यो सबै निजी क्षेत्रलाई बिक्री गरेर नेप्से पुनर्संरचना गर्ने भनेका छौं।'

गत १० मंसिरमा बोर्डका अध्यक्षमा नियुक्त भएका श्रेष्ठ कुनै पनि हालतमा नयाँ स्टक एक्सचेन्ज थप गर्ने पक्षमा छन्। नयाँ स्टक एक्सचेन्ज वितरण गर्ने योजनाअनुरूप नै अध्यक्ष श्रेष्ठले गत जेठ अन्तिम साता यससम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेका थिए।

नयाँ स्टकको लाइसेन्सबारे निर्णय गर्न ९ माघ ०८० को मन्त्रिपरिषद्ले नेपाल राष्ट्र बैंकका सञ्चालक समिति सदस्य तथा पूर्वडेपुटी गभर्नर चिन्तामणि सिवाकोटीको संयोजकत्वमा अध्ययन तथा सुझाव समिति गठन गरेको थियो। उक्त समितिले वैशाख ०८१ मा प्रतिवेदन बुझाउँदै नेप्सको पुनर्संरचनासहित नयाँ स्टक एक्सचेन्ज स्थापना गर्न सुझाएको थियो। तर, सरकारले त्यसमा लामो समयसम्म निर्णय गरेन। बोर्डमा श्रेष्ठ आएपछि गत पुसमा सरकारले उक्त प्रतिवेदन कार्यान्वयन गर्न अर्थ मन्त्रालय हुँदै बोर्डमा पठाएको थियो। गत जेठ अन्तिम साता उक्त प्रतिवेदन सार्वजनिक भएको थियो, जहाँ नेप्सेको पुनर्संरचना गर्दै नयाँ स्टक एक्सचेन्ज थप गर्न सुझाव दिइएको छ। तर, श्रेष्ठ नेप्सेलाई पुनर्संरचना गर्न छाडेर नयाँ स्टककै लाइसेन्स वितरण गर्नतर्फ लागेका छन्। त्यसमा अर्थ समितिले रोक्ने देखिएको छ। २९ पुस ०५० देखि नेप्से स्टक मार्केटको रूपमा सञ्चालनमा छ। एक अर्ब पुँजी भएको नेप्सेमा अहिले सरकारको ५८.६६ प्रतिशत सेयर हिस्सा छ। त्योबाहेक सरकारी स्वामित्वकै नेपाल राष्ट्र बैंकको ९.५, कर्मचारी सञ्चय कोषको १० र राष्ट्रिय वाणिज्य बैंकको ११.२३ प्रतिशत सेयर छ। योबाहेक निजी क्षेत्रका लक्ष्मी सनराइज बैंक र प्रभु बैंकको पाँच-पाँच प्रतिशत सेयर हिस्सा छ। बाँकी ०.६० प्रतिशत सेयर भने अन्य शीर्षकमा देखाइएको छ।



क्षेत्रगत बैंकको लाइसेन्स खुलाउँदा फरक पर्दैन

■ उपेन्द्र पौडेल

अध्यक्ष, बैंक तथा वित्तीय परिसंघ नेपाल (सिबिफिन) एवं नबिल बैंक

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउने अन्तिम तयारी गरिरहेको छ। अर्थतन्त्रको बाह्य क्षेत्र सबल देखिए पनि आन्तरिक अर्थतन्त्रले अपेक्षित गति लिन नसकेका वेला गभर्नर डा. विश्वनाथ पौडेलले ल्याउने उनको पहिलो मौद्रिक नीतिलाई चासोका रूपमा हेरिएको छ। नबिल बैंकका अध्यक्षसमेत रहेका बैंक तथा वित्तीय परिसंघ नेपाल (सिबिफिन)का अध्यक्ष **उपेन्द्र पौडेल**सँग आगामी मौद्रिक नीति, बाफिया र नबिल बैंकका विषयमा केन्द्रित भएर नयाँ पत्रिकाका **कृष्ण रिजाल** र **मिलन विश्वकर्मा**ले गरेको कुराकानी :

बैंक तथा वित्तीय संस्था परिसंघ (सिबिफिन)को नेतृत्वकर्ता र एउटा ठुलो वाणिज्य बैंक नबिलको अध्यक्ष पनि हुनुहुन्छ। अहिले देशको अर्थतन्त्रको चित्र कस्तो देख्नुहुन्छ ?

अहिले नेपालको अर्थतन्त्र सबैभन्दा चुनौतीपूर्ण अवस्थामा छ, तर संकटमा छैन। अर्थतन्त्रमा त्यस्तो संकट आउँछ जस्तो पनि लाग्दैन, किनभने हाम्रो अर्थतन्त्रले थुप्रै संकट पार गरिसकेको छ। अर्थतन्त्र सहनशील (रेजिलेन्ट) छ भन्ने देखिइसकेको छ। अहिले विभिन्न किसिमका नयाँ अभ्यास गरिरहेका छौँ। राजनीतिक अभ्यास नयाँ छ, आर्थिक अभ्यास नयाँ छ, वित्तीय संघीयता नयाँ छ। यी सबैमा स्थायित्व आइसकेको छैन। आर्थिक विकासका लागि जुन किसिमको राजनीतिक स्थायित्व आउनुपर्ने थियो, त्यो पनि आइसकेको छैन।

दीर्घकालीन विकासका लागि जुन किसिमको नीति लिएर अघि बढ्नुपर्ने हो, त्यस्तो हुन सकेको छैन। कुन क्षेत्रमा कसरी अघि बढ्ने, कहाँसम्म जाने, कस्तो नीति लिने भन्नेमा एकमत छैन। जलविद्युत्मा कसरी अघि बढ्छौँ, उत्पादन र व्यापारमा नीति के हुने भन्ने विषयमा पनि मत बाझिएको छ। कृषि, पर्यटन, जलविद्युत्मा फोकस त हुने भन्यौँ, तर हुन सकेनौँ। अर्थव्यवस्थाको संरचना कस्तो हुनुपर्छ भन्नेमा पनि एकमत देखिँदैन। सरकार अर्थव्यवस्था र आर्थिक मुद्दामा फोकस हुन सकेको छैन, सधैँ राजनीतिक र सामाजिक मुद्दामै केन्द्रित भइरहनुपरेको छ।

रेमिट्यान्स अर्बौँ आइरहेको छ, विदेशी मुद्रा सञ्चिति यति धेरै छ, बाह्य क्षेत्र सबल छ भनेर खुसी भइरहेका हुन्छौँ, तर त्यसले मात्रै पुग्छ त ? सरकारको ऋण बढिरहेको छ, बजेट घाटा बढिरहेको छ, पूर्वाधारमा खर्च गर्न सकेका छैनौँ, पुँजीगत खर्चका लागि बजेट नपुग्ने अवस्था आइसकेको छ, निजी क्षेत्रले पनि लगानी विस्तार गर्न सकेको छैन, रोजगारी र शिक्षाका नाममा देशको युवाशक्ति निरन्तर बाहिरिरहेको छ, यस्ता थुप्रै समस्या र चुनौती छन्। यसले गर्दा कहीँ न कहीँ अनिश्चयको अवस्थामा छौँ भन्ने देखिन्छ।

युवाहरू पढ्नका लागि बाहिर जान्छन्, उनीहरू फर्केर आउने सम्भावना कम हुन्छ। यहाँ अवसर दिन नसकेकै कारण युवा बिदेसिनुपरेको हो। जस्तै, विदेशमा ५० हजार-एक लाख तलब खाइरहेका छन्, उनीहरूको रोजगारदाताले १० लाख, एक करोड कमाइरहेको हुन्छ, यदि युवालाई यहीँ अवसर दिने हो भने त्यस्तो पुँजी सिर्जना नेपालमै गर्न सकिन्थ्यो। सारमा भन्नुपर्दा हामीले वास्तविक अर्थतन्त्रको विकास नै गर्न सकेका छैनौँ। उत्पादनमुखी वास्तविक अर्थतन्त्र निर्माण गर्न सके रोजगारी बढाउन सक्थ्यौँ, उत्पादन बढ्थ्यो, खपत बढ्थ्यो अनि यसले समग्र अर्थतन्त्रको साइकल चलाउँथ्यो।

अहिले देशमा विदेशी विनियम सञ्चिति २६ खर्ब पुग्न लागिसकेको छ। बैंकहरूमा लगानीयोग्य तरलता पनि ६ खर्बभन्दा बढी थुप्रिएको छ। यति धेरै पुँजी किन थुप्रिएर बस्यो ? यसको उचित परिचालन कसरी गर्ने ?

यसका लागि सबैभन्दा पहिला वास्तविक अर्थतन्त्र निर्माणमै फोकस हुनुपर्छ। पुँजीलाई जता पायो त्यतै परिचालन गर्न भएन। हामी उत्पादनमा लाग्नुपर्छ। लघु, घरेलु, साना तथा मध्यम उद्योग व्यवसाय प्रवर्द्धन र विकास भएको छैन, कृषिको व्यावसायीकरण भएको छैन। बैंकहरूले यस्ता क्षेत्रमा कर्जा दिएन पनि भन्छन्।

कृषिमा व्यावसायीकरण हुनुपर्छ, त्यसो भयो भने मात्रै कर्जा लिएर तिर्न पनि सक्छ। किसानहरूको उत्पादनलाई बजारसम्म पुऱ्याउनका लागि चाहिने मूल्य शृंखला (भ्यालु चेन) प्रणालीमै समस्या छ। त्यो भ्यालु चेनमा कसले लगानी गर्ने ? कसले पूर्वाधार बनाइदिने ? पक्कै पनि सरकारले नै हो। यदि उत्पादन भएर बजारसम्म जाने वातावरण बन्छ भने बैंकले त लगानी गरिहाल्छ नि ! अनि आम्दानी हुने देखियो भने निजी क्षेत्रले पनि लगानी गरिहाल्छ।

आजका दिनमा पनि समयमै बिल र मल पाइँदैन, सिँचाइको सुविधा छैन, जेनतेन उत्पादन गरेपछि त्यसलाई राख्ने कोल्डस्टोर छैन, बजारसम्म पुऱ्याउने पहुँच छैन। अझ उपभोक्ता र कृषकबिच ठुलो मात्रामा बिचौलिया छन्, जसले गर्दा एकातर्फ कृषकले उचित मूल्य पाउन सकेका छैनन् भने अर्कातर्फ उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने बाध्यता छ। आधुनिक प्रविधि र उपकरण भित्र्याउन पनि मद्दत गर्नुपर्छ। सरकारले कृषि तथा साना-मझौला उद्यमका लागि भ्यालु चेनको राम्रो प्रणाली विकास गर्न सक्यो भने लगानी बढिहाल्छ नि ! मुख्य कुरा खेतीयोग्य जमिनको चक्लाबन्दी पनि रोक्नुपर्छ।

अर्को कुरा, साना-मझौला उद्यम र कृषिमा बैंकले गरेको लगानीले एउटा ठुलो शिक्षा पनि दिएको छ। राष्ट्र बैंकको निर्देशनअनुसार ती क्षेत्रमा गरिएको कर्जा नै बढी निष्क्रिय भएका छन्। राष्ट्र बैंकले निश्चित समयमा निश्चित गर्न बाध्यकारी व्यवस्था गऱ्यो, बैंकहरूले लगानी गरे, तर अहिले डिफल्ट भयो। साना-मझौला उद्यमीले कर्जा लिए, तर व्यवसाय चलाउन सकेनन्, उनीहरूसँग सिप र ज्ञान कमी भयो। त्यसैले कर्जा दिएर मात्रै नहुने रहेछ, उनीहरूलाई क्षमता कसरी बढाउने, लेखा कसरी राम्रो राख्ने भन्नेलगायत विभिन्न आवश्यक प्रविधिक सहायता पनि दिनुपर्छ।

सरकारले ठुलाठुला पूर्वाधारमा पनि ध्यान हुनुपर्छ।

■ निर्देशित कर्जामा डिफल्ट बढी छ, यसको समीक्षा हुनैपर्छ

■ देशको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा छ, तर संकटमा छैन

■ हामीले वास्तविक अर्थतन्त्रको विकास नै गर्न सकेका छैनौँ

■ पुँजीलाई जथाभावी परिचालन गर्न भएन, उत्पादनमा लगाउनुपर्छ

■ बैंक र व्यवसायी छुट्याउनु आवश्यक छैन

■ बैंकिङ सेवालाई रिडिफाइन गर्न नबिल बैंकले सहयोग गरेको छ

■ नबिल बैंक दिगो बैंकिङमा अझ सशक्त रूपमा आउनेछ

निजगढ एयरपोर्ट बनाउनुपर्छ, फास्ट ट्र्याक बनाउनुपर्छ, भएका एयरपोर्ट पनि चलाउनुपर्छ। पूर्वाधार र प्रणाली भएपछि निजी र विदेशी लगानी मनग्य आउँछ। यसो भयो भने पुँजी परिचालन हुन्छ, पुँजी र विकास निर्माण हुन्छ।

बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह ५८ खर्बहाराहारी पुगिसकेको छ। बैंकहरूको कर्जा लगानीले देशको आर्थिक वृद्धिदरलाई अपेक्षित योगदान नगरेको चर्चा पनि हुने गरेको छ। यसमा तपाईंको प्रतिक्रिया के छ ?

देशको आर्थिक वृद्धिदरलाई बैंकको कर्जा लगानीले टेवा नपुऱ्याएको म मान्दिनँ। गुणात्मक टेवा पुगेन होला, त्यसको विश्लेषण गर्नुपर्छ, तर वृद्धिदरलाई योगदान गरेको छ। देशको अर्थतन्त्रको संरचनाअनुसार नै लगानी बढी भएको हुन सक्छ। यदि वास्तविक अर्थतन्त्रको विकास हुन सकेको भए, उत्पादनमा केन्द्रित भएर बढी लगानी भएको भए अझ राम्रो हुन्थ्यो। सवारीसाधन, ढुवानी, घरजग्गा, सेयर, कच्चा पदार्थलगायतमा भएको लगानीले वृद्धिदरलाई सघाइरहेकै हुन्छ।

अहिले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन संशोधन विधेयक अर्थ समितिमा विचाराधीन छ। मुख्यगरी बैंक र व्यवसाय छुट्याउने/नछुट्याउने विषयमा विवाद देखिन्छ। यसमा तपाईंको राय के छ ?

नेपालमा उदारीकरणपछि जुन बैंकिङ क्षेत्रको विकास भयो, त्यही वेलादेखि यो क्षेत्रमा छु, तीनवटा बैंकमा काम गरेँ। तर, आजको दिनसम्म सेयरहोल्डर भएकै कारण पैसा पाउनुपर्छ भनेर मागेको थाहा छैन। मैले पनि कसैलाई बैंकको लगानीकर्ता भएकै कारण कर्जा दिएको छैन। अब यहाँ कुरो के छ भने बैंक र व्यवसायी छुट्याउने भन्दाखेरि स्वार्थको द्वन्द्व हुन्छ भनेर होला। तर, अहिलेसम्म भएको छ कि छैन ? त्यो त अध्ययन गर्न पर्ला नि ! मलाई के लाग्छ भने यो आवश्यक छैन। कतिपय देशमा त बैंकको सञ्चालकले सोही बैंकबाट ऋणसमेत लिन्छन्, तर घोषणा गरेर वा पारदर्शी किसिमले। जब हामी घोषणा गर्ने, पारदर्शिता कायम राख्ने काम गर्छौँ भने व्यवसायी र बैंकर भनेर छुट्याउनै पर्दैन, कसैले दुरुपयोग गर्छ भने जरिवाना गर्ने हो, कारबाही गर्ने हो। कुनै घरमा झ्यालबाट चोर पस्यो भनेर सबै घरमा झ्याल नराख्ने कुरा त आउँदैन नि !

अहिले बैंकबाट व्यवसायीहरू निस्कँदा सेयर बजारमा ठूलो क्र्यास आउने देखिन्छ। अर्कोतर्फ नीतिगत स्थायित्व नभएको म्यासेज जान्छ, लगानीकर्ता हतोत्साहित हुन्छन्, अन्य क्षेत्रमा पनि विश्वास गुम्छ, त्यसैले यसमा गम्भीर हुन आवश्यक छ। अन्य देशको व्यवस्था पनि हेरेर, अध्ययन गरेर मात्रै निर्णय लिनुपर्छ।

अहिले बैंकको लाइसेन्स खुला गर्ने वा सञ्चालनमा रहेका बैंकको लाइसेन्स अवधि तोक्ने कुरा पनि आइरहेको छ नि !

योचाहिँ मैले पनि बुझ्न सक्या छैन। पहिला नै यति धेरै बैंक खोल्यौँ, अनि मर्जरमा जान भन्यौँ। मर्जरको ह्याङ सकिएको छैन फेरि नयाँ बैंक ल्याउने बहस भइरहेको छ। बैंकको लाइसेन्स बाँड्नुअघि अध्ययन गर्नुपर्छ। कुन खालको बैंक चाहिएको हो, केका लागि चाहिएको हो ? अध्ययनले जे भन्छ सोहीअनुसार आवश्यक भए लाइसेन्स दिए हुन्छ। कृषिका लागि, उद्योगका लागि, पूर्वाधारका लागि, साना उद्यमका लागि छुट्टै चाहिएको हो भने अध्ययन गरेर दिँदा हुन्छ। एकदम रणनीतिक हिसाबले क्षेत्रगत बैंक आउँछ भने लाइसेन्स दिँदा फरक नपर्ला।

राष्ट्र बैंक आगामी आर्थिक वर्षका लागि मौद्रिक नीति ल्याउने अन्तिम तयारीमा छ। वर्तमान गभर्नरको यो पहिलो मौद्रिक नीतिलाई तपाईंका सुझाव के-के छन् ?

गभर्नरज्यूले आउनेबित्तिकै एक तहमा बजारको मनोबल बढाउने काम गरिसक्नुभएको छ। अबको मौद्रिक नीति उत्पादनमुखी हुनुपर्छ। वास्तविक अर्थतन्त्रलाई योगदान गर्ने मौद्रिक नीति आउनुपर्छ। ब्याजदरलाई सकेसम्म यही दरमा कायम राख्ने, मूल्यवृद्धिलाई पनि बढ्न नदिने नीति लिनुपर्छ। सिआरआर चलाउनुपर्छ जस्तो लाग्दैन। बैंकहरूको निष्क्रिय कर्जामा सबैको चासो छ, बढेको पनि छ। खासगरी निर्देशित कर्जाका क्षेत्रमा बढी एनपिएल बढेको छ यसको समीक्षा गर्नु आवश्यक छ।

नबिल बैंकलाई 'लिडर' बैंकका रूपमा प्रस्तुत गर्दै आउनुभएको छ, यसका आधार के-के हुन् ?

नबिललाई 'बैंक नम्बर वान' नै त भन्दिनँ। किनकि, भोलुममा त अरू बैंक पनि अघि छन्। तर, नाफामा भने पहिलो नम्बरमा नै हो। हाम्रो प्रयास 'नम्बर वान' बन्नेभन्दा पनि हिजोभन्दा आज र आजभन्दा भोलि झन् राम्रो बैंक बन्दै जाने हो। पहिलेदेखि सस्टेनेबल बैंकिङमा अग्रसर छौँ। कृषि, साना तथा मझौला (एसएमई), सूक्ष्म, साना तथा मध्यम उद्यम (एमएसएमई)सम्बन्धी प्रडक्ट ल्याएका छौँ। यसैगरी विदेशबाट फर्किनेका लागि पनि प्रडक्ट ल्याएका छौँ। अर्थात्, त्यस्ता क्षेत्रमा प्राथमिकता साथ कर्जा प्रवाह तथा वित्तीय सेवा दिएका छौँ। यस्ता गतिविधिले समाजमा सकारात्मक प्रभाव पारेको छ। नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप कार्यक्रम सुरु गरेका छौँ। वातावरणीय तथा सामाजिक पक्षमा पनि सकारात्मक प्रभाव पर्ने गरी काम गरेका छौँ। हामीले कोर बैंकिङको मात्रै काम गरेका छैनौँ। नबिलले नेपालमा बैंक पनि 'सर्भिस सेक्टर' हो भनेर चिनारी छोडेको छ। बैंकिङ सेवालाई रिडिफाइन गर्न नबिल बैंकले सहयोग गरेको छ। पछि आएका बैंकले यसलाई नै आत्मसात् गर्दै आएका छन्। नाफामा नबिल बैंक अहिले पनि पहिलो बैंक हो। त्यो हुनुको मतलब अरू इन्डिकेटरले पनि राम्रोसँग काम गरेको छ। यद्यपि, नाफालाई मात्रै प्राथमिकतामा राखेका छैनौँ। समाजलाई पनि योगदान गर्ने बैंकका रूपमा अग्रसर छौँ।

नबिलले ४१औँ वार्षिकोत्सव मनाउँदै छ, यस अवसरमा बैंकका ग्राहक र लगानीकर्तालाई के सन्देश दिनुहुन्छ ?

लगानीकर्तालाई हामीले निराश बनाएका छैनौँ। गत वर्ष त्यस्तो अप्ठ्यारो परिस्थितिमा पनि १० प्रतिशत लाभांश दिएको हो। ग्राहकलाई दिने सेवा पनि गुणस्तरीय हुँदै आएको छ। आगामी दिनमा झन् राम्रो बनाउनेछौँ। 'भिडियो केवाइसी'को अवधारणामा काम गरेका छौँ। छिटो र छरितो रूपमा वित्तीय सेवा दिइरहेका छौँ। यस्ता सुविधा कायमै हुन्छन्। फिनटेकको प्रयोग र डिजिटल ट्रान्सफरमेसनमा अझ अघि बढ्नेछौँ। सस्टेनेबल बैंकिङमा सशक्त रूपमा आउनेछौँ।

कर्पोरेट

ग्लोबल आइएमई बैंक दोस्रोपटक 'बेस्ट बैंक अवार्ड'बाट सम्मानित

काठमाडौँ/ ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्स म्यागाजिनको बेस्ट बैंक अवार्ड, २०२५ बाट सम्मानित भएको छ। यो अवार्डसँगै बैंक लगातार दोस्रो वर्ष ग्लोबल फाइनान्स म्यागाजिनको बेस्ट बैंक अवार्डबाट सम्मानित भएको हो। ग्लोबल फाइनान्सले बैंकलाई गत वर्ष पनि सम्मानित गरेको थियो।

विश्वसनीयता, वित्तीय स्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाहरूको विकास, क्रेडिट रेटिङलगायत मापदण्डमा बैंक सन् २०२५ का लागि नेपालको उत्कृष्ट बैंक भएको हो। यो अवार्डबाट सम्मानित हुने ग्लोबल आइएमई पहिलो नेपाली बैंक हो। ग्लोबल फाइनान्सले विश्वका उत्कृष्ट केन्द्रीय बैंक र वाणिज्य बैंकहरूलाई यो प्रतिष्ठित अवार्ड प्रदान गर्ने गर्छ।



बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले सम्मानले बैंकलाई थप उत्कृष्ट सेवा प्रदान गर्न प्रोत्साहित गरेको बताए। ग्लोबल फाइनान्स म्यागाजिनले ग्लोबल आइएमईसहित अफ्रिका, एसिया प्यासिफिक, क्यारिबियन, मध्य अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्य-पूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैंकहरूलाई सम्मान गरेको छ। जसअन्तर्गत यस वर्ष हङकङको एचएसबिसी, भारतको स्टेट बैंक अफ इन्डिया, चीनको चाइना कन्स्ट्रक्सन बैंक, नेपालको ग्लोबल आइएमई बैंक, मलेसियाको युओबी मलेसिया, बंलादेशको सिटी बैंक, जापानको एसएमबिसीलगायत विश्वभरका विभिन्न बैंक विभिन्न विधामा सम्मानित भएका हुन्। ग्लोबल आइएमई बैंक यसअघि पनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट फरक-फरक विधामा सम्मानित भइसकेको छ।

डिएस ग्रुपको क्याच मसला बजारमा

काठमाडौँ/ भारतको प्रमुख एफएमसिजी समूह र मल्टी-बिजनेस कर्पोरेसन धर्मपाल सत्यपाल ग्रुप (डिएस ग्रुप)अन्तर्गतको लोकप्रिय ब्रान्ड क्याच स्पाइसेसले नेपालमा पनि आफ्नो मसला ल्याउने घोषणा गरेको छ। कम्पनीले आफ्नो शुद्धता, स्वाद र इनोभेसनको परम्परालाई नेपाली भान्सासम्म पुऱ्याउने लक्ष्य राखेको जनाएको छ। साथै, नेपालमा यसको विस्तारले आफ्नो अन्तर्राष्ट्रिय उपस्थितिलाई थप मजबुत बनाउने विश्वास कम्पनीको छ।

कम्पनीले वास्तविक स्वाद र सुवासलाई जीवित राख्न स्ट्रेट मसला, विविध मिश्रित मसला, पेस्ट तथा साबुत मसला प्रस्तुत गरेको छ।

अत्याधुनिक प्रविधि प्रयोग गरी बनाइएको मसलाको प्राकृतिक बास्ना, तेल, रङ र स्थायित्वलाई जोगिइरहने कम्पनीको दाबी छ। क्याच स्पाइसेस हाल काठमाडौँ उपत्यकामा उपलब्ध भइसकेको छ भने चाँडै अन्य क्षेत्रमा पनि विस्तार गरिने बताइएको छ।

हिम स्टारको आइपिओ भर्ने आज अन्तिम दिन

काठमाडौँ/ हिम स्टार ऊर्जा कम्पनीको प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) शुक्रबारसम्म मात्रै भर्न पाइनेछ। कम्पनीले २४ असारदेखि सर्वसाधारणका लागि प्रतिकित्तासय रुपैयाँमा सात लाख ७३ हजार ९७५ कित्ता आइपिओ निष्कासन गरेको छ।

कम्पनीले नेपाल धितोपत्र बोर्डबाट जारी पुँजी ३७ करोड ३० लाख रुपैयाँको ३० प्रतिशतले हुन आउने ११ लाख १९ हजार कित्ता सेयर निष्कासन गर्ने अनुमति पाएको थियो। जसमध्ये एक लाख ८६ हजार पाँच सय कित्ता आयोजना प्रभावित र ९३ हजार २५० कित्ता वैदेशिक रोजगारीमा गएका नेपालीका लागि बिक्री गरी बाँडफाँट गरिसकेको छ।

त्यस्तै, कम्पनीले १८ हजार ६५० कित्ता सेयर कर्मचारीका लागि र ४६ हजार ६२५ कित्ता सामूहिक लगानी कोषका लागि छुट्याएको छ। यसरी बाँकी रहेको सात लाख ७३ हजार ९७५ कित्ता सर्वसाधारणमा निष्कासन गरेको हो।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि. YOUR PARTNER FOR PROGRESS

योजना व्यवस्थापक तथा डिपोजिटरी: Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Ltd.) सिटिजन्स क्यापिटल लिमिटेड

सिटिजन्स म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने

सिटिजन्स सदाबहार योजना (Citizens Sadabahar Yojana)

खुलामुखि योजना
को

इकाई सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

सिटिजन्स सदाबहार योजना (Citizens Sadabahar Yojana) को प्रति इकाई अंकित मूल्य रु.१०/- दरको ५,००,००,००० (पाँच करोड) इकाई मध्ये बीज पूँजी बापत न्यूनतम ७५,००,००० (पचहत्तर लाख) इकाई अर्थात रु.७,५०,००,०००/- (अक्षरेपी रु. सात करोड पचास लाख मात्र) वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रवर्द्धक श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडलाई सुरक्षित राखी बाँकी न्यूनतम ४,२५,००,००० (चार करोड पच्चिस लाख) इकाई प्रथम चरणको निष्काशन (New fund Offer) मिति २०८२ असार १३ गते शुक्रबार देखि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८२/०३/२७ गते (बैंकिङ्ग समय पश्चात्)** सो इकाईका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी इकाईका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२/०३/२७ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन र प्राप्त आवेदनलाई समयावधि भित्र रुजु गरि दिनुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, निष्काशन बैंक तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

योजना व्यवस्थापक तथा डिपोजिटरी/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Ltd.)
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल, फोन: ४५१७७२३/४५१७४५७
इमेल: info@citizenscapital.com.np वेबसाइट: www.citizenscapital.com.np

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०३/२७)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन न.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०४/०९

बोलपत्र खोलिने मिति २०८२/०४/११ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : दर्शन ट्रेडर्स (विविध कर्जा) -शाखा कार्यालय हेटौडा,** प्रा.फ.र.नं. : २३११/१३९०/०७७/०७८, ठेगाना : हेटौडा उ.म.न.पा.०४, मकवानपुर **प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **मनिष ठकुरी -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ३१-०१-७४-०३४६४, मिति २०७४/०४/०४ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) बाबु : जयराम ठकुरी, बाजे : ठई बहादुर ठकुरी २. **जयराम ठकुरी -जमानीकर्ता** (ना.प्र.नं. २३७०६, मिति २०४९/०९/२६ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), बाबु : ठई बहादुर ठकुरी, बाजे : अम्वर बहादुर ठकुरी ३. **निर्मला ठकुरी -जमानीकर्ता** (ना.प्र.नं. २७/४६३, मिति २०५४/०३/०८ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), पति : जयराम ठकुरी, ससुरा : ठई बहादुर ठकुरी ४. **मिलन ठकुरी -जमानीकर्ता** (ना.प्र.नं. ३१-०१-७०-०३६०५, मिति २०७०/०३/२३ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), बाबु : जयराम ठकुरी, बाजे : ठई बहादुर ठकुरी	जयराम ठकुरीको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. २१४५ (०-२-१४.२५-० विगाहा) र कि.नं. २१३७ ०-३-३.५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय हेटौडा, मकवानपुर/सम्बन्धित मालपोत नजिकको शाखा
२.	**ऋणी : माँ भगवती ट्रेड सप्लायर्स (डिमाण्ड कर्जा) -शाखा कार्यालय कीर्तिपुर,** प्रा.फ.र.नं. : १४९२०६/०७६/७७, ठेगाना : का.म.न.पा. १४, काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **मनोज गिरी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.७१८, मिति २०६३/११/२६ मा जि.प्र.का. रौतहटबाट जारी भएको), बाबु : रामनाथ गिरी, बाजे : पिताम्बर गिरी २. **रामनाथ गिरी -जमानीकर्ता** (ना.प्र.नं. २८१३/१४५, मिति २०४६/०३/०२ मा जि.प्र.का. रौतहटबाट जारी भएको), बाबु : पिताम्बर गिरी, बाजे : राम बृक्ष गिरी	मनोज गिरीको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, ढल्केबर गा.वि.स./न.पा. वडा नं. ५(ख) स्थित कि.नं. ३४२ (०-०-१३-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय जनकपुर, धनुषा/सम्बन्धित मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

टी-२० विश्वकप छनोटमा नेपाल र कुवेत एकै समूहमा



फाइल तस्बिर

ओमानमा आगामी ८-१७ अक्टोबरसम्म हुने एसिया तथा प्रशान्त क्षेत्रको आइसिसी टी-२० विश्वकप छनोटका शीर्ष तीन टोली अन्तिम चरणमा पुग्ने

समूह 'ए' मलेसिया, कतार, युएई

समूह 'बी' नेपाल, कुवेत, जापान

समूह 'सी' ओमान, पपुवा न्युगिनी, सामोआ

खेलतालिका

८ अक्टोबर	ओमान-सामोआ
८ अक्टोबर	युएई-कतार
८ अक्टोबर	नेपाल-कुवेत
९ अक्टोबर	मलेसिया-कतार
९ अक्टोबर	कुवेत-जापान
९ अक्टोबर	पपुवा-सामोआ
१० अक्टोबर	युएई-मलेसिया
१० अक्टोबर	नेपाल-जापान
१० अक्टोबर	ओमान-पपुवा न्यूगिनी

टी-२० आई वरीयता

राष्ट्र	वरीयता	रेटिङ
युएई	१४	१८३
नेपाल	१८	१६८
ओमान	२०	१४६
प. न्युगिनी	२१	१४२
कुवेत	२३	१३४
मलेसिया	२५	१२०
कतार	२९	१११
जापान	४३	६४
सामोआ	६७	३१

नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत एसिया तथा प्रशान्त क्षेत्रको अन्तिम चरणको छनोटको समूह विभाजन गरेको छ। आइसिसीले सार्वजनिक गरेको 'ड्र'अनुसार नेपाल समूह 'बी'मा परेको छ। नेपालको समूहमा बलियो कुवेत र जापान छन्। छनोट खेल आगामी ८ देखि १७ अक्टोबरसम्म ओमानमा हुनेछ। यसैगरी, समूह 'ए'मा मलेसिया, कतार र युएई छन्।

समूह 'सी'मा आयोजक ओमानले पपुवा न्युगिनी र सामोसाविरुद्ध खेल्नेछ। प्रतियोगितामा सहभागी नौवटा टोलीलाई आइसिसीले तीन समूहमा विभाजन गरेको हो। एसिया तथा प्रशान्त क्षेत्रको छनोटमा युएईले माथिल्लो वरीयता पाएको छ। आइसिसीको टी-२० पुरुष वरीयतामा युएई १४औँ स्थानमा छ। युएईको १८३ रेटिङ छ। दोस्रो वरीयतामा नेपाल रहेको छ। नेपाल १८औँ स्थानमा छ। नेपालले १६८ रेटिङ पाएको छ।

ओमान २०औँ स्थानमा रहँदा नेपालको समूहमा रहेको जापानको वरीयता ४३औँ छ। पछिल्लो साता जारी वरीयतामा जापानले एक स्थान सुधार गरेको हो। नेपालले सन् २०१४ र ०२४ को विश्वकप खेलेको थियो। तेस्रोपटक छनोट हुने लक्ष्यका साथ नेपालले ओमान प्रस्थान गर्नुअघि वेस्ट इन्डिजको सिनियर टोलीसँग टी-२० आई खेल्नेछ। नेपाली टोलीले अस्ट्रेलियामा आयोजना हुने टी-२० सिरिजमा प्रतिस्पर्धा गर्ने नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ।

नयाँ प्रतिद्वन्द्वी जापान

नेपालले नयाँ प्रतिद्वन्द्वीका रूपमा जापानलाई पाएको छ। अहिलेसम्म जापान र नेपालबिच खेल भएको छैन। जापानले सन् १९८९ मा आइसिसीको सदस्यता प्राप्त गरेको थियो। आइसिसीमा जापानले इस्ट एसिया प्यासिफिक क्षेत्रको प्रतिनिधित्व गरेको छ। जापानले आफ्नो पहिलो टी-२० आई खेल सन् २०२२ मा इन्डोनेसियाविरुद्ध खेलेको थियो।

अहिलेसम्म जापानले ४५ वटा टी-२० आई खेलेको छ। जसमा ३१ जित र १३ खेलमा हार सामना गरेको छ। यो सिजनमा जापानले पाँच खेलमा चारमा जित र एकमा हार निकालेको छ। सन् २०२३ मा जापानले पहिलोपटक टी-२० आई विश्वकपअन्तर्गत एसिया छनोट खेलेको थियो। यसैगरी, नेपालले आफ्नो समूहको दोस्रो प्रतिद्वन्द्वी कुवेतसँग तीनपटक टी-२० आईमा प्रतिस्पर्धा गरेको छ। जसमा नेपालले दुई तथा कुवेतले एक खेलमा जित निकालेका छन्। पछिल्लो दुई खेलमा कुवेतमाथि जित हात पारेको छ। १३ अप्रिल २०२५ मा नेपालले पहिलोपटक कुवेतविरुद्ध खेलेको थियो।

शीर्ष तीन टोली विश्वकपमा छनोट हुने

आइसिसीले बनाएको टी-२० विश्वकप फर्म्याटअनुसार समूहगत चरणमा सहभागी सबै टोलीले एक-अर्कासँग एक-एक खेल खेल्नेछन्। प्रारम्भिक चरणको खेलपछि प्रत्येक समूहबाट दुई टोली 'सुपर-६' चरणमा प्रवेश गर्नेछन्। 'सुपर-६' का टोलीलाई एउटै समूहमा राखेर प्रतिस्पर्धा गराइनेछ। त्यसपछि अंकतालिकाको माथिल्लो तीन स्थानमा रहने टोली आगामी विश्वकपमा छनोट हुनेछन्। १० औँ टी-२० विश्वकप भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्दै छन्। विश्वकपमा २० वटा टोलीले सहभागिता जनाउनेछन्।

त्यसमध्ये १३ टोलीको ठुंगो लागिसकेको छ। भारत र श्रीलंकाले आयोजकका रूपमा विश्वकप खेल्नेछन्। अस्ट्रेलिया, अफगानिस्तान, बंगलादेश, इंग्ल्यान्ड, दक्षिण अफ्रिका, अमेरिका र वेस्ट इन्डिज गत संस्करणमा गरेको प्रदर्शनका आधारमा विश्वकपमा छानिएका हुन्। ३० जुन २०२४ सम्मको आइसिसी वरीयताका आधारमा आयरल्यान्ड, न्युजिल्यान्ड र पाकिस्तानले आगामी विश्वकपमा स्थान बनाएका छन्। क्यानडा भने अमेरिकी क्षेत्रबाट छनोट चरण पार गर्दै विश्वकपमा छनोट भएको हो। अब एसिया तथा प्रशान्त क्षेत्रबाट तीन, अफ्रिका क्षेत्रबाट दुई र युरोपेली क्षेत्रबाट दुई टोली विश्वकपमा छनोट हुन बाँकी छ।

आधुनिक प्रविधिसँग जोडियो खेलकुद



नवनिर्मित सेन्टरको उद्घाटनपछि निरीक्षण गर्दै प्रधानमन्त्री केपी ओली। तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

नयाँ पत्रिका

खेलकुद इतिहासमा पहिलोपटक नेपाली खेलाडी अत्याधुनिक प्रविधिसँग जोडिएका छन्। राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले खेलाडीका लागि बिहीबारदेखि उच्चस्तरको सुविधासम्पन्न नेसनल हाई पर्फर्मेन्स सेन्टर सञ्चालनमा ल्याएको छ। ११ करोड लगानीमा निर्मित सेन्टरको उद्घाटन प्रधानमन्त्री केपी ओलीले गरेका छन्। राखेपले नेसनल हाई पर्फर्मेन्स सेन्टर बनाउन सात करोड र स्पोर्टस् साइन्स रिसर्च सेन्टरका लागि चार करोड लगानीमा निर्माण भएको जनाएको छ।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिषद्मा निर्मित सेन्टर सञ्चालनमा आएसँगै नेपाली खेलाडीले अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण लिन सक्नेछन्। नेपालका अधिकांश खेलाडीले परम्परागत प्रशिक्षण गर्दै आइरहेका छन्। नेपाली खेलकुदमा खेलाडीलाई केन्द्रमा राखेर कुनै पनि अध्ययन अनुसन्धान हुने गरेको छैन। खेलाडीको प्रशिक्षण, छनोट, व्यवस्थित खानपिन, शारीरिक अभ्यास, प्रतियोगिता आयोजनाजस्ता सबै कुरा परम्परागत रूपमै सञ्चालन हुँदै आएका थिए।

राखेपले दुवै सेन्टर आफ्नै मातहतमा निर्माण गरेको हो। सेन्टरमा सयजनाले एकैपटक अभ्यास गर्न सक्नेछन्। सेन्टरको क्षेत्रफल सात हजार ५७८ वर्गफिट रहेको छ। सेन्टरमा जिम हलको पनि सुविधा छ। त्यसको क्षेत्रफल चार हजार ९६ वर्गफिट छ। यसैगरी आउटडोर र हिटिङ पौडी व्यवस्था भएको राखेपका सदस्यसचिव टंकलाल घिसिङले बताए। सेन्टरको निर्माणले नियमित प्रशिक्षण गर्नका लागि सुविधासम्पन्न प्रशिक्षण स्थलको अभाव हट्ने उनले बताए।

सेन्टरमा जिमहलमा १० वटा बाथरुम, ३० जनाले एकैपटक प्रयोग गर्न सक्ने चेन्जिङ, लकर रुम र सुविधासम्पन्न शौचालय छन्। यसैगरी खेलाडीले थेरापी, स्टिम, ट्रेडमिल, इलिप्टिकल, इन्डोर बाइक, पुलडाउन, स्क्वाट स्टेन्ड, फंसनल ट्रेनिङ सिस्टम र एक्सटेन्सनलगायत उपकरणको सुविधा लिन पाउनेछन्। अत्याधुनिक प्रविधिमा खेलाडीको समग्र पक्ष परीक्षण र अनुसन्धान गरी खेलाडीको प्रशिक्षणलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित राखेपले अनुसन्धान केन्द्र स्थापना गरेको सदस्यसचिव घिसिङले बताए।

सेन्टरको प्रविधि अत्याधुनिक

हाई पर्फर्मेन्स सेन्टरमा जडान भएका लगभग सबैजसो प्रविधि विदेशी भएको बायोमेडिकल इन्जिनियर भास्कर रिजालले बताए। सेन्टरमा अहिले १२ प्रकारका यन्त्र जडान छन्। उनका अनुसार ती सबै सामग्री अमेरिका, बेलायत, जर्मनी र दक्षिण कोरियालगायतबाट झिकाइएका हुन्। 'विश्वस्तरीय प्रविधिले नेपाली खेलकुदको स्तर उकास्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास छ,' उनले भने, 'सेन्टरमा जडान गरिएका यन्त्रहरूले खेलाडीमा देखिएको समस्या र कमीकमजोरी पत्ता लगाउन सहयोग गर्छ।' सेन्टरमा अहिले आवश्यक प्रविधि मात्र जडान गरिएको छ। भविष्यमा आवश्यकताअनुसार थप यन्त्र जडान गर्दै अघि बढ्न सकिने उनले बताए।

खेल र खेलाडी व्यावसायिक हुने

प्रधानमन्त्री ओलीले सेन्टरको प्रयोगले खेल र खेलाडी व्यावसायिक हुने बताए। 'सीमित स्रोत र साधनका बाबजुद खेलाडीले प्रगति गर्नुका साथै देशको गौरव कायम गरेका छन्,' ओलीले भने, 'सेन्टरले खेलाडीको खेल गुणस्तरमा परिवर्तन ल्याउनेछ।' उनले दशरथ रंगलाशाको क्षमता कम भएकाले भक्तपुरको सूर्यविनायकमा कम्तीमा २५ देखि ५० हजार दर्शक अट्ने रंगशाला बनाउने योजना रहेको बताए। कीर्तिपुर रंगशालाको क्षमता पनि दोस्रो चरणमा विस्तार गरिने उनले बताए। उनले मिसन २०२६ को तयारी तीव्र गतिमा बढ्नुपर्ने धारणा राखे। पहिलो संस्करणको नेपाल प्रिमियर लिगको छानबिन भइरहे पनि यसको आगामी संस्करणको तयारी रोकिन नहुने र यसको तयारी थाल्न ओलीले निर्देशन दिएका छन्।

देसाई काठमाडौंका मुख्य प्रशिक्षक नियुक्त

काठमाडौं / नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वमुख्य प्रशिक्षक मोन्टी देसाई काठमाडौं गोर्खाजको प्रशिक्षकमा नियुक्त भएका छन्। दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)का लागि फ्रेन्चाइज टोली काठमाडौंले बिहीबार देसाईलाई मुख्य प्रशिक्षकका रूपमा नियुक्त गरेको जनाएको छ। यसअघि पहिलो संस्करणमा काठमाडौंलाई वसन्त शाही ठकुरीले प्रशिक्षण दिएका थिए। पहिलो संस्करणमा काठमाडौं प्लेअफमा पुग्न सकेन। रनरेटका आधारमा काठमाडौं शीर्ष चारमा पुग्न नसकेको हो।



देसाईले नेपाल आफ्नो मनमा विशेष रूपमा रहेको बताएका छन्। त्रिवि क्रिकेट मैदानमा समर्थकलाई भेट्न आफू उत्सुक रहेको देसाईले जनाएका छन्। 'त्रिवि क्रिकेट मैदानमा फेरि एकपटक नेपाली समर्थकलाई भेट्न पाउँदा खुसी लागेको छ,' उनले भनेका छन्। काठमाडौंले दोस्रो संस्करणका लागि मार्की तथा कप्तानमा करण केसीलाई निरन्तर दिएको छ। काठमाडौंले भीम सार्की, रासिद खान, दीपेश कँडेल, शाहब आलम र प्रतीक श्रेष्ठलाई रिटेन गरेको छ।

खेल संक्षेप

राजविराज विजयी

सप्तरी / सातौं सप्तरी प्रिमियर लिगको पहिलो खेलमा राजविराज राजदेवी रोयलले कञ्चनपुर राइनोसलाई ३७ रनले हराएको छ। दोस्रो खेलमा खडक वारियर्सले रूपनी राइडर्सलाई २६ रनले निराश बनायो। पबी मावि क्रिकेट मैदानमा राजविराजले बिहीबार पहिलो ब्याटिङ गरी १५ ओभरमा पाँच विकेट गुमाएर १२० रन बनाएको थियो। कञ्चनपुरले १५ ओभरमा ६ विकेट गुमाई ८३ रन बनायो। दोस्रो खेलमा खडक वारियर्सले सुरुमा ब्याटिङ गरी २० ओभरमा १३७ रन जोडेको थियो।

खेलाडी सम्मानित

काठमाडौं / लुम्बिनी प्रदेश खेलकुद परिषद्ले एसिसी यू-१६ इस्टर्न जोन कपको च्याम्पियन खेलाडी शुभम खनाल र रौनक श्रीवास्तवसँगै सहायक प्रशिक्षक पुरणसिंह खत्रीलाई नगदसहित सम्मान गरेको छ। खेलाडीलाई जनही एक लाख र सहायक प्रशिक्षकलाई ५० हजार रुपैयाँ प्रदान गरिएको थियो। प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तिरनराज गौतमले खेलाडीले प्रदेशको गौरव बढाएको बताए। 'यू-१६ इस्टर्न जोन कपको विजेता खेलाडीले हाम्रो क्षेत्रकै गौरव बढाएका छन्,' गौतमले भने, 'भविष्यमा यस्तै सफलताको आशा गर्छौं।'

श्रेष्ठ यू-१७ महिला टोलीको मुख्य प्रशिक्षक

काठमाडौं / अखिल नेपाल फुटबल संघ (एन्फा)ले २० अगस्टदेखि भुटानमा हुने सातौं साफ यू-१७ महिला च्याम्पियनसिपका लागि चेतनारायण श्रेष्ठलाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ। एन्फा मुख्यालयमा महासचिव किरण राईले श्रेष्ठलाई नियुक्तिपत्र हस्तान्तरण गरेका छन्। श्रेष्ठले गत जेठमा सम्पन्न सहिद स्मारक 'बी' डिभिजन लिगमा नयाँ बस्ती युवा क्लबको नेतृत्व सम्हालेका थिए। नयाँ बस्ती अंकतालिकाको पुछारमा रहँदै तेस्रो डिभिजनमा घटुवा भएको थियो।

नेपालले फिफा वरीयतामा गुमायो एक स्थान

दक्षिण एसियामा श्रीलंकाबाहेक अन्य सबै राष्ट्रले वरीयता गुमाएका छन्



नयाँ पत्रिका

नेपाली पुरुष फुटबल टोलीले फिफा वरीयतामा एक स्थान गुमाएको छ। फिफाले बिहीबार सार्वजनिक गरेको वरीयतामा नेपाल १७६औँ स्थानमा रहेको छ। यसअघि नेपाल १७५औँ स्थानमा थियो। नेपालले गत जुनमा हङकङसँगको मैत्रीपूर्ण खेलमा गोलरहित बराबरी खेलेको थियो। त्यस्तै, जुनमै एएफसी एसियन कप छनोटअन्तर्गत लाओससँगको खेलमा २-१ ले पराजित भएको थियो। नेपाल पहिलोपटक लाओससँग हारेको थियो। दक्षिण एसियामा श्रीलंकाबाहेक अन्य सबै राष्ट्रले वरीयता गुमाएका छन्। भारतले एकैपटक ६ स्थान गुमाएको छ। भारत १३३औँ स्थानमा पुगेको छ। सात स्थान गुमाएको माल्दिभ्स १७१औँ स्थानमा छ।

नेपालभन्दा पछि रहेको बंगलादेश १८४औँ स्थानमा पुगेको छ। बंगलादेशले एक स्थान गुमाएका छ। भुटान चार स्थान तल झरेर १८६औँ स्थानमा पुगेको छ। श्रीलंकाले भने चार स्थान सुधार गरेको छ। श्रीलंका १९६औँ स्थानमा पुगेको छ। श्रीलंकाले पछिल्लो समय वरीयतामा आफूभन्दा माथिल्लो स्थानमा रहेको चाइनिज ताइपेईलाई ३-१ ले पराजित गरेको थियो। मैत्रीपूर्ण खेलमा ब्रुनाईमाथि १-० को कठिन जित हात पारेको थियो।

दक्षिण एसियामा सबैभन्दा पुछारमा रहेको राष्ट्र पाकिस्तान हो। पाकिस्तानले तीन स्थान गुमाउँदा २०१औँ स्थानमा रह्यो। एसियन कप छनोटमा नेपाललाई हराएको लाओसले पाँच स्थान सुधार गरेको छ। लाओस नयाँ वरीयताअनुसार १८५औँ स्थानमा छ। विश्व च्याम्पियन अर्जेन्टिना फिफा वरीयताको शीर्ष स्थानमै छ। एसियामा जापानले दुई स्थान गुमाउँदा समग्रमा विश्व वरीयतामा १७औँ स्थानमा छ। स्पेन दोस्रोमा, फ्रान्स तेस्रोमा, इंग्ल्यान्ड चौथो र ब्राजिल पाँचौं स्थानमा यथावत् छन्।

म्याड्रिडलाई हराउँदै पिएसजी क्लब विश्वकपको फाइनलमा

एजेन्सी



पेरिस सेन्ट जर्मेन (पिएएसजी)ले सर्वाधिक चारपटकको विजेता रियल म्याड्रिडमाथि ४-० को सानदार जित निकाली फिफा क्लब विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा स्थान सुरक्षित गरेको छ। अब पिएसजीले उपाधि भिडन्तमा आगामी आइतबार इंग्लिस क्लब चेल्सीको सामना गर्नेछ। उत्कृष्ट फर्ममा रहेको पिएसजीले युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको उपाधि हात पारिसकेको छ। अब पिएसजीको नजर क्लब विश्वकप हुनेछ। स्पेनिस क्लब रियलविरुद्ध बिहीबार सानदार जित दिलाउन क्रममा पिएसजीका फेबियन रुइजले दुई गोल गरे। ओसमाने डेम्बेले र गोन्सालो रामोसले सामान एक गोल गरे।

रुइजले खेलको छैटौं मिनेटमा पिएसजीलाई १-० को अग्रता दिलाए। खेलको नवौं मिनेटमा डेम्बेलेले २-० को अग्रता दिलाए। पहिलो हाफमा पिएसजीविरुद्ध रियलको कमजोर प्रदर्शन रह्यो।

रक्षापंक्तिदेखि फिनिसिङसम्म रियलले कुनै पनि समय सुधार गर्न सकेन। रियलको कमजोर डिफेन्सको फाइदा उठाउँदै पिएसजीले मध्यान्तरअघि नै ३-० को अग्रता बनायो। पिएसजीलाई तेस्रो गोल रुइजले गरेका थिए। तुलनात्मक रूपमा रियलले दोस्रो हाफमा खेलमा सुधार गरेको थियो, तर गोल फर्काउन भने सकेन। खेलको ८७औँ मिनेटमा रामोसले पिएसजीको जित ४-० ले पक्का पारे।

लयमा फ्रेन्च क्लब

यतिबेला फ्रेन्च क्लब पिएसजीलाई हराउन कठिन देखिएको छ। फ्रेन्च लिग वानदेखि युरोपियन च्याम्पियन्स ट्रफी विजेता हुँदासम्म पिएसजीले एकरूपले प्रदर्शन गरेको छ। अझ युरोपकै सर्वाधिक कठिन मानिने च्याम्पियन्स लिग उपाधि पिएसजीले सहजै जित्यो। प्रतियोगिताको फाइनलमा उसले सिरी ए क्लब इन्टरमिलानमाथि ५-० को सानदार जित निकालेको थियो। च्याम्पियन्स लिगको फाइनलमा उपाधि विजेताले पाँच गोलअन्तरले जित हात पारेको यो नै पहिलोपटक थियो। प्रशिक्षक लुइस एन्रिकको प्रशिक्षणमा रहेको पिएसजीले च्याम्पियन्स लिगमा एट्लेटिको म्याड्रिडलाई ४-० र बायर्न म्युनिखविरुद्ध २-० को जित निकालेको थियो। फ्रेन्च टोलीको पछिल्लो सिकार रियल म्याड्रिड बन्यो।

Bagmati Rural Municipality
Office of the Rural Municipal Executive
Jhurjhure, Makwanpur
Bagmati Province, Nepal

Notice for Financial Proposal Opening

Date of Publication: 2082/03/27 B.S.

Pursuant to Rule 31, Sub rule 5 & 6 of Public Procurement Regulation 2064, this is hereby notified to all the concerned bidders for the bid, published on **2082/01/30** in **Naya Patrika National Daily Newspaper**, the list of successful and eligible bidders for financial proposal have been listed below.

Contract ID number	Description of Particulars	Name of the Bidder's	Remarks
BRM/NCB/TEND/010/2081/082	Construction, Installation, Testing and Commissioning of 100 TPH Crushing Plant at Bagmati, Makwanpur	1. Batas Tractors Pvt. Ltd., Gairidhara, Kathmandu 2. Marsyangdi-Applied J/V, Kathmandu	

All qualified bidders in technical evaluation are therefore notified to send their authorized representative for financial bid opening on **2082/04/09** at **12:00 PM** at **Bagmati Rural Municipality Office, Jhurjhure Makwanpur**. For further details, kindly contact or visit to office or PPMO e-GP system **http:/www.bolpatra.gov.np/egp**.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com